# कपिलबस्तु क्षेत्रका थारु समुदायको साँस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय नेपाली इतिहास,
संस्कृति तथा पुरातत्व विषय अन्तर्गत स्नातकोत्तर तह द्वितिय वर्षको .
पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत

## शोधपत्र

**प्रस्तोता**

**रेशम शर्मा**

परिक्षा रो.नं. : ९६२००३७

त्रि.वि.दर्ता नं. :९-१—२१-४७०-२००४

**२०७५**

# शोध निर्देशकको सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत "कपिलबस्तु क्षेत्रका थारु समुदायको साँस्कृतिक अध्ययन"श्री रेशम शर्माले स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नकालागि उक्त विषयमा शोधपत्र मेरो निर्देशनमारहि तयार गर्नु भएको छ। उक्त शोधपत्र त्रिभुवन विश्वविद्यालयको आवश्यक ढाँचा अनुसारनै प्रस्तुत गर्नु भएको छ । प्रस्तुत शोधपत्रको परीक्षण एवं मूल्यांङ्कनका लागि सिफारिश गर्दछु ।

..................................

उप-प्रा.डा.सन्ध्या खनाल (पराजुली)

(शोध निर्देशक)

त्रिभुवन विश्वविद्यालय

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व
केन्द्रिय विभाग

कीर्तिपुर, काठमाडौं।

मितिः२०७६/४/

त्रिभुवन विश्वविद्यालय

नेपाली इतिहास,संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

कीर्तिपुर, काठमाण्डौ

## विभागीय स्वीकृति पत्र

त्रिभुवन विश्वविद्याल मानविकी तथा सामाजिक शास्त्र संकाय नेपाली इतिहास,संस्कृति तथा पुरातत्व विषय अन्तर्गत स्नातकोत्तर तह द्धितिय वर्ष को५४०को उद्देश्य पुरा गर्न रेशम शर्माले (कपिलवस्तु क्षेत्रका थारु समुदायकोसाँस्कृतिक अध्ययन् ) विषयमा तयार पार्नुभएको शोध पत्र स्नातकोतर उपाधीकोलागी उपयुतठहरिएको ले स्विकृती प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

**हस्ताक्षर**

**कम सं नाम**

१ . डा. मदन कुमार रिमाल (विभागिय प्रमुख.)...................

२. प्रा .डा.पेशल दाहाल (शोध विशेषज्ञ. ) ....................

३ .उप प्रा.डा.सन्ध्याखनाल (पराजुली )..शोध निर्देशक .................

मिति २०७६/४/

# कृतज्ञताज्ञापन

प्रस्तुत शोध अध्ययन् त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय नेपाली इतिहास,संस्कृति तथा पुरातत्व केन्द्रिय विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितिय वर्षको ५४०, पाठ्यांशको उद्देय पुरागर्ने प्रयोजनको लागि प्रस्तुत गरेको छु ।मैले यस शोधपत्र तयार गर्दा शोध निर्देशक उप.प्रा.डा.सन्ध्या खनाल (पराजुली) को प्रत्यक्ष निर्देशनमा रहि तयार पारेको छु ।

यस शोधपत्र मूख्यगरी कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालीका वडा नं ९को हरनामपुर गाँउका थारु जातीका मानिसहरुका समूदायको साँस्कृतिक अध्ययन गर्ने विषय संग सम्वन्धित रहेको छ ।

यो शोधपत्र तयार गर्ने क्रममा सर्वप्रथम अत्यन्त महत्वपूर्ण समय दिएर आवश्यक मार्गनिर्देशन, सुझाव सल्लाह दिने यस विभागका आदणीय गुरू उप-प्रा. डा.सन्ध्या खनाल पराजुली)को योगदान अतुलनीय छ । यसैगरि यसै क्याम्पसका गुरु हरु साथै कर्मचारी प्रति पनि आभारी छु । त्यस्तै शोधप्रस्तावदेखि शोधपत्र तयार गर्दासम्म निरन्तर सहयोग गर्नु हुने मेरा सहयोगी मित्रहरुप्रती हार्दिक कृतज्ञ छु । शोपत्रका लागि सोधिएका प्रश्नको उत्तर दिएर मलाई सहयोग पुऱ्याउनु हुने सम्बन्धित सबैलाई यहाँ स्मरण गर्न चाहान्छु र धन्यबाद दिन चाहन्छु ।

- रेशम शर्मा, २०७६

# विषय सूची

पेज

नं.

शोधनिर्देशको सिफारिस

विभागिय स्वीकृति पत्र

धन्यवाद् ज्ञापन

विषय सूची

**अध्याय एक**

**परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्या कथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ पूर्वसाहित्य समिक्षा ३

१.५ अध्ययनको औचित्य र महत्त्व ६

१.६. अध्ययन विधि ७

१.७ अध्ययनको सीमाङ्कन ९

१.८ अध्ययनको रूपरेखा ९

**अध्याय दुई**

**अध्ययन क्षेत्रको परिचय**

२.१ कपिलवस्तु जिल्लाको भौगोकि रुपमा संक्षित्त परिचय १०

२.२ कपिलवस्तु जिल्लाको ऐतिहासिक पृष्ठभूमि ११

२.३ जातीय वसोवासको अवस्था १३

२.४कपिलवस्तु नगरपालीका  वार्ड न. ९ को परिचय १४

## अध्याय तीन

## थारू जातिको परिचय


३.१ थारू जातिको ऐतिहासिकता १७

३.२ कपिलवस्तु जिल्लाका हनापुरका थारूहरू १९

३.४ थारूका थरहरू २२

३.५ शारिरीक बनोट २२


## चौथो अध्याय

## कपिलवस्तुका थारूहरूको अमूर्त संस्कृतिको अध्ययन


४.१ थारु जातिका प्रचलित संस्कारहरु २३

४.१.१ जन्म संस्कार २५

४.१.२ घटवा करैना २५

४.१.३ मुण्डन संस्कार २६

४.१.४ भ्वाज (विवाह) संस्कार २६

४.१.५ साटो विवाह २८

४.१.६ मृत्यु संस्कार ३२

४.२ थारुहरुले मनाउने चाडपर्वहरु ३४

४.२.१ चाडपर्व ३४

४.२.२ माघी अर्थात माघे वा मकर संक्रान्ति ३३

४.२.३ अष्टिम्कि (कृष्ण जन्माष्टमी) ३६

४.२.४ अट्वारी (अत्वारी) ३७

४.२.५ बड्या दश्या (दशैं) दशाहरा ३८

४.२.६ तिहार ४२

४.२.७ रामनवमी ४२

४.२.८ थारु सस्कृतिमा गरिने नाँचगान ४३

४.३ थारूहरूले पुज्ने देवी देवताहरू ४४


## अध्याय पाँच

## थारु जातीको मूर्त संस्कृतिको अध्ययन


५.१ गाउँवस्ती परिवार ४५

५.२ पहिरन ४८

५.३ खानपिन ४९
५.४ घरेलु उद्योग ५०
५.५ पेशा ५०
५.५.१ समाज ४९
५.५.२ घरको वनावट ५१
५.५.३ आभुषण ५१
५.५.४ कला ५१
५.५.५ वाजाहरु

**अध्याय छ**

**समाज र संस्कृतिमा आएका थारुजातीको केही परिवर्तन**

६.१ बसाँई सराइ ५२
६.२ अन्तरजातीय सम्बन्ध ५२
६.३ शिक्षा तथा चेतना ५३
६.४ सरकारी नीतिमा परिवर्तन ५३
६.५ राजनीतिक पविर्तन ५५
६.६ यातायात, संचारको विकास ५५
६.७ द्वन्द्वको प्रभाव ५६

**अध्याय सात**

**सारांश तथा निष्कर्ष**

७.१ सारांश ६२
७.२ निष्कर्ष ६२

**परिशिष्ट**

**सन्दर्भसामग्री**

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोध अध्ययन् त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय नेपाली इतिहास,संस्कृति तथा पुरातत्व केन्द्रिय विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितिय वर्षको ५४०, पाठ्यांशको उद्देश्य पुरागर्ने प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

यस शोधपत्र मूख्यगरी कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालीका वडा नं ९को हरनामपुर गाँउका थारु जातीका र थारु समूदायको साँस्कृतिक अध्ययन गर्ने विषय संग सम्वन्धित रहेको छ ।

यस शोध अनुसन्धान गर्नुको मूख्य उद्देश्य विशेषगरी हरनामपुर गाँउका थारु जातीको साँस्कृतिक अध्ययन् र अनुसन्धान नगरिएको हुनाले यस विषयलाइ मूख्य अध्ययनको विषय वनाइएको हो । नेपालमा वसोवास गर्ने अनेक जातीमध्य थारूजाती पूर्व मेची देखि पश्चिम महाकाली सम्म वसोवास गरेका छन् । विशेषगरी तराइको भू-भाग र भित्री मधेस सम्मको भू-भागमा थारू जाती वसोवास गरेका पाइन्छ । यस वाहेक अन्य ठाउमा वसोवास गरेका थारूहरूलाई विभिन्न थरले पनि वोलाउने प्रचलन छ । यिनीहरूलाई भोजपूरी मैथली, गरी विभिन्न भाषिक आधारमा पनि विभाजन गरिएको पाइन्छ । पूर्वी तराइका थारू र पश्चिम तराइका थारूका भाषामा भने केहि भिन्नता रहेको पाइन्छ । थारूहरूलाई नेपालको तराइका आदीवासी भूमीपूत्रका रूपमा लिइन्छ तर आज उनीहरू जुन स्थानमा वसोवास गरेका छन् । त्यस स्थानकाभाषामा केहि अपभ्रंस भइ आफनै ढंगले वोल्ने गरीन्छ । यी जातीको आफैमा भाषागत विविधता रहेको हुँदा एक ठाँउका थारूहरू अर्का ठाँउमा जादा अप्ठ्यारो परेको अवस्था भने रहन्छ । थारूहरूलाइ साँस्कृतिक रूपमा मोरङ, कोचिला दगांहा, राना गरी विभिन्न भागअनुसार विभाजन गरिएको पाइन्छ । त्यसैले कुनै खास ठाँउमा, क्षेत्रमा वसोवास गर्ने ठाँउको आधारमा पनि विभाजन गरेको पाइन्छ । जस्तै मोरङ्गमा वस्नेलाइ ( मोरङ्गीया),चितवनमा वस्नेलाइ (चितौनिया), दाङ्गमा वस्नेलाइ दगौरा वा दंगाली आदी भन्ने गरेको पाइन्छ ।

यस शोध अनुसन्धानमा कपिलवस्तु जिल्लाको हरनामपुर गााउका थारु जाती , समूदायका रितिरिवाज ,लवाइ ,खवाइ ,भाषा,पेसा व्यवसाय ,तिनका कला संस्कृति धर्म संस्कार जस्ता विषयको खोजी गर्नु नै मूख्य उदेश्य रहेको छ ।त्यसैरी यसशोधपत्रमा थारु जातीको मूर्त संस्कृती र अमूर्त संस्कृती को वारेमा पनि अध्यन अनुसन्धान गरिएको छ ।

यस शोधपत्रमा कपिलवस्तु जिल्लाका थारू भाषाका मानिसहरूको जीवन पद्दति, रहन सहन र त्यससंग सम्वन्धित विषयवस्तुलाइ आधार मानेर तयार गरिएको छ । यस शोधपत्रमा थारू जातीसंग सम्वन्धीत समस्याका समाधानका उपायहरू कस्ता कस्ता छन् ।भन्ने कुराको राम्रोसँग खोज, अनुसंन्धान र विश्लेषण गर्नु रहेको छ । यो अध्ययन खासगरी कपिलवस्तु जिल्लाका साविकको निग्लिहवा गा.वि.स.मा र त्यसको वरिपरि रहेका केही गाँउका थारू मानिसलाई नमुना छनौटगरि त्यसका आधारमा यो अध्ययन गरिएको छ ।थारु समुदायका गाँउ वस्ती ,परिवार खानपिन, पहिरन,घरेलु उद्योग,वसाँइ सराइ रसमाजमाआएका परिवर्तन शिक्षा तथा चेतना,देवी देवता,पर्वहरु लगायतका विषयमा अनुसन्धान गरिएको छ ।

## १.२ समस्या कथन

कुनै पनि विषयको बारेमा अध्ययन अनुसन्धान गर्दा निश्चित समस्यामा आधारित रहेर गर्ने गरिन्छ । शोधको विषयवस्तुलाई नै शोधको समस्याको रूपमा लिने गरिन्छ । यसरी गरिने शोध कार्यको पनि निश्चित विषयवस्तु हुने गर्दछ । उक्त विषयवस्तुलाई नै शोध कार्यको समस्याको रूपमा लिइएको समस्याको आधारमानै समाधानका उपायहरू आउने भएको हुनाले थारू जातीसंग सम्वन्धीत विविध विषयलाइ नै यस शोध पत्रको समस्याको रूपमा लिइएको छ । जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

क) कपिलवस्तु जिल्लाको हरनामपुर गाँउका थारूहरूको ऐतिहासिकताको खोजी नहुनु ।

ख) यहाँका थारूहरूको मूर्त संस्कृतिको र अमुर्त संस्कृतिको वारेमा खोजी नहुनु,

ग) थारू जातीको वर्तमानमा आएको साँस्कृतिक र अन्य परिवर्तनको खोजी नहुनु ।

## १.३ अध्ययनको उद्देश्य

माथी उल्लेखित अनुसंन्धानका समस्यालाई सम्वोधन गर्न तयार पारिएको यस शोधका उद्देश्यहरू निम्न वुँदाहरूमा उल्लेख गरिएको छ :

क) कपिलवस्तु नगरपालिका वाड नं. ९ का थारूहरूको जनजीवन, साँस्कृतिक पक्षको वारेमा विस्तृत रूपमा प्रकाशमा ल्याउनु ।

ख) कपिलवस्तुमा रहेका थारूहरूको अमूर्त र मूर्त संस्कृतिको वारेमा खोजी गर्नु ।

ग) यहाँका थारूहरूको वर्तमानमा आएको परिवर्तित संस्कृतिको वारेमा खोजी गर्नु ।

## १.४ पूर्वसाहित्य समिक्षा

कुनै पनि अध्ययन अनुसन्धानको लागि सम्बन्धित विषयमा के कस्ता पूर्वकार्यहरू भएका छन् । ती कार्यहरू कसरी सम्पन्न भएका छन् । ती पूर्वकार्यहरूको उपलब्धि के कस्ता छन् भन्ने कुराको राम्रोसँग जानकारी लिन आवश्यक हुन्छ र अर्कोतर्फ अनुसंन्धानको विषय र शीर्षकहरू पुनावृत्ति हुनबाट जोगिन सकिन्छ । खासगरी विगतका अनुभव नै वर्तमानका प्रेरणाका स्रोतको रूपमा रहन सक्छ ।

नगेन्द्र शर्माद्वारा लिखित ***नेपाली जनजीवन,*** ललितपुर : साझा प्रकाशन, २०३२ नामक पुस्तकमा नेपालका प्रायः सबै प्रमुख जनजातीहरूको बारेमा उल्लेख गरिएको छ । यसै पुस्तकमा थारूहरूको बारेमा पनि संक्षिप्त रूपमा बयान गरिएको छ । खासगरी थारूहरूको वासस्थान, उत्पत्ति, संस्कृति, रहनसहन, परम्परा आदिको बारेमा जानकारी दिइएको छ । यसमा थारूहरूको संस्कारको बारेमा संक्षिप्त जानकारी दिइए तापनि थारूहरूले मनाउने विभिन्न चाढपर्वहरूको बारेमा भने केही उल्लेख गरिएको छैन ।

जगमान गुरूङ्गद्वारा लिखित ***थारू शब्दको अर्थ,*** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित हुने त्रैमासिक प्रत्रिका प्रज्ञाको वर्ष १०, अंक ३ मा, २०३८ मा छापिएको छ । यो लेखमा लेखकले थारू शब्दको अर्थ भन्ने शीर्षक दिए पनि यस बाहेक थारू सम्बन्धी अन्य विषयलाई पनि समावेश गरेका छन् । अर्थात यहाँ थारूको आदिम बसोवास स्थल हिमालय प्रान्त भएको र कृषियोग्य भूमि एवं न्यानो ठाउँको खोजीमा यिनका पूर्वजहरू मधेसमा आएर

बसेका हुन् । थारू संस्कृति र शारीरिक संरचनाका आधारमा मगरसँग र रहनसहन, भेषभुषाका आधारमा ज्यापुसँग यिनीहरूको समानता भएको तर्क अघि सारेका छन् । यस लेखमा अन्य लेखकहरूले थारूहरूको आदिस्थल, प्रजाति, थारू शब्दको अर्थ सम्बन्धमा दिएका मतहरूको पनि संक्षेपमा उल्लेख गर्नुभएको छ । यस लेखको महत्व थारू शब्दको उत्पत्ति सम्बन्धमा नयाँ मत दिनुमा रहेको छ ।

दोणप्रसाद रजौरद्धारा लिखित ***थारू जतिको अध्ययन,*** विषयक लेख पिछडिएका जातिहरूको सामाजिक, आर्थिक अध्ययन नामक पुस्तकको एउटा खण्ड हो । यस पुस्तकको सम्पादन डिल्लीराम दाहाले र नेपाल र एशियाली अनुसन्धान केन्द्र कीर्तिपुरले वि.सं. २०५६ सालमा प्रकाशनमा ल्याएको हो । यो पुस्तकमा एकै किसिमको अध्ययन विधि अपनाएर आर्थिक तथा सामाजिक दृष्टिले एकदमै पिछडिएका नेपाालका पाँचवटा जातिहरू धिमाल, कुमाल, बोटे, थारू र भाडका बारेमा सामाजिक, सास्कृतिक स्थिति तथा जातिय इतिहास केलाउने प्रयास गरिएको छ । यस लेखमा थारूहरूको ऐतिहासिक पक्ष बाहेक अरू सबै स्थलगत अध्ययनमा आधारित देखिन्छ ।

जनकाल शर्माद्धारा लिखित***हाम्रो समाज एक अध्ययन,*** ललितपुर : साझा प्रकाशन, (ते.सं.), २०५८ पुस्तकमा एउटा छुट्टै अध्याय ***नेपालका थारूहरू*** पृ.३५७ मा थारू विषयमा लेखिएको छ । यस पुस्तकमा लेखकले थारूहरूलाई नेपालको तराईको आदिवासी तथा शाक्य वंशको उत्तराधिकारीको  रूपमा प्रस्तुत गरेका छन् । त्यसैगरी थारू जाति बौद्ध धर्मको स्थविर शाखाबाट विकृत भएर थारू हुन सक्ने आफ्नो मत दिएका छन् । लेखकले यस पुस्तकमा थारूहरूको धर्म, पेशा, व्यवसाय, संस्कार, शारीरिक बनोट, भेषभुषा, गरगहना, कला आदिको बारेमा संक्षिप्त  रूपमा उल्लेख गरेका छन् । यस पुस्तकमा लेखकले कुनै ठाउँ विशेष तथा थर विशेषको थारू जातिको अध्ययनमा सिमित नभई समग्र थारूहरूको बारेमा अध्ययन गरेका छन् । त्यसैले यस लेखकमा दगौरा थारूहरूसँग कति कुराहरू मेल नखाने पनि हुनसक्छ, जुन प्रस्तावित अध्ययनले प्रकाश पार्ने जमर्को गरेको छ।

डा.मेदिनीप्रसाद शर्माद्धारालिखित***थारू जाति एक अध्ययन,*** विराटनगर पुर्वाञ्चल साहित्यिक प्रतिष्ठान, (दो.सं.), २०६०, पुस्तकमा थारू जातिको समग्र पक्षलाई समेट्ने प्रयास गरिएको छ । यसमा थारूहरूको विविध पक्षको बारेमा जस्तै : उनीहरूको उत्पत्ति,

वर्गीकरण, भाषा, शिक्षा, साहित्य, विभिन्न संस्कार, रहनसहन, थारू नारीहरूको अवस्था, उनीहरूले मनाउने चाडपर्व आदिको बारेमा उल्लेख गरिएको छ । यस पुस्तकमा लेखकले अरूको विचार जस्ताको तस्तै उदृत गरेको र आफ्नो तर्कहरू धारणालाई वा लेखलाई लेखकले आफ्नो भाषामा प्रस्तुत नगरेकोले कतिपय विषयवस्तु अस्पष्ट हुनुको साथै भाषाशैलीमा भिन्नता देखिएको छ । त्यसैले यस पुस्तक थारू सम्बन्धी सूचनाको पोको भएर पनि विश्लेषणको अभाव खट्किएको हुन्छ ।

हरिराम जोशीद्धारा लिखित ***नेपालका चाडपर्व,*** काठमाडौं : जोशी रिसर्च इन्स्टिच्युटका निमित्त, ई.शुशिलराम जोशी (प.सं.), २०६० नाममा पुस्तकमा नेपालका विभिन्न जनजातिले मनाउने विभिन्न चाडपर्वहरूको बारेमा उल्लेख गरिएको छ । यसमा थारूहरूले मनाउने प्रमुख चाडहरू मध्ये माघी र फगुवा चाडको बारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ । तर यस थारूहरूले मनाउने अन्य चाडपर्वहरूको बारेमा भने खासै उल्लेख भएको पाइदैन ।

डोरवहादुर विष्टद्धारा लिखित ***सबैजातको फूलबारी,*** ललितपुर : साझा प्रकाशन, ( सा.सं.) २०६३, नामक पुस्तकमा थारूहरूको बारेमा हामी थारू शीर्षकमा थारूहरूको जनजीवनको विभिन्न पक्षहरू जस्तै : पेशा, वर्ग, थर, विभिन्न संस्कारहरू जस्तै : विवाह, मृत्यु, धर्म आदिबारे उल्लेख गरिएको छ ।थारू जातीका रहन सहन संस्कृती लाइ वाहिर ल्याउने प्रयास भएको देखिन्छ तर सामाजीक संस्कारलाइ अझ विस्तार भएको भए राम्रो हुनेथियो ।

महेश चौधरीद्धारा लिखित***नेपालको तराई तथा यसका भूमिपुत्रहरू"***दाङ्ग : शान्ति चौधरी, ग्रामिण महिला विकास समाज (प.सं.) २०६४, नामक पुस्तकमा थारूहरूलाई तराईका भूमिपुत्र भनेर प्रस्तुत गर्न खोजिएको छ । तर यसमा अरू जातिहरू जस्तै : धिमाल जाति, राजी, सतार, दनुवार, झाँगड आदिको बारेमा संक्षिप्त परिचय दिइएको छ । यसमा सबै थारूहरूलाई समेट्न खोजिएको छ । नेपाल एकीकरण पूर्व र एकीकरण पश्चात थारूहरूको अवस्थाबारे वर्णन गरिएको छ । तर यस पुस्तकसमा थारूहरूको चाडपर्व र संस्कारको बारेमा स्पष्ट पारिएको छैन । यस पुस्तकको तेस्रो अध्यायमा थारू सम्बन्धी संक्षिप्त रूपमा विवरण प्रस्तुत गरिएको छ ।

प्रा.डा.गोपाल शिवाकोटी द्वारा लिखित *थारू जाती,* पैरवी प्रकाशन २०७४, नामक पुस्तकमा नेपालका थारू जात जाती को वारेमा लेखिएको छ ।नेपालमा वसोवास गर्ने थारू र त्यस जातीको रहन सहन, रितिरिवाज, खानपिन, लवाइ खवाइ, जस्ता विषयको वारेमा लेखिएको छ । यस पुस्तकमा मूख्यतयाः नेपालमा वसोवास गर्ने आदिवासी थारूको नै वर्णन गरिएको छ । थारू जातीका विविध विषयमा चर्चा गरिएको छ ।

फनिराम थारुद्धारा लिखित ***थारु लोक सस्कृति र चाडवाड,*** नेपाल प्रज्ञा प्रतिष्ठानद्धारा लिखित पुस्तकमा थारु जातिले मनाउने चाडवाड, चाडपर्व, थारुका गीत र सस्कृतिको बारेमा उल्लेख गरेका छन् । नेपालका थारु जाति, पूर्व मेची देखि पश्चिम महाकाली सम्म फैलिएका छन् । तराई, भित्रीमधेसमा समेत थारुको बसोवास रहेको छ । तर प्राय पूर्वी थारुहरु सँग मिल्ने विषयवस्तु यस पुस्तकमा भएको र पश्चिम नेपालका थारुको बारेमा उल्लेखनिय तरिकाबाट लेखिएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

नेपाल एक बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक भएको राष्ट्र हो । यहाँ थुप्रै भाषाभाषी, जातजाती मानिसहरूको बसोवास रहेको छ । २०६८ सालको जनगणना अनुसार नेपालमा १२३ भाषी मानिसहरू बसोवास गर्ने गर्छन । जसमा थारू भाषी मानिसहरू पनि प्राय नेपालको तराइ भागमा वसोवास गरेको पाइएको छ ।

मानिसले जन्म देखि मृत्यू सम्म आफ्नो जीवन चक्रमा विभिन्न प्रकारका रहन सहन, परम्परा चाडपर्व र संस्कारलाइ अगालेको पाइन्छ। र त्यहि पद्दती अनुसार जीवन निर्वाह गरेको पाइन्छ । नेपालमा पुर्व मेची देखि पश्चिम महाकाली सम्मको तराइ भाग मा थारू जातीको वसोवास रहेको पाइन्छ । यसै सन्दर्भमा क.व. जिल्लाका थारूहरूले आदीवासीको रूपमा वसोवास गरेको पाइन्छ ।

तथापी देशका विभिन्न जिल्लामा वसोवास गर्दै आएका थारूहरूमा साँस्कृतिक रूपमा एकता पाइदैन । थारूहरूको यहि विविधताको कारणले गर्दा विधिन्न मानव शास्त्रीहरूको लागी एउटा खोजको विषय वन्दै आएको छ ।तसर्थ प्रस्तावित यस अध्यन कपिलवस्तु जिल्लाका

कपिलवस्तु नगरपालीका..को हरनामपुर, को गाँउमा मुख्य अनुसन्धान स्थलको रूपमा रहनेछ । यहाका थारूहरूको मुख्य पेशा रहनसहन चाडपर्व कसरी मनाउछन, संस्कारहरू कस्तो रहेकाछन भन्ने विषय महत्वपूर्ण भएको हुनाले यसमा अनुसन्धान गर्न जरूरी छ । यस क्षेत्र विकाशको हिसावले ठिकै भएपनि यहाँका थारूहरूले आफ्नै प्रकारका चाडपर्वहरू मनाउदै आएका छन । यी जातीले हालसम्मपनि आफ्ना कला संस्कृतिको केहि हद सम्म भएपनि संरक्षण गरेको पाइन्छ । तसर्थ यस अध्यनले यसक्षेत्रका थारूहरूको विषयमा राम्रो कुराहरू प्रकाशमा आएका छन् ।

## १.६. अध्ययन विधि

हरनामपुर गाँउका थारू जाती को भेष भुषा, रहन सहन र संस्कृतिको वारेमा अध्यन गर्नको लागी विभिन्न किसिमका अध्यन विधि रहन्छन र त्यस अनुसारको अध्ययन विधिको लागी विभिन्न श्रोतहरू अवलम्बन गरिएको हुन्छ र ती सामग्रीको प्रयोग अनुसार भएको अध्यन नै अध्यन विधि हो । यहाँ विभिन्न किसिमकाश्रोत हरुवाट आवश्यक तथ्य संकलन गरिएको छ ।

**प्राथमिक स्रोत** :

- स्थलगत अवलोकन

यस शोध अध्यन गर्दाखेरी हरनामपुरगाँउ र त्यस वरपरका गाँउमा गएर तहाँको सवै वस्तु स्थिती हेरी फोटो खिची अध्यन गरीएको छ ।

- फोटो ग्राफी
- साँस्कृतिक परम्पराको अवलोकन
- अन्तवार्ता

  अन्तवार्तको क्रममा हरनामपुर गाँउ र वरपरका गाँउका करीव १५ जना जानकार मानिसहरु संग अन्तवार्ता लिइएको छ ।र तिनिहरुको भनाइको आधारमा तथ्य संकलन गरिएको छ ।र अन्तवार्ता लिइएका मानिसहरुको नामावली समेत राखिएको छ ।

**<u>द्वितीयक स्रोत</u> :**

- लेख, रचना पत्र पत्रिका को अध्ययन
- थारू सम्वन्धी पुस्तक को अध्ययन :

यसमा शोधपत्रमा कपिलवस्तु जिल्लाका क.व. न. पा.का वार्ड नं ९ मा रहेका थारू समुदायका मानिसलाइ प्रतिनिधि पात्रको रूपमा लिइएको छ । र शोधकर्ता स्वयम् उक्त जिल्लाको भएको हुँदा अधययन अनुसन्धानको  लागि प्राथमिक स्रोतलाइ बढी महत्व दिइएको छ ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा प्राथमिक श्रोत र द्वितीय श्रोतको रूपमा अध्ययन गरिएको छ । यसको अध्यन क्षेत्र कपिलवस्तु जिल्लाको क.व.न.पा.वार्ड नं. ९ मा रहेका हरनामपुर गाँउ र त्यस वरिपरिका गाउमा रहेका  जानकार व्यात्कीहरुलाइ प्रश्नहरु सोधी प्रश्नकै माध्यम वाट पनि  सामग्री संकलन गरिएको छ ।

माथि उल्लेखित तथ्याङ्कलाई विश्लेषण गरी निष्कर्ष निकालिएको छ । तथ्या्कको विश्लेषणका लागि सैद्धान्तिक आधार, विभिन्न शिक्षाविदहरूका कृति, लेखरचना, समसामयिक पत्रपत्रिका तथा पुस्तकालय विधिको प्रयोग विभिन्न शोधपत्रहरूको समेत अध्ययन गरी सङ्कलित सामग्रीको अध्यन  गरिएको छ।  तथ्या<sup>a</sup>\S संकलन गर्दा प्राथमिक श्रोत र द्धितीय श्रोतको प्रयोग गरिएको छ। यसो गर्दा सामान्य  कुरापनि वुझ्न सकिन्छ। सामग्रीको अध्यन, विश्लेषण गर्ने प्रविधिको उपयोग गरिन्छ । उपयुक्त प्रकृतिका मानिसहरूका बीचमा राखी परीक्षण गरी उनिहरूबाट प्राप्त हुन आएको तथ्याङ्कलाई विश्लेषण गरी तिनको तालिकीकरणबाट पनि स्पष्ट पार्ने प्रयास गरिएको छ।

## १.७ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधप्रत्र लाई निम्न सीमामा सीमित गरिएको छ :

क) यस शोधपत्रमा पश्चिम नेपालका कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका वडा नं. ९ मा केन्द्रित भइ अध्यन गरिएको छ।जस मध्य ३० घरधुरी लाइ मुख्य अध्यन को रूपमा लिइएको छ ।

ख) यस अध्यनले हरनामपुर गाँउका थारू जातीको मुख्य संस्कार हरू तथा चाड पर्व हरूको साथै तिनिहरूको साँस्कृतिक,परम्परालाइ अध्यनको विषय वनाइएको छ ।

ग) यस शोधमा थारूजातीको साँस्कृतिक अवस्थालाई मूल आधार मानेर अध्ययन गरिएको छ ।

## १.८ अध्ययनको रूपरेखा

प्रस्तुत शोधकार्य लाई आवाश्यकताअनुसार निम्नलिखित अध्यायमा विभाजन गरी सम्पन्न गरिएको छ : अध्यनको रूपरेखा निम्नानुसार रहेको छ :

**अध्याय एकमा**शोधको परिचय रहेको छ । जसमा अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, पूर्वसाहित्य समिक्षा, अध्ययनको औचित्य र महफ्व, अध्ययन विधि, अध्ययनको सीमाङ्कन, अध्ययनको रूपरेखा रहेको छ । **अध्याय दुईमा** अध्ययन क्षेत्रको परिचय रहेको छ । जसमा कपिलवस्तु जिल्लाको भौगोलिक स्थिति, जिल्लाको परिचय र ऐतिहासिक पृष्ठभूमि लगाएतका विषयहरु समावेश गरिएको छ । **अध्याय तीनमा**थारू जातीको ऐतिहासिकता विषयमा चर्चा गरिएको छ । **अध्याय चारमा**थारू कपिलवस्तुका थारुहरुको अमूर्त सस्कृतिको अध्ययन गरिएको छ । **अध्याय पाँचमा** थारू जातीका मूर्त संस्कृतिको अध्ययन। **अध्याय छ** मा थारू जातीका संस्कृतिमा आएका परिवर्तनहरू। **अध्याय सातमा** निष्कर्ष र सुझाव ।

# अध्याय दुई

# अध्ययन क्षेत्रको परिचय

## २.१ कपिलवस्तु जिल्लाको भौगोलिक रुपमा संक्षिप्त परिचय

नेपालको पाँच विकास क्षेत्रमध्ये कपिलवस्तु पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्दछ । यस विकास क्षेत्रमा ३ अञ्चलहरू पर्दछन् जसमध्ये एक लुम्बिनी अञ्चल हो । यो अञ्चल भगवान गौतम बुद्धको जन्म स्थान, कर्म स्थान, हुर्केको स्थान सँग विशेष सम्बन्धित छ । लुम्बिनी अञ्चलमा ६ वटा जिल्लाहरूमध्ये कपिलवस्तु जिल्ला पनि एक महत्वपूर्ण धार्मिक जिल्ला हो । कपिलवस्तु नामाकरणका सम्बन्धमा प्राप्त जनविश्वास अनुसार प्राचीन कालमा कौशल देशका राजा का सन्ताहरू उत्तरपट्टि छोडिदा घुम्दै कपिलमुनी ऋषिको आश्रममा पुगे । उनीहरूले आफ्नो बृत्तान्त उल्लेख गरेपछि ऋषिले नजिकको सालको जंगल फाँडी कपिलमुनी ऋषीले पालन गरेको र वस्ती बसाएको हुनाले कपिलवस्तु नामाकरण भएको हो । यो जिल्ला एउटा समथर भूभाग भएको जिल्ला हो । उत्तरी भागमा अर्घाखाँची, दक्षिणी भागमा भारतको सिमाना रहेको छ । जसको केन्द्रविन्दु कपिल वस्तु न.पा वडा नं. ९ हरनामपूर विकुली, जगदिशपुर लगायत का गाउ रहेको छन् । यस जिल्लामा धार्मिक स्थल तिलौराकोट, लम्वुसागर, निग्लिहवा, अरौराकोट, विकुलीकोट जस्ता वौद्धधार्मिक स्थलहरू छन् । पूर्वभाग समतल भएको हुनाले यस क्षेत्रमा अत्यन्त गर्मि हुन्छ । पश्चिमी भागमा अर्गाखाची जिल्ला रहेको यस जिल्लाको उत्तरी भागमा चुरे पर्वतको भाग पनि रहेको छ । कपिलवस्तु जिल्लाको भौगोलिक बनावट हेर्दा २७°२५" देखि २७°४९" उत्तरी अक्षांशबाट ८२°४१" देखि ८३°१४" पुर्वी देशान्तरमा रेखाहरू बीच विश्वमान चित्रमा अवस्थित छ । यस जिल्लाको कुल क्षेत्रफल १७३८ वर्ग कि.मि. रहेको छ र जिल्लाको पूर्व पश्चिम सरदर लम्बाई ५४ कि.मि. र उत्तर दक्षिण चौडाई ३२ कि.मि रहेको पाइन्छ ।

नेपालको मानचित्रमा यस जिल्लाको पूर्वमा रूपन्देही, उत्तरमा अर्घाखाँची, दक्षिणमा भारतको उत्तर प्रदेश तथा पश्चिममा दाङ्ग जिल्ला रहेका छन् । यस जिल्लामा प्रशस्त खेति योग्य जमिनहरू रहेका छन् । भौगोलिक स्थितिबाट हेर्दा यो जिल्ला सुगम र समथर जिल्ला हो । यस जिल्लाको लम्बाई पूर्व-पश्चिम ६० कि.मि. र उत्तर-दक्षिण ३५ कि.मि. रहेको छ । यस जिल्लाको भूभागमा गर्मी हवापानी छ । यहाँ गर्मीमा गर्मी र हिउँदमा जाडो हुन्छ ।

अर्थात् यहाँको न्यूनतम तापक्रम १० डिग्री सेल्सियसदेखि अधिकतम ३८ डिग्री सेल्सियस सम्म पाइन्छ । यहाँको औसत वर्षा करिब १४०० मि.मि. सम्म रहन्छ ।

यस जिल्लालाई भौगोलिक हिसावले दुई भाग अर्थात् तराई, र केहि चुरे क्षेत्रका भू-भाग पनि भएको कारणले यहाँ पाइने वनस्पतिमा धेरै विविधता भएको पाइन्छ । यहाँ पाइने वनस्पतिमा मुख्यतयाः साल, साज, बाँझ, सिसौ, खयर, सल्ला, कर्मा, बाँस, सिमुल आदि रहेका छन् । भौगोलिक विविधताकै कारणले यो क्षेत्रमा थुप्रै किसिमका वन्यजन्तुहरूको वासस्थानको रूपमा समेत रहिआएको छ । यहाँ पाइने वन्यजन्तुहरूमा मुख्यतः चितुवा, स्याल, रतुवा, बँदेल, घोरल, भालु, बाघ, निलगाई रहेका छन् भने पंक्षीहरूमा भँगेरा, मयुर, कालिज, ढुकुर, चाखुरा, लुइचे, फिस्टे, चिबे, गिद्ध, चिल, बकुल्ला आदि रहेको छन् । तर धेरै वन्यजन्तु लोप  हुने अवस्थामा छन् । कपिलवस्तु जिल्लामा रहेका नदीहरूमा वाणगंगाा नदी सबै भन्दा ठूलो हो जुन अर्घाखाँचीबाट आएको हो र कपिलवस्तु भएर बग्दछ र  भारत तर्फ जान्छ । कुन्द्राखोला, कोइली खोला छन् जुन कपिलबस्तु जिल्लाको दक्षिण भागमा पूरै वा केहि जिल्लालाई सिंचित गर्दै बगेको छ । अन्य साना नदीहरूमा वाणगंगा, अर्घा, अगिया, कोईली, सुराई, , वलहुन्द्रा, आदि हुन् । नदीनाला केही मौसमी हुन भने केही बाह्रै महिना बग्दछन् । यी नदीहरूबाट कपिलवस्तु जिल्लाको सिंचाइ हुने गर्दछ । यसबाट यहाँको आर्थिक जीवनमा ठूलो प्रभाव परेको छ ।

## २.२ कपिलवस्तु जिल्लाको ऐतिहासिक पृष्ठभूमि

कपिलवस्तु जिल्लाको नाम कपिलवस्तु रहन गएको सम्बन्धमा प्राप्त जनविश्वास अनुसार प्राचीन कालमा कौशल देशका राजा ओकाकका सन्तानहरू उत्तरपट्टि छोडिदा घुम्दै कपिलमुनी ऋषिको आश्रममा पुगे । उनीहरूले आफ्नो बृत्तान्त उल्लेख गरेपछि ऋषिले नजिकको सालको जंगल फाँडी बसोबास गर्ने सल्लाहा दिए अनुसार कालान्तरमा घना बस्ती हुन गएको र वस्ती वसालेको हुँदा कपिलवतु हुदै कपिलवस्तु नामाकरण हुन गयो । विभिन्न ठाउँमा रहेका लिच्छविकालका अभिलेखहरूमा कपिलवस्तु शव्दको प्रयोग गरिएको पाइन्छ । । नेपालको इतिहासमा कपिलवस्तु जिल्लाको इतिहासको पनि आफ्नै महत्व रहेको छ ।यस जिल्लाभित्र मध्यकालमा दुई स-साना राज्यहरू थिए ।

प्राग ऐतिहासिक हिसावले पनि कपिलवस्तु उत्तिकै महत्वपूर्ण स्थानको रूपमा रहेको छ ॥ कपिलवस्तु र दाङ जिल्ला जोडिएको जिल्ला भएको हुनाले पनि हुन सक्छ दुइ जिल्लामा धेरै कुरामा समानता देखिन्छ, विशेषगरी थारू जाती को रहन सहन र संस्कृति र जीवन पद्धतिको विषयमा समानता रहेको छ ।

प्राचिन कपिलवस्तु नगरी भगवान गौतम वुद्धले २९ वर्ष आफ्नो जीवनको क्रिडा स्थल र राजा शुद्धोधनको राजधानी शाक्य नगर कपिलवस्तु नगरपालीका १२ स्थित तौलिहवा वजार देखि ३ कि.मी. उतर क्षेत्रफल करिवन ३५ विगाहा को क्षेत्रफलमा शिवगढ गाउमा संगै रहेको छ । जिल्लाको शिवगढ गाँउ संगै रहेको तिलौराकोटमा भगवान वुद्धले २९ वर्ष विताएका थिए र सो ठाँउ राजा शुद्धोधनको राजा प्रसाद हो । शान्तीका अग्र दुत भगवान गौतम वुद्ध संग सम्वन्धित भएका कारण यस क्षेत्र विश्व प्रशिद्ध रहेको छ ।यस जिल्ला लाइ चित्र नं १ को नक्सा वाट प्रष्ट पारिएको छ ।

(जि.स.स., वि.स. २०६१ : ) ।

त्यसैगरी वि.सं. २०६७-२०६८ सालमा पुरातत्व विभागद्वारा यस जिल्लाको तिलौराकोटमा पुरातात्विक उत्खनन भएको थियो । त्यहाँ १२-१३ औं शताब्दीमा विभिन्न प्रकारका भाडाहरू जस्तैः माटोको कोइला, माटोको घोडाका मूर्तिहरू, माटोका विभिन्न प्रकारका भाडाहरू, सिक्का आदि फेला परेका छन् ।( श्रोत पुरातत्वको परिचय वि .स. २०६०)। र ती सामग्रीहरूको कार्बोन डेटिङ गर्न भने बाँकी नै रहेको छ । तर उपलब्ध सामग्रीको आधारमा कपिलवस्तु धेरै पहिलेदेखि नै मानव बसोबास रहेको देखिन्छ । विभिन्न उत्खननबाट फेलापरेको छन् । पुरात्तवको दृष्टिले धेरै महत्वपूर्ण छ । नेपाली इतिहास, सामाजिक विकासक्रम र पुरातत्वको दृष्टिकोणले पनि कपिलवस्तु महत्वपूर्ण छ । कपिलवस्तु संस्कृति निर्माणमा विशिष्टि स्थान रहेको छ । त्यसैगरी यहाँका पर्यटकीय दृष्टिकोण र जातीय विविधताको कारणले सामाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन, अनुसंन्धानको लागि समेत महत्वपूर्ण स्थान रहँदै आएको छ ।

## २.३ जातीय वसोवासको अवस्था

नेपालमा उत्खनन गरिएका धेरै ठाउँ मध्ये कपिलवस्तु जिल्ला पनि एक महत्वपूर्ण ठाउँ हो । कपिलवस्तु जिल्ला अन्तर्गतका तिलौराकोट अरौटाकोट, निग्लिहवा, विकुली, लम्बुसागर, बुदान, गोटीहवा जस्ता ठाउँमा विभिन्न किसिमका  जातजाती वसोवास गर्छन । यहा विभिनन पुरातात्विक वस्तुहरु फेला परेको र पर्यटकीय ठाउँ समेत रहेको र यहाँ उत्खननबाट धेरै पुरातात्विक वस्तु फेलापरेको कुरा प्रा.डा. पेशल दाहाल द्धारा लिखित पुरातत्वको परिचय भन्ने पुस्तकको पेज नं. २६३ मा उल्लेख गरिएको छ ।

यसरी कपिलवस्तु एउटा भौगोलिक विविधतायुक्त जिल्लाको रूपमा रहेको छ त्यसै गरी यो जिल्लामा विभिन्न जातजातीहरूको वासस्थान रहँदै आएको छ । जसमध्ये प्रमुख जातिको रूपमा थारू, बाहुन, क्षेत्री, ठकुरी, जोगी, , सार्की, कामी, दमाई, गुरूङ, गाइने, छन्त्याल, मगर, मुसलमान, यादव, कुमाल, नेवार, कुँवर लगायत  मधेसी मूलका अन्य जातजाजातीको बसोबास रहेको पाइन्छ । यसरी विविध जातिहरूको थलोको रूपमा रहेको कपिलवस्तु जिल्लामा विभिन्न भाषा, संस्कृति लगायतका विविधतायुक्त जातजातीहरूको बसोबासको थलो भएर पनि यहाँको जनताहरू बीच अनेकतामा एकता रहँदै आएको छ ।

२०६८ सालको जनगणना अनुसार यस जिल्लामा कुल जनसंख्या ५,७१,९३६ रहेको छ । जसमा पुरूष २८५५९९(४९.९४ प्रतिशत) र महिला २८६३३७(५०.०६ प्रतिशत) रहेको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०६८ : २३) ।

| क्र.सं. | विवरण | इकाई | सख्या |
|---|---|---|---|
| १ | पुरूष | जना | २८५५९९ |
| २ | महिला | जना | २८६३३७ |
| ३ | कुल परिवार संख्या | वटा | ९१३२१ |

| | | | |
|---|---|---|---|
| ४ | औसत परिवार संख्या | संख्या | ६.२६ |
| ५ | जनघनत्व | प्रतिवर्ग कि.मी | ३२९ |
| ६ | जनसंख्या वृद्धिदर | प्रतिशत | २.७१ |
| ७ | जनसंख्या दोव्वर हुने समय | वर्ष | ४१ वर्ष |
| ८ | प्रौढ साक्षरता | प्रतिशत | ५४.९१ |

स्रोतः जिल्ला समन्वय समिति, २०७५

## २.४मुख्य अध्ययन क्षेत्र  वार्ड न. ९ को परिचय

कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका वार्ड नं. ९ जिल्लाकै पुरानो प्रसिद्ध ठाउँ मध्ये एक हो । सुरूमा यस नगरपालिकाको क्षेत्रफल सानो आकारमा थियो । पछि निग्लिहवा गाँउ विकास समितिलाई लगायत अन्य गाउ विकास समितिका केहि वार्ड लाई समेत  यस नगरपालिका अन्तर्गत राखिइएको हो । विकुली, हरनामपुर, जगदिशपुर यस नगरपालिका र केही भाग नगरपालिकामा समेत गाभिएको छ । कपिलवस्तुको कपिलवस्तु नगरपालिका देखि हरनामपुर, कुस्मा विकुली, तिनुउवा गाउ उत्तर भेगका छन भने त्यस भन्दा उत्तर पट्टि वाणगंगा नगरपालिका रहेका छ । यस क्षेत्रमा जिल्ला सदरमुकाम पनि रहेका नगरपालिका हो । गौतम बुद्धको पवित्र भूमि पनि यस क्षेत्रलाई मानिन्छ । विकुलीकोट विकुलीमा रहेको सगरहवा, लम्वुसागर लगायतका बौद्धका स्थल यसै वडा भित्रको पेरिफेरीमा रहेका छ । प्रशस्त वोटविरूवा, जलश्रोत, सिचाई रहेको यस क्षेत्रमा एशियाकै ठूला मानव निर्मित जाखिरा ताल सहित रहेको छ । करिव १५७ हेक्टर जग्गा क्षेत्रमा फैलिएको यस तालमा साइवेरियाबाट आएका चराचुरूङ्गी बसोवास गर्ने बच्चा कोरल्न र फेरी वर्षायाममा साइवेरियानै जाने गछन् । प्रायगरी जाडोको समयमा चराचुरूङ्गी ले बसोवास गर्छन । जनसंख्याको हिसावमा यहाँ पहाडिया र मधेसीको उस्तै-उस्तै संख्या छन । दलित, योगी, ठकुरी, मगर आदिको पनि बसोबास रहेको छ । उत्तरतिर हुँदै दक्षिणतिर ठूलो फराकिलो भागमा रहेको छ । यसको उत्तरतर्फ वाणगंगा नगरपालिका रहेका छ । यस गाविसको

धेरैजसो गाउँहरूको नाम थारू भाषामा रहेको छ । जस्तैः कोपवा, वनकसिया, वैदैली, राजकुला, हतौसा आदि रहेका छन् ।

यस नगरपालिकामा वाणगगां नदिमा लक्ष्मण घाट रहेको हनाले धार्मिक रूपमा पनि प्रख्यात छ । त्यसपवित्र भूमिवाट नहर निकाली जाखिरातामा लागिएको छ । हरनाम्पूर विकुली जागदिशपुर, राजकुला, जस्ता गाँउको ठिक विचमा जाखिराता रहेको छ । पर्यटकिय रूपमा उत्कृष्ठ रहेको यस ताल विश्व सिमसारक्षेत्रमा समेत सचिकृत छ । यस तालमा डुङ्गा जलाउने, चरा अवलोकन गर्ने, घुम्न, विदा मनाउनका लागी स्वदेशी तथा विदेशी पर्यटकहरू आउने गर्छन । यस वडा को चित्र न २ वाट प्रष्ट पारिएको छ ।

यस वडाका मूख्य-मूख्य स्थल मध्य जाखिराताल, विकलीकोट, लम्वुसागर, सगरहवा, निग्लिहवा, रामजानी मन्दिर लगायत का धार्मिक स्थल रहेका छन् । यस वडामा १२३८ घर धुरी रहेका छन ,वडाको  जनसंख्या ६६९५ रहेको छ ।जसमा पुस्ष ३४८६ र महिला ३२०७ रहेका छन (श्रोत : क.व.न.पा.वडा नं ९)

यस क्षेत्रमा थारूहरू प्राय धैरै पुरानो र पहिले देखिनै यस हरनामपुर  गाँउमा वसोवास गरेका र कतिलाई त आफनो पुर्खा कहावाट आएका थिए भन्ने वारेमा खासै थाहा नभएको पनि पाइयो । कपिलवस्तुका हरनामपुरका थारूहरूमा प्रायजसो दाडवाट नै पुर्खा हरू आएको आएको हुन सक्ने केहि स्थानिय ले वताएका छन । त्यहाका थारूहरूले चौधरी पदवी पाएका थिए । पछि यो पदवी सबै थारूहरूले अपनाएको पाइन्छ । बैवाङ्गको चौधरी दलित परिवारलाई केही इतिहासकारहरूले दैत्यको उपाधि दिएको पाइन्छ । दङ्गीशरण थारूहरूको पहिलो राजा भएको मानिन्छ ।त्यसैले थारूहरूले सुकौरालाई आफ्नो पुरानो मुल थलो र गढीको रूपमा मानदै आइरहेको पाइन्छ । थारू राजा दङ्गीशरणलाई थारू जातिको एउता उपथर दयित हुन् भन्ने धारण धेरैजसोको भनाई पनि पाइन्छ । यस वडामा थारू कला संस्कृतीको विकास को लागी थारू होमस्टेय हरू संचालन भएका छन् । थारूको कला, संस्कृती, रितिरिवाज विश्वभरी फैलाउनको लागी यस्ता कार्यक्रम संचालन गरिएको हो । यस वडामा थारूहरूको वाहुल्यता भएको कारण थारू र पहाडिया समुदायका आपसी हित र मेलमिलाप तथा सहयोगी भावनाको विकाश भएको छ । यस वडाका विकुली हरनामपुर, जगदिशपुर, श्रीनगर जस्ता गाँउमा रहेका थारूहरूको उस्तै रहन, सहन र जीवन पद्धती भएको कारणले गर्दा यस वडाको महŒव अत्यन्तै महत्वपूर्ण रहेको छ । थारूले

पहाडीयको चाडपर्वमा साथ दिने र पहाडिया समुदायले थारूहरूको चाड जस्तो माघी पुजा गर्ने, भूइपरिया वावाको पुजा जस्ता कार्यमा सबै सरिक हुने प्रसाद ग्रहण गर्ने परम्परा रहेको छ। यस वडा उत्कृष्ठ र पर्यटकिय वडाको रूपमा चिनिन्छ।

| | | |
|---|---|---|
| १. | कुल घरधुरी संख्या | १२३८ |
| २. | कुल जनसंख्या | ६९९५ |
| ३. | पुरूष | ३४८७ |
| ४. | महिला | ३२०७ |

(स्रोतः कपिलवस्तु न.पा.वडा न ९वाट प्राप्त)

# अध्याय तीन

# थारू जातिको परिचय

## ३.१ थारू जातिको ऐतिहासिकता

नेपाल क्षेत्रफलका दृष्टिले सानो भएतापनि जातीय विविधताले भरिएको मुलुक हो ।नेपालमा आदिम कालदेखि बस्दै आदिम जातिहरूको साभा थलो नेपाल रहदै आएको छ । सरकारी तथ्याा अनुसार यहाँ १२५ भन्दा बढी जातजातीहरु बसोबास गर्दै आएका छन् । उनीहरूको आ-आफ्नै रहनसहन, चाडपर्व, संस्कार, भेषभुषा र भाषाहरू छन् । जसमध्ये “थारू”जाती पनि यहाँको एउटा महत्वपूर्ण आदीवासी जाति को रूपमा रहेको पाईन्छ यिनिहरुको आफ्नै ऐतिहासिकता र गौरवमय सामाजिक र सांस्कृतिक पहिचान कायम रहदै आएको देखिन्छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएर रहेका थारूहरू तराई, भित्री मधेस तथा छिमेकी राष्ट्र भारतको उत्तर प्रदेशको सिमाना क्षेत्रसम्म रहेको पाइन्छ । त्यसैले थारूहरूले आफूलाई यहाँको ‘भूमिपुत्र’ भन्न रूचाएको पनि पाइन्छ

थार मरूभूमीवाट थारूहरू आएका भन्ने भनाइ रहेको छ।यदि त्यसो हो भने गंगा र यमुना नदिको मलिलो र समथर जमिन छाडेर नेपालको घनाजंगल फाडेर तराइमा आयर वस्ती वसाउने काम सजिलो कामको रूपमा लिन सकिदैन । तसर्थ यिनिहरू आफ्नो माटो सँग अत्यन्तै निकट रहेको मानिन्छ । यिनीहरूको सांस्कृतिक कला, लोकदर्शन, भेषभुषा, रीति, थिति आदिमा पनि विविधता रहि आएको छ । तर यिनीहरूको आफ्नै लिपि भने भएको पाइँदैन । थारू समुदायहरूको बसोबास रहेको जिल्लामा दाङ्ग, देउखुरी, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, सुर्खेत, कपिलवस्तु, नवलपरासी, चितवन, बारा, पर्सा, उदयपुर, रौतहट महोत्तरी, सप्तरी, सिरहा, सुनसरी, धनुषा, मोरङ भापा आदि रहेका छन् ।यस जातिलाई नेपालको आदिवासी जनजातिको सूचीमा पनि सूचीकृत गरिएको छ । खेतिपाती र पशुपालनमा वढि थारूजातीका मानिसहरू लाग्ने गर्छन ।

उहिले वर्षो देखिनै थारू हरू वसिआएको तराइको क्षेत्र लाई थरूवान वा थरूहट भन्ने चलन छ । प्राय खस जातीका मानिशहरूले आफनो वसाइ सर्ने धेरै गर्छन तर थारू जातीका मानिसहरूमा भने त्यस्तो खासै पाइदैन ।थारू शब्दको उत्पत्तिको

बारेमाविद्वानहरूमा एक मतैक्यता रहेको छैन । कसैले संस्कृत शब्दको स्थाणु या स्थास्नु शब्दबाट, कसैले बुद्ध धर्मको एक शाखा स्थेरवादको स्थेर शब्दबाट, कसैले रैथाने अर्थमा थारू शब्दबाट यस जातिको उत्पत्ति हो भनेका छन् (विष्ट, वि.स. १९८० पृ २२) । धेरैजसो विद्वानहरूको अनुमानमा भारतको सिन्धु र राजस्थानका बीचको थार भन्ने मरूभूमिबाट आएका हुनाले थारू भनिएको मान्दछन् ।

थारूहरूले आफ्नो जातीय इतिहासलाई पौराणिक कालसम्म पुऱ्याएको पाइन्छ । उनीहरूले थारू राजा दङ्गी शरणलाई महाभारतकालसँग जोडेको पाइन्छ । त्यसैगरी उनीहरूमा प्रचलित लोकोत्ति अनुसार महादेव, पार्वती, कृष्ण र पाण्डवहरूलाई उनीहरू आफ्नो पूर्वज मान्दछन् र आफूलाई उनीहरूकै वंशज मानी देवताको रूपमा पूजाआजा गर्दछन् ।भगवान गौतम बुद्धले निर्वाण प्राप्त गरेको सय वर्षपछि बौद्ध धर्ममा महासाङ्घिक र स्थविरवाद नामक दुई हाँगाा फाटे । सम्भवतः यिनै दुई हाँगाामध्ये एक हाँगो स्थविर सम्प्रदायशित शाक्य वंशीहरूको झुकाव भएको हुनुपर्दछ जसले गर्दा ती स्थविरवादमा आस्था राख्ने शाक्य वंशको नाम छोटकरीमा स्थविर रहन गएको र जनविब्रोको उच्चारणमा स्थविरको विकृत रूप पछि गएर थारू हुन गएको हो ।

थारू जातिको बसोबास लिच्छविकालमै भएको हो भन्ने सङ्केत लिच्छविकालको एउटा अभिलेखले पनि दिएको छ । चापागाउँको शिवदेव प्रथमको अभिलेखमा “स्थरूदङ्ग” को उल्लेख गरेको पाइन्छ । लिच्छविकालमै थारूजातिको बसोबास भएको कुरा चापागाउँको यस अभिलेखको “स्थरूद्रङ्ग” शब्दका आधारमा अनुमान लगाएको पाइन्छ ( गुरुङ, वि.स.२०३६ पृ १७) ।

मूलतः मङ्गोलियन भएको यस जातिको वसोवास हिमाली भेगमा भएको र पछि तलतिर झरेको भन्ने भनाइ छ । विभिन्न जातीय रक्त मिश्रण भएको बताइएको छ । कोल, किराँत आदिको रक्त मिश्रणको कारण यिनको शारीरिक बनोट विशिष्ट प्रकारको रहेको छ । किरात तोर नामक शाखा नै थारूको नाममा प्रसिद्ध रहेको र मल्लकालमा यिनको बासस्थान तीरभूक्ति वा तिरहूत थियो भन्ने अनुमान पनि गरिएको छ । स्थानीय थारूहरू स्वयंलाई उत्तर भारतमा मुसलमानहरूको संलग्नता स्थापित भएपछि नेपाल पसेका राजपूतका सन्तान मान्दछन् । आजका विशिष्ट संस्कृति भएको थारूहरू हिन्दू धर्म, संस्कृतिबाट बढी प्रभावित देखिन्छन् । यिनीहरू हिमाल तराईका प्राचीन जनजातीका सन्तान थिए र शाक्य जनपदमा

यिनीहरूको बाहुल्य थियो । त्यसैले थारू जातिलाई मगर र गुरूङको अतिरिक्त काठमाडौंको ज्यापूसँग बढी समानता भएको कुरा उल्लेख गरेका छन् (गुरुङ, वि .स.२०३६पृ, १७) ।

यसैगरी नेपालमा प्राप्त नवपाषणकालिन उपकरणहरूबाट यस क्षेत्रमा कृषि प्रारम्भ गर्ने श्रेय किराँत र थारूहरू भएको मानिन्छ । थारूहरू एउटै वर्गका जाति भए पनि विभिन्न ठाउँमा फैलिएर रहेका र त्यहाँको भौगोलिक बनोटले गर्दा उनीहरूको आ-आफ्नो वर्ग, वंशजहरू, भाषाभाषी, भेषभूषा, रहनसहन फरक-फरक रहेको पाइन्छ । उनीहरू जुन स्थानमा बस्दछन् त्यही ठाउँको नामले चिनिएको पाइन्छ । जस्तैः चितवनमा बस्ने थारूलाई चितौनियाँ, कोचिलामा बस्ने थारूलाई कोचिला, सप्तरिमा बस्ने थारूलाई सप्तरिया, मोरङ्गमा बस्ने थारूहरूलाई मोरङ्गिया, दाङ्ग-दउखुरीमा बस्ने थारूहरूलाई देउखुरियार कैलाली कन्चनपुरमा वस्ने थारुलाई कठरिया र बाँके बर्दियामा वस्ने थारुलाई केसौरी भनिने गरिएको पाइन्छ (थारु साहित्य इतिहास, वि.स.२०७३ पृ, १६) ।

यसैगरी थारूहरूको विभिन्न थर र गोत्रहरू रहेको पाइन्छ । यिनीहरूको थर-उपथरको संख्या यति नै हो भनेर भन्न सकिने अवस्था रहेको छैन । जसमध्ये केही थर-उपथरहरू निम्न रहेका छन् : (१) कठरिया, (२) कनफटा, (३) कोचिला, (४) खरल, (५) खवास, (६) खस, (७) सोलरिया (८) खुनाहा, (९) खौसिया, (१०) गच्छेदार, (११) चितौनिया, (१२) चौधरी, (१३) जोगी, (१४) डंगरिया , (१५) ताबदार, (१६) धन्दार, (१७) दनुवार, (१८) दंगौरा, (१९) दारूबदिया, (२०) परिहार, (२१) बर्दिया, (२३) बांठ, (२४) बातर, (२५) (२६) बोट, (२७ भगत, (२८) भोटगमिया, (२९) मझौरा, (३०) मर्दनिया, (३१) महन्त, (३२) महाउतो, (३३) माझि, (३४) मोरङ्गिया आदि रहेका छन् ।

## ३.२ कपिलवस्तु जिल्लाको हरनामपुरका थारूहरू

कपिलवस्तु जिल्लाको हरनामपुर गाँउमा थारुजातीको वसोवास गरेको पाइन्छ ।र कपिलवस्तुमा परापूर्वकालदेखि नै राज्य शासनको आरम्भ भई धेरै शासनकहरूले राज्य गरेको थिए । यसैगरी राजा पुण्य मल्लको वि.सं. १३९३ को कनकपत्रमा  पनि सम्वोधन गरिएको पाइन्छ । मगर, महतौ (थारू=चौधरी) सबै प्रति भनेर थारू मुखियाहरू समेतलाई सम्बोधन गरिएको पाइएको छ । यसबाट कपिलवस्तु मा परम्परादेखि नै थारू समुदायको बस्ती रहिआएको बुझिन्छ ।

कपिलवस्तु राज्यको स्थापना कहिले भयो र यसमा कुन कुन वंशका राजाहरूले राज्य गरे भन्ने कुरा प्रमाणको अभावमा यकिन हुन सकेको छैन । जनश्रुतिका आधारमा अनेक अनुकल्पना अगाडि आएका छन् । दाङ्गको सुकौरागढबाट दङ्गीशरण नामक थारू राजाले राज्य गरेको र उनको वंशमा १२ जना राजा राज्य गरेको भन्ने भनाइ रहेको छ । जो यस प्रकार रहेका छन्: (१) दङ्गीशरण, (२) लघदंगी, (३) अपरदंगी, (४) चितलदंगी, (५) अगादंगी, (६) मगरदंगी, (७) सारगदंगी, (८) उरगसेन, (९) माधवराज, (१०) मदालसा रानी, (११) मणिक्य परीक्षक, (१२) रत्न परीक्षक रहेको र त्यस मध्ये केही कपिलवस्तुमा आएर वसोवास गरी विकास भएको अनुमान छ ।

कपिलवस्तुका थारूहरू पुराना आदिवासी हुन् र दङ्गौरिया थारूहरूको थातथलो दाङ्ग मानिन्छ । कपिलवस्तुमा मानिसको आवादि पूर्व घना जङ्गल थियो, त्यही जङ्गललाई आवाद गरेर, औंलो रोगसँग लडेर वस्ने पहिलो जाति नै कपिलवस्तुका थारू जातिलाई मानिन्छ । उनीहरू स्थायी रूपमा बसोबास गर्ने जाति नभएर बसाई सरिरहने जाति भएको हुनाले जता सुविधा हुन्छ उतै जाने जाति हुन् । खेतीमा मात्र आश्रित रहने जाति भए तापनि जग्गा जमिन प्रतिको स्थायित्व छोड्न गाह्रो नमान्ने यो जाति कपिलवस्तुबाट बाँके, बर्दिया, कैलाली र कञ्चनपुरतिर ओहोरदोहोर गरिरहन्थे, त्यसैले उनीहरूलाई दङ्गोरा थारू भनिन्छ । जनसंख्याको हिसावले थारू नेपालको चौथो स्थानमा पर्दछ । यिनीहरूको जनसंख्या नेपालमा १७३७४७० रहेको छ । जसमा कपिलवस्तु को तत्कालिन निग्लिहवा गाविसमा २०६८ जनाको संख्यामा थारू रहेका रहेका छन् । कपिलवस्तु जिल्लामा थारूहरूको जनसंख्या बढी नै रहेको पाइन्छ । कुल जनसंख्याको ४३.२ प्रतिशत थारू भाषालाई मातृभाषाको रूपमा बोल्ने गर्दछन् । यस क्षेत्रमा बसोबास गरेको थारूहरूलाई चौधरी  थारू भनिन्छ ।यस गा.वि.स. मा पुरूष को संख्या १०३२ र महिलाको संख्या १०४६ रहेको छ -(केन्द्रिय तथ्याङ्क विभाग,  वि.स.२०६८ पृ, ११ ) ।

थारूहरूको पनि आ-आफ्नै अनेक थर-उपथरहरू रहेका छन्, जस्तैः कुसुम्या, लाल पुरिया ।सोलरिया, राना, मर्दनिया, कडरिया, मोरडनिया, राजहठिया, रौतार, सुनाह, चितौनिया, मझौरा, दाङ्ग, वर्दिया, खस, लाम पुछुवा, दङौरा, कोचिला, कुचविहारी आदी ( विष्ट,वि.स. १९८०पृ ९१) । थारूहरूको थर-उपथर यति नै हो भनेर अझै पनि यकिनका साथ भन्न सकिँदैन । कपिलवस्तुका स्थानीय थारूहरूमा यस्तो धार्मिक विश्वास रहेको छ र

पालहरूको उद्भव आठौं शताब्दीको मध्यमा बंगालमा भएको थियो । प्रारम्भमा गुप्तहरूको बंगालमा अधिकार थियो । गुप्तहरूको पतनपश्चात् शशांकले बंगालमा स्वतन्त्र सत्ता स्थापित गरिहाले पछि शशांकको मृत्युपश्चात् बंगालमा अराजकता फैलियो, जसको लाभ हर्षबर्द्धनले उठाए । हर्षबर्द्धनको मृत्युपछि फेरि बंगालमा अराजकता फैलियो जसबाट जनता अत्यधिक निराश थिए । खालिमपुर, अभिलेखअनुसार आफ्नो दःख निवारणका लागि जनताहरूले गोपाललाई राजा बनाए । यही गोपाल राजा पालवंशका संस्थापक थिए । उनका बाजे दयित विष्णु थियो । दयितहरूले आफ्नो उपथरको नाम आफ्ना पूर्खा दयित विष्णुबाट वंशीय नाम “दयित” राखेको मान्यता रहिआएको छ ।

त्यसैगरी कपिलवस्तु परापूर्वकालदेखि नै विभिन्न शासकहरूले राज्य गरेको पाइन्छ । गोपालहरूलाई काठमाडौं उपत्यकका देखि किराँतहरूले काठमाडौँबाट कपिलवस्तु ( सुकौरागढ) आएका गोपालका सन्तान दङ्गीशरण राजा भएको र उनका १२ पुस्ताले राज्य गरेको भनने भनाइ छ । दङ्गीशरण थारू जातिको एउटा उपथर दयित हुन् । उनीहरूले सुकौराकोटको इतिहासलाई दयित चौधरी परिवारसँग गाँसिएको पाइन्छ ।

त्यसैगरी हरनामपुरका चौधरी परिवारलाई केही इतिहासकारहरूले इमान्दार मिहिनेती जातीको उपाधि दिने गरेको पाइन्छ तर त्यहाँका थारूहरूले आफूलाई कुनै उपनामको वारेमा थाहा नभएको कुरा वताएका छन ।हरनामपुरका थारूको केवल दुइ वटा थर लेख्ने चलन पाइएको छ (१) चौधरी र (२) थारू मात्र थर लेख्ने गरेको पाइयो । तर अरू जिल्लाका दहित थारूको भने फरक छ ।शक, कुषाण, हुण आदि राजपूतका सन्तान ठान्दछन् । त्यसैगरी उपाख्यान अनुसार, एउटा अहिर जातिका मानिसलाई थारू जातिमा सम्मिलित गराउने उत्सव कार्यक्रममा सम्मिलन हुने अहिरले त्यहाँ उपस्थित सबै थारू सभासदहरूलाई दहि भात खुवाएको हुँदा उसलाई “दहित” भन्न थाले । तिनका घरको देवता “भरूवा” हो, जसलाई भैरव भनिन्छ ।

थारू परिवारमा घोडा चढ्ने शौख भएको बुझिन्छ । त्यसको निरन्तरता हालसम्म पनि दाङ्गमा देख्न सकिन्छ र कपिलवस्तुका जमिनदार थारुहरुमा पनि त्यहि परम्परा थियो । दाङ्गमा प्रायः सबै सम्पन्न थारूहरू पहिले पहिलेका चौधरीहरू सवारी साधनको रूपमा घोडा प्रयोग गर्दथे । आफू चढ्ने घोडालाई जमरा, सिन्दुर र माला लागाइदिन्थे । दशैको दिन घोडालाई विशेष खालको दाना खुवाइन्थ्यो । त्यसैले त्यो दिन विशेष हुन्थ्यो दाङ्गका सबै

थारूहरूले घोडालाई दशैंमा पूजा गर्दछन् । उनीहरूको देवता थानमा माटाका घोडाहरू हुन्छन् । आफ्नो थर, उपथर अनुसार घोडाको मुख पनि फरक फरक आकारको बनाएको पाइन्छ । त्यसैगरी दशैंमा घोडा पुज्नुको तात्पर्य दाङ्ग जिल्लामा राजपूतहरूको दबदबा थियो भन्ने दङ्गीशरणको वाहन घोडा भएको विश्वास गरिन्छ भने कपिलवस्तुका थारुहरुमा भने खासै फरक देखिएन र तिनका शौखहरुमा केही भिन्नता भने देखिन्छ । दाङ्ग र कपिलवस्तुका थारुहरु धेरै समानता र केही भिन्नता रहेको छ ।

मानव सभ्यताको पहिले विकास नदीको छेउछाउ भएको पाइन्छ । पूर्वदेखि पश्चिमसम्म बबैई नदीको तिरैतिर र उत्तर-दक्षिण बग्ने खरे खोलाको छेउछाउ प्रायः 'दयित'हरूको प्राचीन वस्ती रहेको पाइन्छ । यसबाट दाङ्गमा दयितहरूले दबदबा रहेको कुराको पुष्टि हुन्छ । दाङ्गका दयितहरू भरूवा भैरवलाई रूपमा पुज्छन् भने दङ्गीशरणका सन्तान पनि मान्दछन्, उनीहरू शिवमार्गी थिए । त्यसैले उनीहरूले शिव, पार्वती, पाण्डवहरूलाई आफ्ना कुलदेवताको रूपमा पुज्ने गर्दछन् । थारूहरूका पनि विभिन्न थरहरू हुन्छन् ।

## ३.४ थारूका थरहरू

दयितहरूमा जेठ, बरिन रतगैया, गंग्वा दयित, कनपूज्वा, सुरवा घण्टही दयित, युक्या, खलक, चिल्रहवा खलक, कन्पूज्वा, थेरहवा, सुपहवा देर्रा गरी जम्मा १५/१६ खालका दयित थर उपथर भएको कुरा स्थलगत अध्ययन बाट पुष्टि हुन्छ तर कपलिवस्तुका थारूहरूको भने चौधरी ,र थारू लेख्ने चलन छ ।  थारूहरूको पनि आ-आफ्नै अनेक थर-उपथरहरू रहेका छन्, जस्तैः कुसुम्या, लाल पुरिया ।सोलरिया, राना, मर्दनिया, कडरिया, मोरङनिया, राजहठिया, रौतार, सुनाह, चितौनिया, मझौरा, दाङ्ग, वर्दिया, खस, लाम पुछुवा, दङौरा, कोचिला, कुचविहारी आदी (विष्ट,वि.स. १९८०पृ ९१) ।

## ३.५ शारिरीक बनोट

थारूहरू परिश्रमी, सोझो, इमान्दार, लगनशीर र मेहनती स्वभावका हुन्छन् । आफ्नै बाहुवलमा विश्वास गर्ने मेहनती यी जाति अर्काले गरेको खाने वर्ग नभई आफै परिश्रम गरी खाने वर्ग हो । अधिक शारीरिक परिश्रम गर्ने भएकोले यिनीहरूको जिउडाल गठिलो हुन्छ । उनीहरूको उचाइ मध्यम खालको हुन्छ । आँखा धेरै ठूलो नभई मङ्गोलियन चिम्सो लामो

हुन्छ । फराकिलो र चौडा अनुहार, च्याप्टो नाक, यिनीहरूको रङ्ग खैरो, कालो हुन्छ । छाती ठूलो, कसिलो तथा माथितिर उठेको हुन्छ । ओठ मोटो खालको हुन्छ । यिनीहरूको शारीरिक बनावट हेर्दा मङ्गोलियनहरूसँग मिल्न जान्छ । बिहे भएपछि आइमाइहरूले खुट्टामा गोदना बनाएका हुन्छन् । यो बिहे भएको प्रतिक मानिन्छ । तर यो प्रचलन हाल हराउँदै गएको छ ।

# चौथो अध्याय

# कपिलवस्तु हरनामपुरका थारूहरूको अमूर्त संस्कृतिको अध्ययन

## ४.१ थारु जातिका प्रचलित संस्कारहरु

संस्कार भन्नाले समाजमा व्यक्तिको सामाजिक हैसियतलाई कायम गर्न गरिने बिभिन्न प्रकारका परम्परागत क्रियाकलापहरू जुन क्रिया सम्पन्न गरे पछि त्यस समाजको एक अभिन्न अंगको रूपमा लिन योग्य बन्छन् अर्को अर्थमा भन्नु पर्दा संस्कार भनेको शृद्धिकरण हो । जसरी सुनलाइ जति तेजाबमा पोल्यो त्यति शुद्ध सुन भए झै मानिसलाइ विभिन्न संस्कारहरूले जन्म अगाडि देखि वा जन्मेदेखि विभिन्न संस्कार गरी शुद्धिकरण गरिन्छ । त्यसैले मानिसको जीवनमा संस्कार एक अभिन्न अंगको रूपमा रहेको छ । जबदेखि मानिस समाजमा बस्न थाल्यो तबदेखि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संस्कारको शुरूवात भएको र क्रमिक रूपमा विकास हुदै आजको स्वरूपमा मानिसको संस्कारसँग घनिष्टको सम्बन्ध रहन गयो । संस्कारले नै मानिसलाइ सामाजिक र अनुशासित वनाउँछ । मानिसको जीवनलाइ पूर्णतातिर लैजानका लागि संस्कारको विकास भयो, जसले व्यक्तिको जीवनलाई परिशुद्धि तथा पवित्र बनाउँदछ । वैदिक कालदेखि नै समाजमा प्रचलनमा रहदै आएको संस्कार जाति अनुसार फरक छन् । कुनै जातिको धेरै र कुनै को थोरै मात्र संस्कारहरू रहेको पाइन्छ । मानव जीवनका शरीर, इन्द्रीयहरू, मन, वुद्धि, अहंकार, जीवनभाव आदि जति नै अङ्ग छन् यी सबैका अत्यन्त उत्कर्षसम्म अनेक संस्कार हुन्छन् । स्थान र जातका अर्को जातिको प्रभावले पनि त्यस जातिको संस्कारमा परिवर्तन तथा मिश्रण हुन्छ ।

कपिलवस्तुका हरनामपुर गाँउका थारूहरूको संस्कारमा पनि हिन्दु संस्कारका केहि प्रभाव परेको पाईन्छ । यहाँका थारूहरूको हिन्दु धर्म र प्रमुख रूपमा चार प्रकारका संस्कारहरू प्रचलनमा रहेको पाइन्छ जुन यस प्रकारका छन् :

४.१. जातकर्म (जन्म) संस्कार

४.२. मूडभ्वाज (मुन्डन) संस्कार

४.३. भ्वाज (विवाह) संस्कार

४.४. अन्त्येष्टी संस्कार

## ४.१.१जन्म संस्कार

मानिस जन्मेपछि मर्छ । मानिस जन्मेपछि त्यसलाई शुद्धिकणका लागि जन्म संस्कार गरिन्छ । त्यसैगरी थारूहरूमा पनि जन्म संस्कार आफ्नै विधिअनुसार गरिन्छ । तर यिनीहरूले यो संस्कारलाई त्यति महत्व दिएको पाइँदैन । थारूहरू गर्भवती महिलालाई खेतिपातीका साथै अन्य काममा सक्रिय गराँउदैनन् । यस समाजमा घरमा नै सजातइ सुडेनीद्वारा बच्चा जन्माउने चलन थियो  यिनलाइ सोरहनिया पनि भनिन्छ ।यि स्थानिय नर्स हुन  । यिनीहरूले प्रायः भूइतलामा नै सुत्केरी गराउँछन् ।

बच्चा जन्मेपछि बच्चाको नाभी काट्ने कार्य सुडेनीले गर्छे र नाभी गाड्ने काम ओरगनी ले गर्छिन । नाभी झरेपछि सुत्केरी चोखिने गर्छन् । चोखिँदा आफु सुतेको कोठा गोबरले लिपेर बच्चा र आफूले नुहाई धुवाई गरी सुनपानी अविर छर्केर शुद्ध पार्छन् । यिनीहरूको सुन्केरी चोखिने कुनै निश्चित समय वा दिन हुँदैन । संस्कार बच्चको नाभी झरेपछि जहिले पनि गर्न सकिन्छ । सुन्केरी हुँदा घरको परिवारमा मात्र सुतक पर्छ भने अन्य गोतियार, सपीण्डीमा पर्दैन । यसरी चोखिदा सुत्केरी गराउने सुडेनीलाई पैसा, लुगा दिने चलन रहेको छ । तर अहिले धेरै जसो थारूले वच्चा जन्माउन हस्पिटलमा लैजाने गरेको पाइएकोछ ।कसै कसैमा भने घरमानै वच्चा जन्माउने गरेको पाइएको छ ।

## ४.१.२ घटवा करैना

कपिलवस्तु जिल्लाका हरनामपुर, विकुली, जगदिशपुर लगायतका गाँउमा जन्म संस्कार अन्तर्गत यो संस्कार गरिन्छ । यो संस्कार बच्चा जन्मेको ७ या ९ दिन पारेर राम्रो विजोड दिन हेरि गुरूवाद्वारा गराइन्छ । यसमा सुत्केरी घटवा (खोला) मा गई नुहाई गोवरको थुप्रोलाई सिन्दुरले पुजा गरी घर फर्किन्छन् हरनामपुरमा भने नहरमा नुहाउने गर्छन  । अनि मात्र शुद्ध हुन्छ । त्यसपछि नाङलोमा चामल, पैसा राखी कन्यालाई दिइन्छ । घटवा करैना संस्कार गर्ने दिनमा सुत्केरी तथा सुडेनीलाई मिठो मिठो विभिन्न परिकारहरू खान दिइन्छ । घरमा बच्चा जन्मेपछि सर्प, कीरा आदिबाट टाढा रहन ढोका अगाडि “पिना” बालेर धुँवा लगाइन्छ । तर अहिले भने परिवर्तन भएको छ, घरमा कल धारामा नुहाउने गरिन्छ ।

थारूहरूको समाजमा बच्चाको नामकरण गर्न कुनै निश्चित दिन र नियम हुँदैन । शिशु जन्मेको बार, शिशुसित सम्बन्धित घटना र उसको आनीवानी, आकार र देविदेवताका नामबाट समेत नाम राख्दछन् । जस्तैः आंगनमा जन्मेकालाई, अङगन्या, विदेशमा बच्चाको बाबु गएको बेला जन्मेकालाई परदेशिया, आइतबार जन्मेकालाई आइतेवारी बच्चा रून्चे छ भने रून्च्या आदि नाम राख्ने गर्दछन् । बच्चाको नाम उसको बाबुआमा वा घरको अगुवाले राख्ने गर्दछन् । वर्तमानमा अन्य समाजको प्रभावले विभिन्न विधिअनुसार यस्ता संस्कार सम्पन्न गर्दछन् । यसमा छैंठी पास्नी आदि पर्दछन् । आजकल प्राय विदेशी नाम राख्ने गर्छन् । जुन वुढा पाका लाइ उच्चारण गर्न पनि समस्या भएको कुरा स्थानिय पुजारी शंकर पौडेल बताउनु हुन्छ ।

### ४.१.३ मुण्डन संस्कार

यो संस्कार सम्पन्न परिवार, भएका थारूहरूले सम्पन्न गर्दछन् । यो संस्कार छोरा जन्मे मात्र गरिन्छ भने छोरी जन्मेमा यो संस्कार गरिँदैन । मुण्डन गर्दा बच्चा ३/५ बर्ष ( विजोड बर्ष) को हुनुपर्छ । यसरी ३/५ बर्षको पुगेपछि माघ या फागुन (शुक्ल पक्ष) मा सोमबार या वुधवार पारेर त्यो दिनमा विहानै घरको मानिस जम्मा भएर मादल बजाउँदै, रमाइलो गर्दै घर बाहिर लिपेको आँगनमा काठका पिर्कामाथि केटालाई बसाउँछन् र बच्चाको मामाले कपाल काट्छन् । कपाल काट्दा शिखा समेत नबचाई कपाल खौरिन्छन् । त्यसपछि मादल बजाउँदै बच्चालाई लिएर सवैजना नदीमा नुहाउन जान्छनु । बच्चालाई नुहाई सकेपछि नयाँ कपडा, सेतो पगडी, गहना आदि लगाई दिन्छन् । त्यसपछि आमन्त्रित दाजु, भाई, इष्टमित्रले बालकलाई केही रूपियाँ, पैसा उपहार दिन्छन् । अनि साथमा बसेर जाँड रक्सी, प्रसाद आदि खानछन् । त्यसपछि नाचगान गर्दै घरतर्फ जान्छन् र घरमा सामान्य भोज हुन्छ । भोज ख्वाई सकेपछि आगन्तुक सवैलाई ढोगेर विदा गर्छ । यसरी दयित थारूहरूको मुरभ्वाज संस्कार सम्पन्न हुन्छ । तर वर्तमान समयमा यो मुरभ्वाज संस्कारमा पनि परिवर्तन हुदै गएको पाइन्छ । अन्य जातिको देखासिकिमा यो संस्कार गर्ने प्रचलन आएको कुरा पण्डित पौडेल बताउछन ।

### ४.१.४ भ्वाज (विवाह) संस्कार

विवाह दुइ आत्माको मिलन हो । यस संस्कारको मुख्य उदेश्य दुई अपरिचित स्त्री-पुरूष आफ्नो जीवनभरी एक-अर्कालाई दु:ख, सुखमा हरेक कुरामा साथ दिने र वंशज बढाउने साथै जीवनलाई अगाडी बढाउनु हो । विवाह संस्कार मानिसको जीवनको लागि महत्वपूर्ण संस्कार हो । यो संस्कार  वैदिक कालदेखिनै सुरू भएको मानिनछ । विवाहको विधि जाति र स्थान अनुसार फरक-फरक रहेका पाइनछ । यो विवाह संस्कार सवै जातिमा हुन्छ ।

त्यसैगरी कपिलवस्तुका थारूहरूको विवाह पद्धति पनि आफ्नै किसिमको छ । यिनीहरूमा विवाह मामा, फुफु, सानीमा, ठूलीआमा, दाजु, भाइ, दिदी, बहिनीका छोरा-छोरी बाहेक अन्य सबैसंग चल्छ । यिनीहरूको प्राय:जसो विवाह अभिभावकले नै निश्चित गरिदिन्छन्  आजकल भने  कसै कसैले प्रेम विवाह पनि गर्ने गर्छन । हरनामपुर विकुलीका थारूहरूको विवाह विभिन्न प्रकार ले गर्ने गर्दछन । थारू वालवालिका हरू धेरै शिक्षित भइसकेको पाइन्छ ।  जसलेगर्दा वैवाहिक कुरामा अभिावक ले सन्तानलाइ सोधेर मात्र निर्णय गर्ने गरेको पाइन्छ ।

१. साटो विवाह (मागी) -

२.प्रेम विवाह - प्रेमगरी भाग्ने वा घरबाट गर्ने विवाह

३. वहु विवाह - एक वा दुईश्रीमती राख्ने,

४. वालविवाह - बच्चामै प्राय १०,१२ वर्षमा विवाह हुन्छ ।

५. विधवा विवाह- विधवाले पनि विवाह प्राय भागेर नै गर्छन ।

६. भ्वाँर पैस्ना (घर ज्वाई) - छोरा नभएको केटिको घरमा घरज्वाईको रुपमा बस्ने गर्छन ।

थारूहरू वैध विवाह गर्दा फागुन महिनाको प्राय शुक्ल पक्षमा गर्ने गर्दछन् ।पहिले पहिले यिनीहरूमा बाल विवाह पनि गर्ने प्रचलन पनि थियो विवाह गर्दा केटाको भन्दा केटीको उमेर केही वर्ष बढी भए पनि सामान्य मानिन्थ्यो । किनकि थारूहरू  संयुक्त परिवारमा बस्ने र धेरै काम गर्नु पर्ने भएकोले यसो मानिन्थ्यो । यसरी सानो उमेरमा नै आफ्नो छोराछोरीको विवाह गराउनु भनेको परिवारको प्रतिष्ठाको विषय हुन्थ्यो ।

### ४.१.५ साटो विवाह

धेरैजसो घरका सबै निर्णय घरको सबभन्दा पाको व्यक्ति (घरधुर्या) ले गर्ने चलन छ । त्यसैगरी मागी विवाहको छिनोफानो पनि घरधुर्याले नै गर्दछन् । जुन घरबाट बुहारी ल्याइन्छ त्यही घरमा आफ्नो छोरी दिने गरिन्छ । जसलाई साटो विवाह भनिन्छ । यसलाई थारूहरूले उत्तम मान्दछन् । यदि साटो अनुकुल नभएमा “झाडा” भनी केटीको मोल लिने दिने गर्छन् । सो मोल आपसी समझदारीद्वारा गरिन्छ । यदि साटो विबाहमा दिएकी एकतर्फको केटी अन्य ठाउँमा गएमा या लोग्नेको घरमा नबसेमा दुवै घरमा ठुलो कचिगल ( झगडा) हुन्छ । छोरीलाई पनि ज्वाइ छोड्न लगाउछन । यसरी माइतीको आज्ञा मानी केहीले आफ्नो सन्तान र लोग्ने छाड्न गाह्रो मान्दैनन् । पछि त्यो केटीलाई माइतीले फेरी अनेत्र विवाह गराई असुल गर्छन् । यसरी साटो या झगडाको कुरा मिलेपछि अन्य केटा र केटीको घरमा विवाहको कुरा चलाइन्छ । केटी पक्षले छोरी दिन मन्जुर गरेमा केटा पक्षबाट ल्याएको च्यादरको टुम्पोमा र बर्छीर (लठ्ठी) मा रातो रङ्ग र सेतो टिका लगाइदिन्छन् । यसरी केटी पक्षबाट रङ्ग लगाइ दिएपछि विवाह पक्का भयो भनने बुझिन्छ ।यि प्रचलन धेरै पुरानो भएको र आजकाल भने हटिसकेको छ । केटा पक्षका मानिसहरू बंगुर (सुगुर) को मासु लिएर केटीको घरमा गई उसका बुबा, दाइ, भाइ अर्थात् पुरूषहरूलाई मात्र भोज खुवाई आफ्नो घर फर्कन्छन् । यसरी केटा पक्षका मान्छेहरूले केटीको घरमा बंगुरको सपेटा, एउटा गुन्द्री, भाले र रक्सि लगेर कटीको घरमा पुऱ्यायपछि केटी माग्ने प्रक्रिया पूरा भएको मानिन्छ । त्यसपछि विवाहको दिन तोकिन्छ । विवाह खास फगुन महिना, बुधवारको दिन त्यसमा पनि विशेष गरी साँझमा गरिन्छ । विवाहको कुरा सवै टुङ्गेपछि केटीले केटीको पक्षबाट केही वस्तुहरू माग गर्दछन् । केटीको माग भनुसारको सरसामान जस्तैः कपडा, चामल, नुन, तेल, आदि केटा पक्षले विवाहको एक दिन अगाडि पठाउने चलन छ । अनि विवाहको शुरू वा केटाको घरमा डयूलि फुट्ना (डयीलि डर्ना) कार्यक्रम गरिन्छ । यो साझतिर गरिन्छ । डयूलि फुट्ना कार्य गर्दा सबभन्दा पहिला सालको पातको ठुला ठूला दूइवटा टपरी बनाइएको हुन्छ । यो टपरी केटा मान्छेहरूले मात्र बनाउँछन् । टपरीको जडानबाट सात फनको हुने गरी टपरीको पात गाँसिनछ । टपरी गाँसी सकेपछि दुलहाको भाउजु, बहिनी (विवाह नभएको) अनि एकजना छोरीको मुख्य भूमिका हुन्छ । उनीहरू आफ्नो पूरा श्रृङ्गार गर्दछन् । दुलाहाका भाउजु, बहिनी र मामाको छोरीहरूबाट त्यो टपरी देवताथानमा लग्दछन् अनि रङ्गीचङ्गी गरी सजाएको दुइवटा ढकिया मध्ये एउटामा दुलाहाको

विहेको कपडा, सामान र अर्को ढकियामा मासको दाल र चामलसँगै मिसाइएको हुन्छ । त्यसपछि अघि बनाइएको दुइवटा टपरीले दुईवटा ढकियालाई छोपेर देवताथानबाट उनीहरूले नै दक्षिणतिरको कोठामा ल्याउन्छन् । यो कार्य दक्षिण तिरको तल्लो कोठामा गरिन्छ । त्यस कोठालाई गाईको गोवरले लिपिन्छ । अनि देवताथानबाट ल्याएको सवै सामग्रीहरूलाई पहिला सिन्दुर पानी र मद् (रक्सी) ले पुजा गरेर त्यहाँ राखिन्छ । त्यसपछि ढकियामा राखिएको चामल र मासको दाल एउटा जांतोमा राखिन्छ र दुलाहाको भाउजु, वहिनी र मतावाको छोरीले एक सासमा जातोमा पिसिन्छ । यो क्रम तीन चोटी मात्र दोहोरिन्छ । यस क्रममा दुलहाका आमा र अरू मानिसहरूले रमाइलो गर्दै गीत गाउंदै उनीहरूलाई व्यङ्ग गर्दछन् र त्यहाँको वातावरण नै रमाइलो किसिमको हुन्छ । त्यसलाई नै डयूलि फुट्ना भनिन्छ । यो कार्य गर्दा घरको आँगनमा हुने खानेले पञ्चेवाजा बजाउने गर्दछन् । मास र चामल पिस्ने काम सकेपछि पिसिएको मास र चामल अनि दुलाहाका सामग्री फेरि त्यहि प्रक्रियाले पुजागरी मद् (रक्सी) लाई प्रसादको रूपमा सवैले खान्छन् । अनि त्यो सामग्रीलाई टपरीले छोपेर फेरि देवताथानमा लग्छन् र पिसिएको मास र चामल देवली देवतालाई चढाई फेरि पुजा गर्दछन् । मासको डयूलि बाडा बनाएर भूइह्याँर देउताहरूलाई रक्सीको साथ पुजा गरी सबैले मासको डयूलि बाडा खाने गर्दछन् । अनि भोलिपल्ट विहान नदीमा गएर टपरी र अरू पूजा सामाग्री आदि सेलाउने गर्दछन् ।

त्यसै दिन मध्यान्हपछि सवै सेतो रङ्गको जामा, पगरी (पत्या) अनि कानमा मुन्द्री लगाएर सिंगारिएको दुलहा पहिले देवताथानमा गएर मद् ढल्काउँछ (रक्सी चढाउँछ) अनि त्यसपछि ल्हेनर्वा (लमी जस्तै) भनिने मानिस दुलहीलाई दिने लुगा, गहना बोकी अगाडि लागेपछि दुलहा काँधमा वर्छा राखेर (बोकी) पछि लाग्छ अनि दुलहाको अभिभावक, त्यसपछि जन्तिहरु पछि-पछि लाग्दछन् । त्यसपछि पञ्चेबाजा र तीत गाउँदै जन्ती हिड्छन् । जन्ती जाने क्रममा बाटोमा कुनै थारू गाउँ पऱ्यो भने त्यस गाउँको थारूहरूले जन्तीलाई केही वेर रोकी (परछक्की) जाँड र खानेकुराले स्वागत गर्दछन् यसरी स्वागत गर्न आफ्नो पवित्र कर्तव्य र ईज्जत मान्दछन् । तर यो प्रचलन क्रमशः हराउँदै गएको पाइन्छ दुलही लिन जाँदा दुलहा भूइह्याँर थान घुमेर जानुपर्छ ।

दुलहीको घरमा पुगेपछि दुलहीतर्फको महतौलाई दुलहाले भाले, रक्सी र गुन्द्री दिन्छ । रक्सी महतौले भूइयाँरमा लगेर ढल्काउँछ (चढाउँछ) दुलाहा पनि दुलहीतर्फको

भूयह्याँर थान घुम्दछ । दुलहाको ल्हेनर्वा, भोज्वा, अभिभावक र दुल्हाको मागे दुलहीको अभिभावकले र दुलहीका संगिनीहरूले घुमेर स्वागत गर्दछन् । दुलहालाई ढोकामा उभ्याएर लोहोरो, सिलौटा, मधानी आदिले दुलाहाको शरीर वरिपरि घुमाएर पर्सिने काम गरिन्छ र आगोमा तोरी पड्काइन्छ । अनि दुलहालाई धोदार (देवताथान) ल्याएको बर्छा गाड्न लगाई मद् ढल्काउन (रक्सी) चढाउन पठाउँदछन् । दुलहालाई पिर्कामा बसाई दुलहा समेतका सबै जन्तीहरूलाई जाँड, रक्सी, मासु आदि ख्वाई प्याई सकेपछि दुलहीका गोही (संगिनी)हरूले दुलहालाई तथा जन्तीलाई लादै तीखा छेड, छाड गाली पनि गर्ने चलन छ । दुलहीका घरमा नाच्ने केटा-केटीहरूलाई दुलहाले सक्दो पैसा दिन्छ । दुलहाका घरबाट लगेका जाँड झिकी दुलहीपट्टिका पनहर्नी (पानी बोक्ने) केटीहरूलाई दुलहाले ख्वाउछ । सो ख्वाउने क्रममा एकदमै रमाइलो गरी नाचगान पनि गर्दछन् ।

विवाहको अर्को दिन विदाको भात ख्वाईसकेपछि अपरान्हतिर दुलहालाई धोद्वारमा लगी मद् ढल्काउन लगाइन्छ । अघिल्लो दिन गाडेको वर्छा उखेली काँधमा राखेर दुलहा बाहिर निस्किन्छ । बाहिर दुलहीका निम्ति तयार पारिएको डोलीमा कपडा (जसमा हात्ती, घोडा, फूलबुट्टा आदि भएको कपडा-कपडा जोडेर बनाइएको हुन्छ) जसलाई 'झापन' भनिन्छ । त्यस कपडाले वेरेको दुलहीको डोलीमा जसमा अगाडि पट्टि घण्टी पनि झुण्डाइएको हुन्छ । डोलीलाई दुलहाको हातले छुदै प्रदक्षिणा गरेर दुलहा सहितका सबै जन्ती दुलहाका घर तिर फर्किन्छन् ।

साँझ जुन-तारा लागेपछि दुलहीतर्फकाले सो डोलीमा दुलहीलाई बोकी दुलहाको घरमा ल्याइपुऱ्याउछन् । दुलहीको डोलीमा रहेको घण्टी बज्दा दुलही आएको सङ्केत गर्दछ । दुलही नआउदासम्म दुलहा आफ्नो घरको पूर्वतिरको आँगनमा दुलहीलाई पर्खी बसेको हुन्छ । दुलही ल्याएपुऱ्याएपछि उसको स्वागतका लागि दुलहा उठ्छ तर वधुलाई सँगै खडा गराएर लावा, विनौला, सर्स्यु पर्सिएको बेसार भोजिन्याले उनीहरूलाई माथि छिट्छे र दुवैका टाउको जुधाई दिन्छ । त्यसपछि पुराना खर या वावियोमा आगो सल्काई पुरानो हाडीमा सो आगो राखेर त्यसमा विनौला, सर्स्यु आदि छर्की घरको पूर्वतर्फको ढोकाका संघारमा सो हाडी दुलहा र दुलहीले घोप्ट्याउनछन् । त्यसपछि वर र बधुले सो हाडीलाई गोडाले कुल्चेर फोरदै पश्चिमी मुख भएर भित्र पस्छन् । दलानमा लगी एउटै गुन्द्रीमा बसाएर पण्डितले यी दुवैको माथि सर्स्यू, पानी आदि छर्किदै फेरि टाउको जुधाउँछन् अनि दुलहीले दुलाहका गोडामा तेल

लगाएर ढोग्छे, त्यसपछि सबैले हातमा हात राखेर दुलहीलाई ढोग्न लगाइन्छ । दुलही दुलहाको घरमा आई पुगेपछि गरिने यो कार्यलाई परछना भन्दछन् । यो विवाहको मुख्य विधि हो ।

दुलाहा दुलहीलाई पर्सिने काम सकिएपछि दाउरा, जाँड आदिले दुलाहा वधुलाई बोकी ल्याउने मानिसको स्वागत गर्न उनीहरू बसेको ठाउँमा जान्छन् र गोडा धुने कार्य हुन्छ । यसरी सम्पूर्ण कार्य गरिसकेपछि घरमा देउता राख्ने कोठामा गएर दुलाहले वर्छी गाडी मद् ढल्काउँछ (चढाउँछन्) बचेको मद् (रक्सी) आफ्नो जुठो दुलहीलाई पिउन दिन्छ र मद् दुलहीले पिउछिन् । त्यसै दिन वा अर्को दिन गाउँको भूइह्याँर देवतालाई ढोग्न दुलाहा र दुलही जान्छन् । अर्को दिन माइती तर्फकाले बोकेको डोली चढी दुलही माइत जान्छिन् र वर्षदिन पछि आफूले बनाएका सीमका सामान ढकिया, ढक्या, बीडा, पिटकी (पेटार गुन्द्री) आदि कोशेलीको रूपमा (पठाउन आउने संगिनी) का साथ पतिको घरमा आउछे ।तर यो प्रचलन आजभोली लोप भइसकेको छ । विवाह भएपछि दुलहीका बुवा-आमा अथवा दुलहाका सासु-ससुरालाई जादा वा दशै मान्न जादा दाउरा, रक्सी सुगुरको मासु भाले, पिठो कुटेर आदि लिई जानु पर्छ ।

थारूहरूको विवाह अति खर्चिलो हुन्छ । भाँडा, लुगा, गहना आदि दिन त छदैछ, ३/४ दिन पछि सम्म ४/५ जना महिलाले पकाउने, जाड छान्ने, ख्वाउने मात्र काम हुन्छ । अरू जातीको विवाहमा जादा सिमित मान्छे मात्र जाने गर्छन  तर थारूको विवाहमा वढिनै जन्ती जाने गर्छन  । भोजमा जो कोही पनि निम्ता गरेक मानिश नै  जान्छन् ।

थारूहरूको रीतिरिवाज अरू जातिहरूको भन्दा भिन्न किसिमको हुन्छ । विवाहमा पनि फकाएर ल्याएकीलाई पनि वैध विवाह, मागी विवाहमा जस्तै भगाएर ल्याइकी दुलहीलाई भित्र्याउन भन्दा पहिले केटाका घरमा पूर्व तर्फको आगनमा टुप्पो काटेको केराको थाम गाडिन्छ र त्यसलाई टोपी लगाई दिएर सो थामलाई केटाले देखाउँदै केटीसित यो को हो भनेर सोधेपछि केटीले 'यो तोहार जार हो' भनी परिचय (चिन्हाए) पछि केटोले केटीसिट 'काटु' भनी तीनचोटी अनुमति मागछ । केटीले काट्ने अन्मति दिएपछि केटाले एकै चोटमा खुकुरीले सो केराको थाम काटेपछि विवाहको रितिरिवाजको साथ भित्राउछन् ।

त्यस्तै भ्वाँर पैस्नामा आफ्नो घरको थर छोडेर अर्काको घर ग्रहण गर्ने केटा वा केटीलाई र विधवा स्त्रीलाई पत्नीको रूपमा यसमा विधुवा स्त्रीलाई केटाको लुगा गहना पहिराई स्त्रीलाई पुरूष र पुरूषलाई स्त्री मानी भित्र्याइ विधि पूरा गर्ने गर्दछन् । थारूहरूको मागी विवाह र प्रेम विवाह बाहेक अरू सबै लोप भएको र कुनै लोप हुने अवस्थामा छन् । वर्तमान समयमा आएर थारूहरूको विवाह अरू जातको देखासिकिमा वा आधुनिक पारामा हुनथालेको छ ।सिन्दुर हाल्ने, अनि दुलहाले र दुलहीले आफ्नो परम्परागत कपडा नलगाई सुट, वुट, अनि साडी आदि लगाउने प्रचलन वढ्दै गएको पाईन्छ ।

## ४.१.६ मृत्यु संस्कार

मानिस जन्मेपछि एक दिन मर्नु पर्ने यो एउटा ध्रुवसत्य हो । मानव जव जङ्गली अवस्थाबाट समाजमा वस्न थाल्यो र स्वर्ग, नर्क, पुर्नर्जन्म, आत्माजस्ता कुराको आध्यात्मिक कुराहरूको विकास हुन थाल्यो । तबदेखि मृत्यु भएका मानिसहरूको अन्तिम संस्कार गर्नु पर्ने रहेछ भन्ने भावना क्रमिक रूपमा विकास हुदै आयो । यिनै संस्कारहरूको प्रभाव हरेक जातिहरूमा परेको छ । यदि मृत्यु संस्कार राम्रोसँग भएन भने नराम्रो शक्ति (आत्मा) ले भूत, पिसाच, राक्षस आदि भएर मानवमात्र नभएर पशुपंक्षी र वालीनालीलाई समेत नोक्सान पुऱ्याउँछ र यदि मृत्यु संस्कार राम्रोसँग गरियो भने मरेको मान्छे स्वर्गमा गई फेरि पुर्नजन्म लिन्छ भन्ने विश्वास रहेको पाइन्छ । त्यसैले मृत्यु संस्कारलाई हरेक जातिले महत्वपूर्ण संस्कारको रूपमा मान्दै आएको पाइन्छ । त्यसै गरी थारू जातिले पनि मृत्यु संस्कार आफ्नै किसिमले गर्दछन् ।

कपिलवस्तु नगरपालीका को हरनामपुर गाउमा वसोवास गर्ने थारूहरूले मृत्यु संस्कारलाई उद्धार भन्दछन् । यसरी उद्धार गरिँदा कुनै मानिस मर्न लागेको छ भने मृतकको मुखमा हिरण (चामल र सुन पानी) राखी दिन्छन् । मरेपछि सबै अन्नको विउ, खाने चामल, दाल, मुर्दाका लुगा बोकी अगाडि लागेपछि उल्टो खटियामा मुर्दालाई रातो वा सेतो कपडाले छोपेर लासलाई पूर्वी ढोकाबाट घाटतिर लागिन्छ र घरका आइमाइले मुर्दालाई सुताएको ठाउँमा गाईको गोवरले लिपपोत गरी पीठो फिजाएर त्यस माथि बत्ति बाली सो बत्तिलाई डालो, डोको आदि वस्तुले छोप्दछन् । गाउँका सबै महिलाहरु मरेको घरमा एकत्रित भइ सो घर लिपपोत गरी सबै भाडा माझी एकसाथ नदीमा गई नुहाउँछन् । मलामीहरूले मुर्दाको साथ लगेका खाने सामान, लुगा आदि सबै मुर्दाका सिरानतर्फ राखिदिन्छन् । मुर्दालाई गाड्न

उत्तर दक्षिण पारेर खाल्टो खनिन्छ । उत्तरतिर शीरपारी पुरूषलाई घोप्टो र स्त्रीलाई उत्तानो पारी माथि राख्दछन् अनि नुहाएर टोपी फुकालेर घरमा फर्किने कुरा उदयराज थारू बताउछन ।

मलामी घर आईपुगेपछि पहिलेदेखि नै छोपेर बत्ति बालेको ठाउँबाट छोपेको चीज झिकिन्छ अनि एक दुईजना आइमाइले गहिरिएर सो पिठो फिजेको ठाउँमा हेर्छन् र जुन जनावरको पाईला देख्छन् मर्ने मानिसले सोही जनावरको जुनी पायो भनी विश्वास गर्दछन् । यसरी हेर्दा चरा, मान्छे तथा अन्य जन्तुको पाईला जस्तो भएको मानिन्छ । मलामीको निम्ति तेल, वेसार, नहालेका अनिलो दाल, भात र तरकारी समेत पकाएको हुन्छ । मृतात्माका निम्ति भनेर सबैले एक-एक कोरा (गाँस) पन्छाउँछन्, जसलाई कहर्ना भनी मृतकको नाममा, दालभात तरकारी भुईमा राखिन्छ । त्यसपछि दाल, भात र तरकारी खान गर्छन् । थारु जातीमा नुन खाने तर तेल वेसार भने नखाने प्रचलन छ ।त्यसपछि सोमबार या विहीबारको दिन जेठो छोरा भए त्यसले नभए कुनै एक छोराले कपाल फाली नुहाएर सेतो कपडा, पगडी (पप्चा), पौवा (खराउ) लगाई घरमा आउँछ । घरमा माथिबाट कुनै चीज नखस्ने स्थानमा जाल आदिले ढाकी कोठामा कसैलाई नछोइने बस्ने गर्छ । क्रिया बस्नेले विहान-साँझ नुहाउने, पानी आफैले ल्याई भात पकाई खाने, वेलुकी मकै भुटेर खाने गर्छन् अनि हरेक वेलुकी घर भन्दा अलि पर बाटोमा गएर बत्ति बाली क्रिया बसेको कोठाबाट बाहिर निस्कनु परेको खन्ती भएको लाठी हातमा लिएर र खराउ खुटामा लगाइए निस्कन्छन् अनि किरिया बसेको बाहेक अरू परिवारका सदस्यहरूले तेल, वेसार, मासु केहि नखाई वा अनिलो खाना खाने गर्दछन् भने अरू सबै गोतियारले छाक बार्दैनन् र सबैले खानाहरू खान्छन् । यिनीहरू जुठो परेको वेला पुजा। विवाह, आदि शुभ कार्य गर्दैनन् । यिनीहरूले ७ या ९ दिनमा सोमबार वा विहिवार पारेर शुद्ध शान्ति गर्दछन् । यसरी चोखिँदा घरका सवै उमेर पुगेका मानिसले नुहाई, गौत, सुनपानी छर्कन्छन् अनि क्रिया बस्नेले दाल, भात, तरकारी सुंगुरको मासु, मृतात्मालाई पिण्ड समेत दिई ९ पुस्तालाई पिण्ड दिने गर्छन । त्यसवेला बनाएको खाने कुरा वाहिर लान र बासी राख्न हुँदैन भनने मान्यताले गर्दा बाँकी रहेको खानेकुराहरूलाई जमिन मुनि गाँड्ने गर्छन् । यसरी क्रिया बस्दा प्रयोगमा ल्याएका सामान, भाडाकुडा, सबै माटोको हुन्छ वा सबै त्यसलाई फुटाली फ्याकी दिने गरिन्छ । अनि आफ्नो सामर्थ्य अनुसार नयाँ देउता बनाइन्छ जसलाई पित्र् बनाउने भन्छन् । त्यसमा सुङ्गुरको पाठा, बाख्राको पाठा, चल्ला आदि चाहिन्छ । यदि घरमा बाधा व्यवधान परिरहेमा

पछिल्लो उद्धार कार्य विधिपूर्वक नभएको कारणले हो भनेर उद्धार कार्य फेरि दोस्रो या तस्रो पटक पनि गर्ने गर्दछन् ।

यी विभिन्न प्रक्रियाद्वारा अन्त्येष्टी (मृत्यु) संस्कार गने पनि आजभोलि यो संस्कार गर्ने प्रक्रियामा भने केही परिवर्तन आएको देखिन्छ । हाल थारूहरूले मृतकलाई गाड्ने चलनलाई छाड्दै लासलाई नदीमा लगेर जलाउने पनि गरेको पाईन्छ ।

## ४.२ थारुहरुले मनाउने चाडपर्वहरु

## ४.२.१चाडपर्व

चाडपर्व हरेक जातजातिको आफ्नो संस्कृतिक आधार हो भने लोक जीवनको मनोरञ्जन विश्रामको अवसर पनि हो । प्रत्येक जातजातीले आ-आफ्नो रीतिरिवाज, चाल-चलन अनुसार विभिन्न चाडपर्वहरू मनाउने गर्दछन् । चाडपवएले मानिसको व्यवहार संस्कार आदिलाई कायम गर्दै आफ्नो जातिको पहिचान कायम गर्दै आएको हुन्छ । जसले गर्दा चाडपर्व मानिसको अभिन्न अंग बनेको छ । धनी, गरिब, ठूला, साना, शिक्षित अशिक्षित जसले पनि आ-आफ्नो धार्मिक आस्था अनुसारको चाडपर्व मान्दछन् । यी चाडपर्व कुनै घटना, धार्मिक, ग्रन्थहरूमा वर्णित देवी देवतहरूसँग सम्वन्धित घटनाहरूका आधारमा खुशीयालीसँग, कुनै सरल सम्बद्धसँग जोडेका हुन्छन् । यसै गरी थारूहरूले पनि चाडपर्व मनाउनुको पछाडि पनि थुप्रै कारणहरू रहेका छन् । त्यसैगरी थारूको चाडपर्व विभिन्न समयमा विभिन्न नाम दिई प्रत्येक चाडपर्वको फरक फरक विधि विधान अनुसार मनाउने गर्दछन् । यी चाडपर्वको पनि आफ्नै संस्कृतिक, धार्मिक, सामाजिक तथा आर्थिक महत्व रहेको पाईन्छ । यी सबै चाडपर्वमा लगभग मासु र जाँड अनिवार्य रहेको पाइन्छ । त्यस मध्ये दलित थारूहरूले वर्षभरिमा विभिन्न चाडपर्वहरू मनाउँछन् । त्यहाँ केहि मुख्य मुख्य चाडपर्वको बारेमा वर्णन गरिन छ । ती हुन् क) माघी, ख) कृष्ण अष्टमी, ग) अतुवारी, घ) बडादशैं, ङ) तिहार आदि ।

## ४.२.२ माघी अर्थात माघे वा मकर संक्रान्तिः

यो चाडलाई सबै थारूहरूले नयाँवर्षको रूपमा धुमधामका साथ मनाउने गर्दछन् । यो पर्व मनाउनको मुख्य कारण बसन्त ऋतु पनि यहि बेलादेखि सुरूवात हुने भएकोले किसानहरूको लागी यो पर्वको महत्व वढि  रहन गएको हो र यसै उपलक्ष्यमा नयाँवर्ष सुखः समृद्धि र फलिफाप होस भन्ने कामनाका साथ यो पर्व मनाउने गर्दछन् । यसै समयमा यिनीहरूले वार्षिक खर्च र आम्दानीको हिसाव किताव पनि गर्ने गर्दछन् । थारूहरूको माघी पर्व सामाजिक दृष्टिले पनि उत्तिकै महत्वपूर्ण मानिन्छ । यस पर्वमा धनि, गरीव, ठुला, साना आदि सबैले कुनै भेदभाव नराखी एक अर्काको गाउँमा र घरघरमा गई खानपान तथा नाचगान गर्ने गर्दछन् । यस माघी पर्वमा परिवारको सबै सदस्य जहाँ भएपनि एकै ठाउँमा भेला भएर मनाउने गर्दछन् । परिवारको कुनै सदस्य आर्थिक उपार्जनको लागि बाहिर गएको छ भने पनि यो पर्वको लागि ऊ गाउँघर आइपुग्छ । यस चाडमा कमैया, कम्लरी बसेकाहरूको लागि पनि घरमा गएर चाड पनाउन बिदा दिने परिपाटी रहेको छ । यस समयमा उनीहरूले कमाएको अन्न पैसाले परिपूर्ण हुन्छ जस्ले गर्दा यो चाड मनाउन धेरै समस्या पर्दैन । यो चाड समग्रमा हेर्दा सामाजिक सद्भावना तथा समन्वयका माध्यमको रूपमा मान्न सकिन्छ ।

यो चाड सांस्कृतिक दृष्टिकोणले पनि अति महत्वपूर्ण मानिन्छ । किनभने यस पर्वमा सबै केटाकेटी युवायुवतीहरू जम्मा भएर मादल, भ्याली, मजुरा, ताली बजाएर माघी गीत गाउँदै, युवाहरूले बाजा बजाउने र युवतीहरू नाच्ने गर्दछन् । यवायुवतीहरूको अलग अलग समूह हुन्छन् । यो नाच गीत र बाजाहरूको तालमा केन्द्रित भएर नाचिन्छ । यिनीहरू नाच्दै गाउँदै गाउँका घरघरमा र मालिकहरूको घरमा पनि जान्छन् । माघीको यो नाच हप्ताभरि रंगिचंगी लुगा लगाएर श्रृंगारपटार गरी नाचगान गरिन्छ ।

आर्थिक दृष्टिले पनि थारूहरूको यो पर्व महत्वपूर्ण मानिन्छ । पर्वको अन्तिम समयमा वषर्भभरी काम गरको के कति लेनदेन गर्नु पर्ने हो सबैको लेखाजोखा गरिन्छ र आउदो बर्षको लागि के कति, कस्को घरमा कमैया बस्ने, कस्ले कस्को खेतीपाती गर्ने, अधिया लगाउने, कस्को घर छोड्ने, आदि सबै कुराहरू यसै पर्वको अन्तमा गरिन्छ । यसरी बार्षिक आम्दानी खर्चको हिसाव किताव अर्थात् बर्षको नयाँ खाता खोल्ने र पुरानो खाता बन्द गर्ने कार्य यहि माघिको बेला गर्दछन् ।

सामाजिक रूपमा महŒवपूर्ण रहेको यो माघी पूर्व स्थान अनुसार केहि फरक फरक रूपमा मनाउने गरेको पाइन्छ । यस क्षेत्रका थारूहरूको माघी पर्व मनाउने परम्परालाई यहाँ विशेषरूपमा प्रस्तुत गरिएको छ ।

माघे संक्रान्ती सुरू हुनु भन्दा केहि दिन अगाडिदेखि नै पर्वको लागी सरसमानहरू जुटाउन थाल्दछन् जस्तै दाउरा जम्मा गर्ने, जंगलबाट मालुको पातहरू ल्याउने, त्यसको दुना टपरी गास्ने, जांडरक्सी बनाउने, तेल पेल्ने, नदि तलाउमा गएर माछा मार्ने आदि कार्यहरू गर्दछन् । यो पर्वमा सबैले नयाँ नयाँ लुगा लगाउने र मिठो मिठो परिकारहरू खाने गर्दछन् । माघी पर्वको अघिल्लो दिन अर्थात पौष मसान्तको दिन सुंगुर, खसी आदि काटेर मासु खाएर बडो धुमधामसँग मनाउने गर्दछन् । माघीमा दयित थारूहरूले खाने मुख्य परिकारहरूमा चामलको धिकरी, तील, मुरहीको लड्डु आदि बनाउने गर्दछन् । सठौरा बनाउनको लागि यसमा सखरखण्ड, तरूल, फर्सि उसिनेर राख्दछन् । माघ महिनामा नाच्ने नाच मध्ये झुम्रा र छोक्रा नाच प्रमुख हुन भने दमरू गीत पनि गाइन्छ भने कपिलवस्तुमा पनि प्राय त्यस्तै अवस्था रहेको छ, प्राय दाङ्ग र कपिलवस्तुका चाडपर्व उस्तै किसिमले मनाउँछन् ।

माघीको पर्वको अघिल्लो, मसान्तको रातभरी नाचगान गरी बिभिन्न थरकि मिठामिठा परिकार खाई रमाइलो गर्दछन् । अनि माघ १ गते, माघको मुख्य दिन बिहान सबेरै गाउंका मानिसहरू एकत्रित भएर नदी, पोखरी, तलाउ आदि ठाउँमा बाजागाजा बजाउँदै गीत गाउँदै थारूहरू नुहाउन जान्छन् । नुहाइसकेपछि लुगा लगाई नुहाएको जलाशयमा पैसा चढाउंछन् । यो दिन सन्तान नभएकाहरूले र सन्तान भएर पनि नबाँचेकाहरूको श्रीमान श्रीमती नदिको संगममा गई नहाएर सन्तानको वर माग्ने गर्दछन् । लुगाफाटाहरू सुनपानीले चोख्याई लगाउने गर्दछ । नदीमा स्नान गरिसकेपछि पाको व्यक्तिले चामल पिंधेर बनाएको सेतो टिका लगाउनुको साथै सबैलाई आर्शिवाद दिने कार्य गर्दछन् । त्यस पछि बाजागाजा बजाउंदै नाचगान गर्दै घर फर्किन्छन् । यो पर्वमा बिवाह भइसकेका चेलिवेटी र अरू कन्याहरूलाई चामल, नुनु, र उर्दको दाल र सक्दो पैसा दान भेटी पनि दिने गर्दछन् । जस्लाई निश्राउ कहार्ने (छुट्याउने) भनिन्छ । यो कार्य गर्दा तीनवटा टोकरीमा चामल, नुन र उर्दको दाल राखी घरमुली (थकाली)बाट सुरू गरि सबै भन्दा कान्छोमा गई अन्त्य गरिन्छ । यस टोकरीबाट सबैले तीन अञ्जुली झिकेर अर्को भाडोमा राखिन्छ । त्यसपछि नाचगान, खानपान सुरू गरिन्छ । यसरी यो क्रम पांच छ दिनसम्म चलिरहन्छ ।

यसको भोलिपल्ट विहान महतोको घरमा इष्टमित्र, जस्को जग्गा जोतेको छ, जस्को घरमा काम गर्न बसेका छन् त्यो घरमा गई माघी दिवानी (भरमा डिक्री, रोटी, जाँड, रक्सी, मासु आदि पुर्‍याउन जाने चलन छ । यो पर्वमा घरमा परवारले आफुभन्दा ठुलालाई ढोग्ने, आर्शिवाद लिने दिने कार्य गरिसकेपछि गाउँमा सबैसँग ढोगभेट र आर्शिवाद लिने दिने गर्दछन् । यसरी यो चाड वर्तमान समयसम्म पनि महत्वपूर्ण चाडको रूपमा विद्यमान रहेको पाइन्छ । तर यो चाड मनाउने तरिकामा भने केही परिवर्तन आएको पाइन्छ । हाल आएर यो चाडमा थारू थरूनीहरू आफ्नो परम्परागत भेषभुषामा सजिसजाउ नभई केही मात्रमा पहाडी मूलका मानिसहरूको पहिरनमा सजिसजाउ भई गरगहनाले सुसज्जित हुने परिपाटी देख्न थालिएको छ । थारू जातीले माघी गीत पनि राम्रो संग गाउने गर्छन । कपिलवस्तु जिल्लाका थारुहरु र दाङ्गका थारुजातिको सस्कार, सस्कृतिमा लगभग समानतानै रहेको पाइन्छ ।

**माघी गीत**

हर साल आइत माघी .......हो ।

यिहे माघ महिना मे,

नवसाल आइत हरदम हमर माघ ,हमर माघ महिना,

चारोवर बा प्यारकी मौसम ,खुसी अपनके वहारमे,

आज गाँउ संघरी हर माघी तिहारमे ,

खिचडी ,ढिकरी सिकार खायो,

घोघी, मछरी अचार खायो,

झुमरा नाँचे नाँचो ,

हरसाल आइत माघी .............हो

## ४.२.३ अष्टिम्कि (कृष्ण जन्माष्टमी)

यो दिन भगवान श्री कृष्ण जन्मेको दिन हो । यो दिनमा थारूहरूले पनि अष्टमीको पर्व धुमधाम मनाउने गर्दछन् । यो पर्व भदौ महिनामा मनाउने गरिन्छ । यो दिन थारू-थरूनीहरू ब्रत बस्ने गर्दछन् । बिधुवा महिलाहरू यो ब्रत बस्दैनन् । आजभोलि बिशेष गरी बठनिया (युवती) कन्याहरू मात्र यो ब्रत बसी पुजा गर्ने प्रचलन रहेको पाइनछ । अष्टमीको दिनभर ब्रतालुहरू निराहार बस्दछन् । उनीहरू बिहान नदी, तलाउ वा खोलामा गएर नुहाईधुहाई गरी चोखो कपडा लगाई ब्रत बस्दछन् । बेलुकी सबै ब्रतालुहरू वडाघरमा जम्मा भएर भित्तामा भगवान कृष्ण चरित्र (जीवनी) संग सम्बन्धित बिभिन्न खाले भित्तेचित्र बनाएर भगवान कृष्णको पूजा गर्दछन् । यसरी चित्र बनाउने काममा बिशेष गरी थरूनी महिलाहरू संलग्न हुन्छन् । भित्ते चित्रमा बिभिन्न रंगहरूको प्रयोग गरी बनाइएको हुन्छ । कृष्णको पूजागर्ने क्रममा कृष्ण सम्बन्धी गीतहरू गाउँदै कृष्णको आराधना गरिन्छ । उनीहरू आफ्नो घरको कुलदेवता स्थानबाट पूजा थाल (टपरी) पा चामल, फुल, बत्ति, उखु, अमला, ज्यामिर, धानको बाला, धुप, सिम्रिक, दुबो, काँक्रो, सुपारी आदि राखी महतौको घरमा गई कृष्णाष्टमीको राती सबैजना मिली सामूहिक पूजा आराधना गरी दियो बालि पूजा गर्दछन् । पूजा गरिसकेपछि फलाहार गर्ने गर्दछन् । रातभरी कृष्णको भजनकिर्तन गर्दछन् । अर्को दिन बिहान खोला, नदी वा तलाउमा जाने क्रममा मादल बजाउँदै गीत गाउँदै, नाच्दै फूलपाती सेलाइ सकेपछि नुहाएर घरमा आई फेरी पुजापाठ गर्दछन् । त्यसपछि बिभिन्न थरीका मिठा परिकारहरू बनाएर जस्मा तिन देखि नौ थरीका तरकारी पकाएर खाने गर्दछन् । यसरी बिभिन्न परिकारयुक्त भोजन पछि बजारतिर घुम्न गई रमाइलो गर्दछन् ।

कपिलवस्तुका थारूहरूको यो चाड मनाउने परिपाटी पनि समय अनुसार परिवतर्न हुँदै गएको पाइनछ । यो चाड विगतमा वडाघरमा जम्मा भएर मनाउने गर्दथे भने हाल आएर प्रायः आ-आफनै घरमा कृष्णको पूजा आराधना गरी मनाउने गरेको पाइनछ । यो चाडको क्रममा भित्तामा बनाउने कृष्णको पूजा आराधना गरी मनाउने गरेको पाइन्छ । यो चाडको क्रममा भित्तामा बनाउने कृष्ण चरित्र सम्बन्धि चित्र परम्परागत रंगहरू प्रयोग नगरी हाल आएर बजारमा पाइने बिभिन्न रंगहरू नै प्रयोग गर्ने गरको पाइन्छ ।

### ४.२.४ अट्वारी (अत्वारी)

यो चाड हरेक वर्ष भदौ महिनाको कृष्ण जन्माष्टमी पछिको औंसी पछिको पहिलो आइतबारको दिन मनाउने गर्दछन् । आइतबारको दिन ब्रत बसेर मनाउने चाड भएर यस्लाई आत्वारी अर्थात बड्का इतवार भनेको हो भन्ने विश्वास गरिन्छ । यो आत्वारी ब्रत हरितालिका तीजको दिन आइतबार परे सो दिन र सो दिनमा नपरे तीज पछिको आइतबारका दिन आइतबार पारी बस्ने गर्दछन् । यो ब्रत पुरूषहरूले मात्र बस्ने गरेको पाइन्छ । यो पर्व मनाउनुको महत्वबारे थारू समाजमा एउटा धार्मिक कथा पाइन्छ । जस अनुसार एक पटक थारूलाई ठुलो विपत्ति आइपऱ्यो । थारूहरु माथि दुश्मनहरूको आक्रमणले थारूहरू युद्धमा जित्ने नदेखेपछि त्यसमा थारूहरूले सहयोगको लागि पाँच पाण्डपका भाइहरू मध्ये भीम कहाँ गए । त्यसबेला भीम रोटी पकाउँदै थिए । थारूहरूले आफूसँग सहयोग माग्न आएपछि भीम रोटी पकाउन छोडेर थारूहरूको सहयोगको लागि युद्ध मैदानमा गए । यता भीमको रोटी हेर्न बसेका केहि थारूहरू भीमको रोटी डढ्न लागेको देखेर त्यस रोटीलाई फर्काउन खोज्दा उनीहरूले रोटी फर्काउन सकेनन् र त्यो रोटी त्यहि डढी रह्यो । उता भीम यद्धमा थारूहरूका सबै शत्रुहरूलाई पराजित गरी युद्धमा विजयी भए । यहि समयदेखि भीमको सम्झना र युद्ध जितेको खुसियालीमा यो पर्व मनाउन थालेको विश्वास गरिएको छ । दाङ्ग जिल्लामा पनि विशेष रुपमा मनाइन्छ ।

यो पर्व दुई दिनसम्म मनाइन्छ । आइतवारीको अघिल्लो दिन अर्थात शनिबारको रात भाले बास्नु अगाडि थारूहरूले दर खाने गर्दछन् । दर खाँदा माछा, मासु, रोटी, भात, तरकारी आदि बिभिन्न परिकारहरू दरको रूपमा खान्छन् । भोलिपल्ट बिहान अर्थात आइतबारको दिन बिहान नुहाई धुहाई सुद्ध भएर पानी पनि नखाई ब्रत बस्दछन् । ब्रत बस्दा बिहान चुल्होमा चोखो आगो बालिन्छ । यसरी आगो बाल्दा आगोलाई मुखले नफुकि देप्चीले आगो हम्किनु पर्दछ, अन्यथा आगो जुठो भएको मानिन्छ । त्यसपछि अनदी चामलको रोटी र पाँच पाँच वटा पुरी पकाइन्छ । यसरी भीमलाई चढाउन रोटी, पुरी पकाउँदा नफर्काइ, एकोहोरो पकाइएको पहिलो रोटी, पुरी भीमको लागि छुट्याइन्छ । त्यहि रोटी दिउँसो भीमलाई पुजा गरी फलफूलसँगै चढाइन्छ । त्यसपछि बिवाह भएका दिदीबहिनीहरूलाई रोटी, फलफूल, तरकारीहरू छुट्याइन्छ, जसलाई अग्रासन भनिन्छ । साँझ फेरी नुहाएर भीमको पूजा गरी आगोमा ध्यूको होम गरी जल आचमल गरी फलाहार गर्दछन् । प्रसादका

रूपमा रोटी पाँच पाँच जोडा, अम्बा, दहि आदि आगोमा अर्पण गर्दछन् । यो दिन नुन खाँदैनन् । फलाहार गर्नु अगाडि दुना टपरीमा आफ्ना बिवाहित चेलिबेटीलाई प्रसाद छुट्याइन्छ ।

दोस्रो दिन, अर्थात, भोलिपल्ट बिहानै ब्रतालुहरू विभिन्न प्रकारका मिठा खानेकुरा, माछा, मासु, र बिजोडा संख्यामा तरकारी जस्तैः ३, ५, ७, ९, ११, वा १३ थरीका पकाउँछन् । यसरी खानेकुरा पकाइ सकेपछि अग्नि देवतालाई अर्पण गरि “अग्रासन” का रूपमा छुट्याएर खान्छन् । अग्रासनका रूपमा छुट्याएका सबै खानेकुरामा अरू थपेर बिवाहित चेलिबेटीहरूलाई घर घरमा पुऱ्याउन जान्छन् ।

## ४.२.५ बड्या दश्या (दशैं) दशाहरा

बडादशैं अर्थात **बडया दश्या**अन्य जातिहरूले मनाउने बिजयादशमीको दिन असोज वा कार्तिक महिनामा मानाउंछन् । यस पर्वलाई दयित थारूहरूले माघीपछिको दोस्रो मुख्य पर्वको रूपमा मनाउने गरेको पाइन्छ । यो पर्व असत्य माथि सत्यको जीतको खुखियालीको रूपमा मनाइन्छ । खेतिपातीको कामबाट फुर्सद भएपछिको पर्व दशैंको एक महिना आगाडिदेखि नै कन्याहरूबाट महाभारत, रामायण, कृष्ण चरित्रसंग सम्बन्धित गीतहरू तथा छोटकीमार (रामायणको लडाइं) गीत गाउँदै, मादल बनाउँदै नाच्ने गर्दछन् । दयित थारूहरूले घटस्थापनाको पाँचौ दिन अर्थात पञ्चमीको दिन श्राद्ध गर्ने गर्दछ । दशैमा श्राद्ध गर्ने चलन दयित थारूहरूले पित्तर देना भनी दाल, भात, तोरीको साग आदिको परिकार पकाई ७ या ९ पुस्ता सम्मलाई पिण्ड दिने गर्दछन् । त्यसको भोलिपल्टदेखि खानपिन, नाचगानको समारोह सुरू हुन्छ । नाचगान भन्दा अगाडि गुरइ (हरया गरइ) बाट दशैं सुरू हुन्छ । केटीहरू महतौको घरमा नाचगान गर्ने र गाउँलेहरूले पैसा उठाएर बडाबाको अगुवाईमा पैसा खर्च गर्ने गर्दछन् । त्यसपछि दशैंको चहलपहल सुरू हुन्छ । पञ्चमी या षष्ठीको दिन प्रत्येक घरका घुरीले आफ्ना घर, गुरूवाका घरबाट धूप (मौरीको टाउको काटेर बनाएको धुलो, बाँवरीको फूल, मकैको जमरा, गाईको ध्यू मिसाएर बनाएको एक प्रकारको धूप) बनाएर वा बनाइएको धूप ल्याई आफ्नो घरका देवतालाई चढाउछन् । यो धूप विना दशैंको पूजा हुँदैन भन्ने दयित थारूहरूको मान्यता रहेको छ । त्यसपछि अष्टमीको दिन घरमूली ब्रतबसी ढिक्री (अनदी चमल वा अन्य चामलबाट बनाएको एक प्रकारको रोटी) बनाएर पुज्ने चलन छ । नवमीको दिन बिहान नुहाइ चोखो भएपछि घरमा पुजा गर्दछन् ।

अनि घरको देवतालाई कुखुराको चल्ला, भाले, सुंगुर वलि दिने गर्दछन् । नवमीकै दिन गाउँका महतौको घरमा सबै थारू-थरूनीहरू भेला भई माटोको भाँडोमा रक्सी, मकैंको जमरा, दही लिएर टिका थाप्न जान्छन् । महतौंले दही, सेतो अक्षताको टिका लगाई मकैंको जमरा लगाई दिइसकेपछि जाँड र मासु खान दिन्छन् । महतौले थारूहरूलाई र महतौको श्रीमतीले थरूनीहरूलाई टिका र जमरा लगाई दिने चलन छ । यसरी टिकाटालो र खानपान सकेपछि सांझतिर बाह्रीमा आगो बालि गुरूवाले आगोको अगाडि नायाँ गुरूवा बन्न चाहने चेलाहरूलाई थारू भाषामा केहि मन्त्र पढाउँछन् । अरूले भने मादल बजाई दिन्छन् । गुरूवा र नवगुरूवा दुबैथरि स्यू स्यू (शिव शिव) भनी कराउन थाल्छन् । केटाहरूले जोशमा बलि राखेको आगोलाई गोडाले निभाई दिन्छन् । यसरी गोडाले आगो निभाउंदा पनि उनीहरूलाई आगोले पोल्दैन भनिन्छ ।

यसरी थारूहरूको दशैं औपचारिक रूपमा नवमीको दिनमा नै पूरा भइसक्छ । खानपान, नाचगान, पूर्णमाससम्म चलिनै रहन्छ । त्यस दिनसम्म महाभारत लडाई ( बड्कीमार), रामायणको लडाई (छोडकीकमार) का खेलहरू, नाटक र नाचगान गरी रमाइलो गर्ने गर्दछन् । यो पर्वको अन्तमा नवबिवाहित केटाहरू ससुराली जांदा भाले, कुर्सी, माछा, सुंगुरको मासु, रक्सी, जांड, गुन्द्री (बिशेष गरी रंगीचंगी) आदि लिएर जान्छन् तर यो सामान लग्ने चलन स्चान अनुसार फरक फरक रहेको पाइन्छ ।

थारूहरूले दशैमा आफ्नो पुरानो भएको देवता (घोडा) थानबाट फेर्ने गर्दछन् । केहीले बर्षबर्षमा नयाँ देवताहरू फेर्दछन् भने केहीले धेरै पुरानो भएपछि मात्र फेर्दछन् । यसरी थारूहरूले देवताको रूपमा स्थापना गर्ने माटोका घोडाहरू कुमालले बनाउने गर्दछ । यसरी स्थापना गरिने घोडाको मुख थारूहरूको आफ्नो जात र थर अनुसार फरक-फरक हुन्छन ।

यसरी यो पर्व थारूहरूले परम्परागत रूपमा बनाउँदै आएको ठूलो पर्वको रूपमा रहेको पाइन्छ । दशैं पर्वमा सबै इष्टमित्रहरू जम्मा हुने गर्दछन् । तर यो पर्व मनाउने परिपाटी समयअनुसार परिवर्तन हँदै आएको पाइन्छ । जस्तैः चामलको सेतो टिकाको सट्टामा रातो तिका लगाउनु, जौंको जमरा लगाउनु इत्यादि ।

### ४.२.६ तिहार

तिहार थारू समुदायको अर्को रमाइलो चाड हो । दशैंको अन्तिम दिन अर्थात कोजाग्रत पूर्णिमाको सोह्रौ दिन कार्तिक कृयण औंसीको दिन लक्ष्मी पूजाको दिनदेखि मनाउने गरिउकोले यस पर्वलाई "सोहराई" भनिएको हो । यस चाडमा पहिलो दिन त्रयोदशीमा पिठो कुट्नेलई "पिटकुटी" भनिन्छ । त्यहाँ पिठोको रोटी बनाई पानीमा डुबाएर सुरक्षित गरी पछिसम्म पनि खाइन्छ । चतुर्दशीको दिनमा सबै मिली माछा मार्न जान्छन् । गाई, वस्तु, कृषि औजार, घर दैलो आदिमा पिठो र सिंदुरले बनेको टीका लगाएर सिंगार्ने गरिन्छ । गाई गोरूलाई आँगनमा बाँसको किलो गाडेर बाँधिन्छ । कुभिण्डो, दुबो, नुन मिलाएर खुवाउँछन् । साँझ घरमा पुजा गरी भोलिपल्ट बिहान सम्म महिलाहरूले नाङ्लो ठटाउँदै मन्त्र गाउँदै भूतप्रेत भगाउने र लक्ष्मी भित्र्याउने गर्दछन् । तेस्रो दिन बेसार राखेर पकाएको भात, रक्सी बनाएको कुरा गाई वस्तुलाई खुवाउँछन् । हलो, कुटो, कोदालो, ढिकी, भकारीमा पूरा गर्दछन् । आँगनमा कुखुरा र गाडामा परेवा बलि दिएर पूजा गर्दै जाँड, रक्सी, माछा, मासु खाएर रमाइलो गरेर यो पर्व मनाउँछन् ।

यो पर्व थारू समाजमा सवै जातका थारूहरूले प्राय मनाउने गर्छन र थारूहरूले पनि यो पर्व धुमधामकासाथ मनाउँदछन्  । यो पर्व मकनाउँदा थारूहरूले गाई तिहार अर्थात औंसीको दिन बिहान आागनमा बाँसको लिङ्गो गाडी त्यसमा तोरण (बाम्बेको डोरीमा पिपलको पात, बाँवरीको फूल, घनसप्ती, आदि) टांगिन्छ । अनि गाईलाई नुन रोटी खुवाइन्छ । तिहारमा ढिकी पुज्ने पनि गर्दछन् । यसबेला चारकुने ढिकि बनाई देवतालाई पूजा गरिन्छ । त्यसपछि धोहारमा मदढल्काई (रक्सी, जाँड चढाउने) विभिन्न परिकार र बिशेष खानपिन गर्दछन् । थारूहरूले भाइटिका पनि गर्ने गर्दछन् । कपिलवस्तुका थारूहरूको तिहारको परम्परा प्राय पहाडिया सस्कृतिमा मिल्न गएको छ । हरनामपुरका पहाडिया समुदायकै टिका लगाउने देउसी भैलो खेल्ने गर्छन ।

### ४.२.७ रामनवमी

यो थारू जातिको वर्षभरिको अन्तिम पर्व हो थारूहरू रामनवमीका दिन व्रत वसी यो पर्व मनाउँछन् । दशैंपछि परेको दुःखको निवारण भई निवारणको लागि गरेको भाकल

यसै चाडमा बलि चढाउने गर्दछन् । देवस्थल थान गई आ-आफ्ना भाकल अनुसार पूजा गर्छन् । कराकोमा मेला हेर्न जान्छन् ।

थारू समुदायका केही पुराना बुढापाकाहरू आइतवारको दिन बुढवा इतबार भनी नुहाई-धुहाई गरी ब्रत पनि बस्ने गर्दछन् भने रक्षाबन्धनको दिनमा पुरोहितले गाउँका आफ्ना जजमानहरूलाई धागो बाँधि दिन्छन्  सो वापत दाल, चामल, नुन, बेसार आदि राखी सिदा र भेटी दिने पनि गर्दछन् । प्राय गुरुबा भन्दा पनि पहाडिया ब्राम्हणले हरनामपुरमा रक्षावन्धन बाधेको पाइयो भने दिदी बहिनीले राखी बाध्ने गर्दछन् ।

यसरी विभिन्न समयमा थारू समुदायले आफ्नो विभिन्न चाडपर्वहरू मनाउँदै आइरहेको छन् । थारू नारीको अर्को वास्तविक पर्व र सांस्कृतिक गहना “गोदना” हो । यसमा थरूनीहरूले आफ्नो हात्, खट्टा, अनुहार र छातिमा कालो मसीले लेखी मसिनो सियोले खोपी विभिन्न चित्रहरू कोरेर सिँगार्ने चलन छ । बिवाह पूर्व यसरी खोपिएका केटीहरू चरित्रवत् मानिन्छन् । भूतप्रेतको आँखा लाग्दैन भन्ने मान्यता पनि रहेको छ ।

यसरी थारूहरूको मुख्य पर्वहरूको साथै समय समयमा सानातिना चाडपर्वहरू पनि मनाउँदै आएको पाइन्छ । कतिपय पर्वहरू लोप भइसकेको र कतिपय लोप हुने अवस्थामा पुगेको छ जस्तो गुइडी पिटने, करहिया कटाउने जस्ता पर्व मनाएको पाउन सकिन्छ । यसरी बिभिनन थरकि चाडपर्व मनाउँदा थारूहरूले मनोरञ्जन गर्ने, खानपिनमा बिशेष महत्व दिएको पाइन्छ । यसरी चाडपर्व, धार्मिक र सांस्कृति उदेश्यले महत्वपूर्ण भए पनि बास्तवमा थारूहरूका यी चाडपर्वले थारूहरूको संस्कृतिलाई छुट्टै पहिचान दिई थारू जातिकै गनाको रूपमा रहेको छ ।

## ४.२.८ थारु सस्कृतिमा गरिने नाँचगान

कपिलवस्तु का थारुहरुले प्राय झुमरा नाँचलाई धेरै नै महत्वको रुपमा लिइन्छ । मादलको तालमा केटाहरुले केटीको भेष गरेर विचमा मादले र छेउ छाउँमा धोती लगाएका मारुनी जस्तो गरी तालमा ताल मिलाएर नाच्ने गर्छन । सखिया हो बातको उडि उडिजाय भन्ने जम्ता गितगाई नाच्ने गर्दछन्  र केही मानिसको आभुषणहरु समेत लगाएर नाच्ने हुँदा अत्यन्तै आकर्षक देखिने स्थानीय भुमरा लगाएर नाच्ने हुँदा अत्यन्तै आकर्षण देखिनै स्थानिय

भुमरा नर्तक पुनवासी थारु बताउँछन् । हातमा खैजडि र मुजुरा लिएर अन्य व्यक्तिले समेत साथदिने गर्दछन् भने विकास गर्दै रक्सी, मासुका परिकार पनि खाने गर्दछन् ।

आजकल आधुनिक तरिकाले पुरुष र महिला मिलेर पनि भुमरा नाँच नाच्न थालिएको छ । महिला आफ्नै पोशाकमा र पुरुष आफ्नै पोशाक लगाएर नाच्ने गरेको कुरा शोने थारुले बतउँछन् । यसको चित्र पछाडिको चित्र नं ७ मा उल्लेख गरिएको छ ।

नाटक : हरनामपुरका थारुहरुमा प्राय नाटकको पनि प्रचलन पहिला अर्थात करिब १०/१५ वर्ष अगाडि प्राय गर्ने गर्दथे । राज लिला नाटक गर्ने, कृष्ण लिला तर आजकल भने खासै यस्तो किसिमको गरेको पाइदैन, फिल्मी शैलीमा गीतको माध्यमबाट नाचगान गर्ने गरेको कुरा स्थानीय भिमबहादुर थारु बताउँछन् । पुराना नाटकमा अभिनय गर्ने चौधरी प्रसाद थारुले पनि युवा पुस्तामा यस्ता कुराको ज्ञान खासै नभएको र इच्छा पनी नगरेको हुनाले सस्कृतिको विकास नहुने होकी भन्ने चिन्ता गर्दछन् । यसरी थारु जातिका गजल गीत पनि प्रकाशन भएका छन् । प्राय नेपालमा थारु जाति धेरै विषयमा निपूर्ण भएको पाइएको छ । जस अनुसार :

खैलाका बोलु बोल्ना मुहे बन्द बा कि

भाव खुल्दा परिवेश फेन मन्द वा कि ।

कोपिला, वि.स.२०६२,पृ थारु सांहित्यको इतिहास

## ४.३ थारूहरूले पुज्ने देवी देवताहरू

कपिलवस्तु हरनामपुरका थारू जातिका मानिश हरुले गुरूवा पुज्ने गरेको देवगण, दुईथरी गुरूवा हुन्छन् । त्यस मध्ये पहिलो गुरूवा भनिन्छ जुन गाउँको साभा पूजा, दूईपटक गुऱ्याइ गर्ने, खरिहान बाध्ने, बडका पुजा (ठुलो पूजा) गराउने गर्दछन् । दोस्रोमा घर गुरूवा, जस्ले घर घरमा रोगव्याधी, बिध्नबाधाहरू हटाउने, कुखुराको चल्ला मन्साउने वराहको पूजा गराउने, पाती बस्ने प्रसरित पढ्ने आदि काम गर्दछन् । पाती बस्दा माटाका पालामा कडुवा तेल (तोरीको तेल) हाल बत्ति बाली त्यस पालालाई धागोमा भुण्ड्याएर थारू भाषामा मन्त्र गुन्गुनाउँदै घडिको लंगुर भुण्डिए भैं हल्लाउदै ईश्वरसित विरामीलाई सन्चो पारि दिन प्रार्थना गर्दछन् । यसरी पाती बस्नु सबै प्रकारका रोगव्याधी, बिध्नबाधाहरू मन्साउनको

लागि अनिवार्य प्राथमिक उपचार मानिन्छ । यस्ता पुजा पाठ प्राय बुढापाका भएको ठाउँमा हुने गरेको र नयाँ पुस्तामा खासै प्रभाव नपरेको पाइयो । पुराना मानिसहरुको भनाई अनुसार नयाँ पुस्ताले जिम्मा लिए हुन्थ्यो भन्ने भनाइछ तर बढ्दो आधुनिकताले गर्दा धेरै पर्वहरु ओझेलमा परेको कुरा महादेव थारु बताउँछन् ।हरनामपुरका थारु हरुले पूजागर्ने दिनहरुमा वा देवताहरुमा

१. भूइपुरिया वा बाको पुजा गर्छन् ।

२. मुरे बाबाको पनि पुजा गर्छन् ।

३. सोमैनाथ बाबाको पनि पुजा गर्ने गर्छन् ।

हरनामपुरका थारूहरूले पुज्ने अनेक देवगणहरू छन् । प्रत्येक थारूहरूको घरभित्र पुज्ने केहि देवता हुन्छन् भने केहि देवता घरको आगनमा र केहि देवताहरू गाउँदेखि अलि पर स्थापना गरिएको हुन्छन् । थारूहरूको घर प्रायः उत्तर-दक्षिण लामो गरि बनाइएको हुन्छ थारूहरूले घरको सबभन्दा उत्तरको कोठा र कन्हेवा भन्नेहरूले घरको सबभनदा दक्षिणतिरको कोठामा डरी (माटोबाट बनाएको दराज) ले छुट्याएर दुईवटा कोठाहरू बनाइएको हुन्छ । दक्षिणतिरको कोठाको पूर्वतर्फको कोठाको पश्चिमी भित्तामा जोडेर सानो बेदिका बनाइएको हुन्छ । बेदिका छेउछाउमा पनि बत्ति बाल्दछन् थारूले आफ्नो घरको अगाडि आगनमा सानो छाप्रो बनाइ सौरा भन्ने दङ्गिशरणलाई स्थापना गरी पूजा गर्ने गर्दछन् । यिनका लागि बाहनको रूपमा घोडा पनि राख्ने गरिन्छ । यी दुईथरी देवता बाहेक गाउँका साझा देवतालाई गाउँदेखि केह पर रूख वा छाप्रामुनि काठका अनेक थरी किल्ला, पुराना हलो, काठका फलियाका डप्पामा पाँचवटा मुखाकृति बनाई गाडेको हुन्छन् । त्यस्लाई "भूइह्याँर" भन्दछन् । यिनीहरूमा पनि बिभिन्न प्रकारका देवताहरू हुन्छन् । भूइह्याँरलाई पाँच पाण्डवको प्रतिक मानि तिनीहरूका प्रतिकको रूपमा काठको बेदि बनाइएको हुन्छ । थारूहरू प्रायः एकतल्ले अर्थात भुइतल्ला मात्र भएको घरमा बस्दछन् । यस एकतल्ले घरमा मात्र बस्नुको कारण भूत्वा देवताले गर्दा नै हो भन्ने मान्दछन् । यिनीहरू बर्तमान समयमा धेरै तल्लो भएको घर बनाए पनि घरभित्रको देवताथान भने भुइतल्लामा नै बनाउने गर्दछन् ।

यसैगरी सबै थारूगाउँहरूमा ब्रह्म स्थान, मरूवार (सामुहिक देवथान) स्थापना गरेका हुन्छन् । त्यहाँ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा २२ देवताहरू स्थापना गरेका हुन्छन् । जस्तैः डहरूचण्डी, पूर्वी भवनी, दनुवा, बाघेमधि, बहिरा रक्सा, भेर्वा (भैरव), पाँचो पाण्डो पन्नवा), बगार (बराह), भूइह्याँर (भूमिवार-भूमिपाल), घरकी मैयाँ (ग्रहमात्रिका), उल्टेका गुनी, चैती बहिन्या, खेक्री आदि । यसल

कुनै पनि जातीको वारेमा अध्ययन अनुसन्धान गर्दाखेरी त्कयस जातीको संस्कृतिको वारेमा अध्ययन गर्न जरूरी रहन्छ ।थारू जातीको एउटा महत्त्वपूर्ण विशेषताको रूपमा तिनको संस्कृतिको वारेमा अत्यन्तै लगावकासाथ जगेर्ना गर्नु र ति संस्कृतिको पालना गर्नु रहेको छ ।थारू जातीका अमूर्त संस्कृति अन्तर्गत थारूजातीका समाज, वसोवास स्थान ,भेष भूषा,आभुषण,कला ,भिते चित्र ,मूर्तिकला,थारू वाजाहरू लगायतका विषयलाइ मूर्त संस्कृतिको रूपमा लिइन्छ ।यिनै विषय वस्तुको कारणले गर्दानै थारू संस्कृतिको महत्व रहेको छ ।थारू जाती विशेष गरी आपफ्ना कला र संस्कृतिलाइ जगेर्ना गर्न ।र त्यस्ता संस्कृतिको हिफाजत गर्नको लागी वढि केन्द्रित रहेको पाइएको छ ।

कपिलवस्तु जिल्ला को हालको कपिलवस्तु नगरपालीका वार्ड न.९ मा रहेको हरनामपुर गाँउ र जगदिशपुर गाँउका थारू जातीमा विशेष गरी खेती पाती गरी फुर्सदको समयमा माछा मारेर खाने वयर टिपेर सुकायर राखी त्यसको अचारका विभिन्न परिकारहरू खानको लागी निकै नै सौकिखन रहन्छन ।तथापी स्थानिय कला कौशलका चिज विजहरू वनाइ विकी वितरण गर्ने समेत गर्छन ।खेती पाती को काममा विशेषगरी लाग्ने यस जाती का मानिसहरू मा प्रायगरी नगदेवाली अर्थात नगद आम्दानी हुने किसीमका काममा पनि गर्न लागेको पाइयो ।

थारू जातीहरू प्राय अन्य जातीको तुलनामा मिहेनेती जातीको रूपमा रहेका छन । हरनामपुर गाँउमा रहेका थारूहरू प्रायगरी कसिलो पाराले घर वनाएका छन । किनकी उनीहरूको समाज एउटा नमूना प्रकृतिको समाज रहेको र आपसमा भैै-झगडा नगरी सद्भाव देखाएर वसेका हुन्छन । थारू जातीमा जातियताको खासै कुरा ल्याउदैनन् । सानतिना कुरामा पनि खासै चासो नराखी आफ्ना दैनिक काममा प्राय तल्लीन हुने समाजको रूपमा थारू जातीको समाजलाइ वुझीएको छ ।

# अध्याय पाँच

# थारु जातीको मूर्त संस्कृतिको अध्ययन

## ५.१ गाउँवस्ती परिवार

हरनामपुर गाउका थारूहरू ले घर वनाउदाखेरी घरको बीचमा फराकिलो खाली ठाउँ छाडेर दक्षिणबाट उत्तरतर्फ लामो गरी सडकदेखि पूर्व या पश्चिमतिर घर बनाउँछन् । थारूहरू कुनै पूर्वपट्टि र कुनै पश्चिमपट्टि बस्दैछन् । घर एक तलाको र माटाले पाटेका खामा र बलाका आडमा हुन्छन् । आफ्ना गाई गोरूका लागि भनी केही ठाउँ छाडिएका हुन्छन् । दलानका पूर्व पश्चिमपट्टि समानान्तरमा एक एक ढोका हुन्छन् । जसका बीचमा राखिएको ढोकाबाट भित्र पस्छन् । भित्रको भागका दुवैतिर र डोरीहरू राखेर कोठाहरू छुट्याइन्छ । बीचमा बाटो हुन्छ । कोठाहरूमा स-साना खालका झ्याल बनाउँछन् । सबभन्दा उत्तरको कोठामा पूर्वतर्फ देवता थान बनाउँछन् । कोठा छुट्याउने डोरीमा धान भरेर त्यसैमा देवता थान राख्दछन् भने पश्चिमतिर भान्सा बनाउँछन् । प्रायः संयुक्त परिवारमा बस्ने हुनाले घर बनाउँदा धेरै लामो बनाउने गर्दछन् । थारूहरूलाई 'भुत्वा' (भूत) ले तले घरमा बस्न दिँदैन र अफाप हुने विश्वास राख्दछन् र आफ्ना देवतालाई भुइँ तलामा राख्दन् । तर वर्तमानमा आएर थारूहरूले ठूला र तले तथा पक्की घरहरू बनाउन थालेका छन् । तर जति सुकै आधुनिक घर बनाए पनि अझैसम्म आफ्नो देवताथान भुइतलामा नै राख्दछन् ।

यी जाति भूतप्रेतसित ज्यादै डराउँदछन् । कुनै मानिस विरामी परेमा पहिले गुरूवा समक्ष झारफुक गराउँछन् । यदि सञ्चो भएन भने मात्र अन्य औषधि उपचारतिर लाग्दछन् । यिनीहरूले आफ्नो घरको आँगन अगाडि गाई, भैंसी, बाखा, आदि जनावरहरू बाँध्ने कुरा थारुहरु बताउछन ।

थारू जातिमा अहिलेसम्म पनि सामूहिक परिपाटी देख्न पाइन्छ । थारूहरूको समाजमा महिलाको विशेष भूमिका रहेको हुन्छ । लगभग उनीहरू लोग्ने मानिससरह हक राख्दछन् । यो जातिमा घरको सम्पूर्ण रेखदेख घरको मुलीले गर्ने गर्दछन् । तर जेठो वा पुरूष नै हुनुपर्छ भन्ने अनिवार्यता हुँदैन, घरको जेठो शारीरिक वा मानसिक रूपले अयोग्य भएमा सबैको राय सल्लाहमा काम गर्न सक्ने योग्य सदस्यलाई घरमुलीको जिम्मा दिइन्छ ।

यस कामको लागि थारू महिला पनि 'घर मुखिया' घरधूर्या बन्न सक्छन् । घरको मुखियाले सबै सदस्यहरूलाई जम्मा गरेर कामको बाँडफाँड गरी उनीहरूलाई आ-आफ्नो कामको जिम्मेवारी दिइन्छ ।

संयुक्त परिवारका झगडा भएमा घरमुली घरमुली बसेर मिलाउने गर्दछन् । माइतबाट पाएको दाइजो पेवामा समेत सम्पूर्ण सदस्यको बराबरी स्वामित्व रहेको हुन्छ । तर कोहीमा कुखुरा, हाँस, खसी, सुङ्गुर आदि जनावर पाल्ने आ-आफ्नो स्वतन्त्रता हुन्छ तर यसको हेरचाह भने सबै परिवारले गर्दछन् । थारूहरू छुट्टाछुट्टै बस्न पनपराउँदैनन् । सामान्यतयाः वन, नदी नजिक पारेर बाक्ला गाउँहरू बसेका हुन्छन् । यिनीहरूले अन्नपात सरसमान राख्ने माटाका कलापूर्ण ठूला साना भण्डार बनाएका हुन्छन् । मुजा बनाएर बाँसका थकारी र चापाटे कोठा पनि बनाएका हुन्छन् । लुगा-गहना आदि राख्न यिनीहरूले आफैले बनाएको ढकिया बीडा आदिको प्रयोग गर्दछन् ।

थारू गाउँहरूको काम कारवाही पनि सामुहिक नै हुन्छ । गाउँलेहरू एकै ठाउँमा जम्मा भएर परिआएको काम कुराको सल्लाह गर्दछन् । घरघरमा घरमुखिया (घरधूर्या) भए झै गाउँभरिमा वड्को घरिया (महतौ) चुन्दछन् । महतौ (मतावा) ले नै 'कचहरी' बोलाउँछ र सवै जम्मा भएर गरेको निर्णय मात्र गाउँमा लागू गर्दछन् । गाउँलेहरूले एकै ठाउँमा 'भरवास' विघाड, खरिहान बनाएका हुन्छन सबै गाउँलेहरू मिलेर गाउँको काम गर्ने र एक अर्कालाई सहयोग गर्दछन् । बेला मौकामा गाउँ भरिका मिलेर शिकार खेल्ने पनि चलन छ । यिनिहरू आला बर्छी जाल लिएर जगलमा मृग, वदेल खरायो आदि  को शिकार गर्दछन् । प्रायः सबै जसो थारूहरू जहाँसुकैको होस यिनीहरूको सवभन्दा प्रिय शिकार माछा हो । गाउँभरीका मान्छे जम्मा भएर माछा मार्दछन र निकै उत्साहित पनि देखिन्छन् । घरमा प्रायगरी संयुक्त परिवारनै हुन्छ  । एउटा घरमा प्राय ५० जना सम्मको परिवार वसेको सम्म भेटिएको  छ ।

## ५.२ पहिरन

कपिलवस्तु, दाङ्ग, देउखुरी, नवलपुर, चितौन, उदयपुर, बाँके, बर्दिया आदि ठाउँमा थारूहरूको पहिरन फरक फरक किसिमको रहेको छ । पुरूषहरू टोपी, भेगवा (धरो), सानोख लङ्गोतीका कछाई, च्यादर अनि चम्पलको रूपमा पौवा जो काठाबाट बनाइएको

हुन्छ, लगाउने गर्दछन् । महिलाहरूमा विवाहित र अभिवाहितको फरक फरक किसिमको भेषभुषा हुन्छ । विवाहित महिलाहरू गुन्या, दाहिनाहा, चुन्या (एउटा-चोली जुन अगाडि क्रस गराएर पछाडि बाँधिन्छ जसमा एक एकवटा तुनामा फुर्का हुन्छन्) यिनीहरूको गुन्या सेतो, साधा कपडा जसमा बुट्टा हुँदैन । त्यसलाई अड्याउन पेटि बाँधिन्छ । माथि चुल्या लगाउँछन् । चुल्यामा टाँक भएको हुन्छ । अविवाहित महिलाहरू (बठनिया) चुल्या (पछाडि फुर्का पारेर बनाएको हुन्छ), गुन्या, पेटी (कालो कपडामा त्यसमा पैसाको हुक राखेर बनाइएको हुन्छ) । कपालमा डोरी, रिवन र जुरो बनाउँछन् । थरूनीहरूको केश विन्यास एकदमै आकर्षक किसिमको हुन्छ । उनीहरूले कपाल सिन्काको सानो फाँडोले कोर्दछन् । अनि जाडो याममा गत्या (पछ्यौरा) ओड्छन् । छातीमा समेत गोदाउने चलन थियो । हाल आएर यस चलनमा निकै कमी आएको छ । तर आजकल भने थारू जातीमा आधुनिकताको धेरै प्रभाव परेको पाइन्छ । नयाँ नयाँ डिजाइनका लुगाहरू लगाउने चलन व्यापक रूपमा कपिलवस्तुका थारूमा रहेको छ । विशेष गरी हरनामपुर, थारू थारू थरूनीहरू पनि परम्परागत भन्दा पनि आधुनिक रूपमा रहेका छन ।तर आफना अग्रजहरू संग भने संगै वसेर आफने संस्कृतिको जगेर्ना पनि गरेको पाइएको छ ।  यसलाइ चित्र नं ७ मा देखाइएको छ ।

थारू महिलाहरू मङग्या (शिरवन्दी), सुत्था, पोते, चाँदी र पैसाको माला रातो, पहेलो टिकुली झिमिलिया आदि गहना लगाउँछन् । हातमा तर्घा, कन्घर्ला (कालो धागोले बनाएका) लगाउँछन् । त्यस्तै कानमा झिमिलिया, घेतौरा कानको माथिदेखि तलसम्म साना मुन्द्री, भुर्की (मारवाडी जस्तो साधा) आदि लगाउँछन् । चाँदीको पैसाको औठी, नाकमा सुनको फुली, नथीया (ठूलो चुरा जत्रो र बीचमा मुङ्गा राखेर बनाइएको हुन्छ, जुन चाडपर्व आदिमा लगाइन्छ), खुट्टामा चाँदीका पाइल चुरवा (यो मोटो आकारमा हुन्छ) चाँदीका विधया लगाउछन् ।पुरूष मानिसले कानमा मुन्द्री लगाउछन् । तर वर्तमान अवस्थामा आएर थारूहरूको भेषभूषा र गहनामा धेरै परिवर्तन आइसकेको छ । जसले गर्दा उनीहरूका भेषभूषा र गहनाहरू केही लोप भरहेका वा लोप हुने अवस्थामा छन् ।

## ५.३ खानपिन

यस क्षेत्रका थारुहरुको खानपान सादा हुन्छ । थारूहरूको खानामा नुन र खुर्सानीको मात्रा बढी हुन्छ भने मसला र तेल अपेक्षाकृत नै हुन्छ तर आजकाल विभिन्न रोगको कारणले

गर्दा धेरै जसो कम छ र साँझ दाल, भात र तरकारी खान्छन् । यिनीहरूले खानामा बढी जाँडको प्रयोग गर्दछन् । खाजामा जाँड, रोटी विशेष खान्छन् भने जाँड नभएमा भातको माडलाई अमिल्याएर भए पनि खान्छन् । यिनीहरूले विभिन्न किसिमका तरकारी बनाएर पनि खाने गर्दछन् । मासुलाई यिनीहरूले शिकार भन्ने गर्दछन् । शिकारमा सुङ्गुर, कुखुरा, माछा पोलेर या पकाएर खानछन् । जाँड र माछा मासु यिनीहरूको सबैभन्दा प्रिय भोजन मानिन्छ । थारूहरूको घरमा जाँड रक्सी अनिवार्य रूपमा हुन्छ । यिनीहरू अरू भन्दा चाडपर्वमा विभिन्न थरीका तरकारी, मासुहरूको परिकार बनाएर खाने गर्दछन् । कहिले काही घर भन्दा बाहिर वा काममा जानुपरेमा जाँड या माड बोकेर जाने गर्दछन् ।

## ५.४ घरेलु उद्योग

थारूहरू प्रायः आफ्नो समाजमा मात्र सीमित रहने र खेतीलाई मात्र जिविकाको आधार मान्ने जात भएको हुनाले सबै प्रकारका सीप सिकेका हुन्छन् । काठका सामान हला-जुवा बनाउने, माटाका भाडा, केटरी,  हेलुका ,कुठला, भकारी, हाडि, गागरा, मच्छा, खटिया, पंखा, छत्री, पिस्तुर, भर्खरी, जाल, जावी,  खोडघी, गुन्द्री, पिटकी, वीणा, ढकिया, भौका आदि सवै आफै तयार पार्छन् । घर बाहिर भित्तामा माटोको सुनदर मूर्ति बनाउँछन् । घारभित्र भित्तामा पनि थरिथरिका चित्रहरू (ज्यूती) बनाउँछन् । जसमा भित्तेचित्र विशेष हुन्छ । हात खुट्टामा अनेक किसिमका राम्रा राम्रा बुट्टा बनाउँदछन् । यिनीहरू नाचगानमा पनि एकदमै रूची राख्ने गर्दछन् । चित्र नं ३मा प्रष्ट पारिएको छ ।

## ५.५ पेशा

थारू समुदायको आय आर्जन गर्ने मुख्य पेशा कृषि हो । थारू समुदायका लगभग ९५% जनसंख्या कृषिमा नै आस्रित रहेका छन् । ९९.५% प्रतिशत महिला कृषि कार्यबाट जीवन निर्वाह गरिरहेका छन् । थारूहरू कृषिलाई नै आफ्नो मुख्य पेशा र आम्दानकिो स्रोत ठान्दछन् । खेतीमातीमा मुख्य रूपमा धानबाली, गहुँ, मसुरी, तरकारी आदिको खेतीमाती गर्दछन् भने पशुपालनमा सुङ्गुर, बाखा, भडा पाल्ने गर्दछन् । भेडाको ऊनबाट विभिन्न किसिमका सामग्रीहरू बनाई बेच्ने गर्दछन् ।तर आजकाल का नयाँ पिढि भने नगद आर्जन गर्ने काममा लागेका छन कसैले निजामति सेवा ,कसैले शिक्षक पेशा त कसैले वैदेशिक

रोजगारी ,कसैले सिलाइ वुनाइका काम समेत गर्ने गर्छन ।यो थारू जाती मा भएको निकै परिवर्तनको रूपमा हेरिन्छ ।

त्यस्तैगरी हस्तकलाका सामग्री जस्तैः डोका, डाला-नाम्ला, सुकुल, ढकिया आदि बुन्ने गर्दछन् । उनीहरूलाई आफूलाई जहिले पनि व्यस्त नै राख्न मन पराउँछन् । आफूले बनाएका विभिन्न सामग्रीहरू बनाई बच्ने पनि गर्दछन् । त्यस्तै हली काम, कमलही, कमैया आदिबाट पनि आय आर्जन गर्दछन् । तर यो प्रथा हराइसकेको छ । त्यस्तै अन्य रोजगारीमा वैदेशिक रोजगार, सरकारी पेशा, अन्य विभिनन थरीका पेशा अपनाएको पाइन्छ । सम्पूर्ण नेपालका थारूहरूमा भौगोलिक, प्राकृतिक तथा सामाजिक कारणले गर्दा केही न केही अन्तर पर्दै गएको देखिनछ ।

## ५.५ थारू जातीका मूर्त संस्कृति परिचान

कपिलवस्तु जिल्लाको हरनामपुर गाँउमा वसोवास गर्ने थारु जातीका मानिशहरुका विभिन्न किसिमका समाज भेषभूषा कला सीप जस्ता कुरा मूर्त संस्कृतिका पहिचान हुन जुन यस प्रकार छन ।

- थारू जाती का समाज
- थारू जातीका भेष भुषा
- घरको वनौट
- थारू जातीका आभूषण
- कला
- चित्र
- मूर्ति कला
- माछा मार्ने जाल,डेलिया ,ढकिया लगायतका वस्तु हरू
- थारू जातीका वाजा हरू लगायतका रहेका छन ।

### ५.५.१ समाज

थारू जातीहरू प्राय अन्य जातीको तुलनामामिहिनेतीक जातीको रूपमा रहेकाछन ।हरनामपुर गाँउमा रहेका थारूहरू प्रायगरी कसिलो पाराले घर वनाएका हुन्छन ।किनकी उनीहरूको समाज एउटा नमूना प्रकृतिको समाज रहेको र आपसमा झै-झगडा नगरी

सद्भाव देखाएर वसेका हुन्छन । थारू जातीमा जातियताको खासै कुरा ल्याउदैनन् । सानतिना कुरामा पनि खासै चासो नराखी आफ्ना दैनिक काममा प्राय तल्लीन हुने समाजको रूपमा थारू जातीको समाजलाइ वुझीएको छ ।

## ५.५.२. घरको वनोट

कपिलवस्तु हरनामपुरमा थारूको घरको वनावट अत्यन्त कलात्मक तरिकाले वनाउने गरेका छन । पुराना घरको महत्व र यसका विशेषतामा विविधता रहेको छ । हरनामपुर, जगदिशपुरका थारू गाँउहरू एकआपसमा प्राय खरले माथिवाट छाएका भित्तामा टाटीको अर्थात खर र रूखका साना हाँगा, पात, बाटाको प्रयोग गरी डोरी राखेर वुनिकन गोवर र माटोले लिपेर गेरू अथवा कमेरो माटोले लिपेर चिटिक्क वनाउने गर्दछन् । जुन घर हेर्दा कलात्मक लाग्ने गर्छ । एक साइडका घरहरू पुर्व फर्केका लस्करै रहन्छन् भने अर्को पट्टिका घर पश्चिम फर्केका लस्करै रहन्छन् । विचमा वाटो रहन्छ र वाटोको दुई छेउमा गाई गोरू वाधेर राख्ने प्रचलन कपिलवस्तुका थारूहरूमा रहेको छ । जगदिशपुर गाँउको पनि त्यस्तै विशेषता छ । लाम्चो परेमा घर र त्यसको अगाडी भगवानका मुर्ति, घोडा,हात्ती राखेर धार्मिक आस्था पनि उत्तिकै देखिन्छ । तर आजकल भने पुराना घरको विस्थापन गरी नयाँ इटाका घर धेरै वनेका हुदै लोप हुने अवस्थामा रहेका छन् ।थारु महिलाहरुले रंगिन माटोको सहयोगले भित्ते चित्र बनाउँछन् । यस चित्रमा गाइको गोबर, अविर, विभिन्न रंगको समिश्रणबाट कोरिन्छ । यसको वारेमा चित्र नं ८ मा प्रष्ट पारिएको छ ।क

## ५.५.३. भेष भुषा :

कपिलवस्तुका थारू जाती मानिसहरूको भेषभुषा पनि सामान्य नै छन् । खासै नयाँ लुगा लगाउने, लुगा फेरिरहने प्रकृती यस भेगका थारूमा छैनन् । तथापी यहाँका थारूले प्राय सामान्य लामा खालका आधी मोडेर गुनियो लगाउछन् भने पुरूषहरूले धोती कपडालाई लगौटी वनाएर पुन अर्को लामो कपडालाई वाहिरवाट लगाएर खुट्टाको विचवाट घुसारेर लगाउने गर्छन् । टायरका बलिया चप्पल र बन्डी प्राय पुरूषले लगाउने गर्छन भने महिलाले बुलाउजहरू धोती लगाउने गर्छन । आजकल भने प्राय नयाँ डिजाइन र फेसनका लुगा लगाउने गर्छन । थारुजातीको भेषभुषाको वारेमा चित्र नं ७ मा प्रष्ट पारिएको छ ।

## ५.५.४. आभुषण

कपिलवस्तुका थारू महिला तथा पुरूषलाई आभुषणका लागि खासै रहर गरेको देखिदैन , प्राय चाडपर्वको  वेलामा विशेषगरी चाँदी र पित्तल,फलामका औठीहरू लगाउने गर्दछन । घाँटीमा चाँदीका आभुषण लगाउछन भने खुट्टामा ठुला-ठुला, मोटामोटा कल्लिहरू लगाउने गर्छन यि आभूषण पुराना वुढापाका महिला तथा पुरूषहरूले लगाउछन तर नयाँ पिडिले भने पहाडिया समुदायसगँ वढि निकटता भएर होला वा आधुनिकताले गर्दा होला नयाँ किसिमका आभूषण गर - गहनाको प्रगोग गर्छन । मंगलसुत्र,नथुनी (नाकमा लगाउने) वालाजस्ता आभूषणको प्रगोग गर्छन । पैसा जस्ता गोला चाँदी फलामका माला लगाउने, मंगलसुत्र जस्तै गरी आभूषणहरू लगाउने कुरा स्थानीय ज्ञानमति थारू बताउँछन् ।यस आभुषण सम्वन्धिी चित्र न. ७ मा प्रष्ट पारिएको छ ।

## ५.५.५ कला

कपिलवस्तुका थारूहरू कला संस्कूतिमा पनि वढि रूचि राख्ने र कलाको विकाश गर्ने , सिपको धनिको रूपमा लिन सकिन्छ । महिला तथा पुरूषले घरमा अगाडीपट्टि घोडा, हात्ती, वाघ लगायतका जीव जनावरको मूर्ति वनाउने गर्छन दुर्गामाताको मूर्ति वनाउने,घरको टाटीमा अनेक तरीकाका वुट्टाहरू वनाई आकर्षण वनाउने गर्दछन यस्ता सिप यहाँका थारू जातीमा छ । हरनामपुर गाँउका थारू जाती मानिस मात्र  नभई कोपवा गाँउ, वनकसिया, जगदिशपुर, विकुली लगायत जिल्लामै थारू समुदायमा यस किसिमका कला छन् । हाते सामग्रीको निमार्ण गर्ने गर्छन र विकि वितरण गर्छन । आकर्षण ढकिया, डालो, छत्तरी, खटिया लगाएतका समान वुनेर नगद आर्जन समेत गर्छन भने काठका कलात्मक वस्तुहरू समेत यस भेगका थारूमा पाइयो । देवी देवताको आकर्षण मूर्तिहरू वनाउने गरी धार्मिक रूपमा समेत अगाडी छन् । त्यती मात्र नभई यहाँका थारू जाती केटा, केटीहरू नूत्यमा पनि अब्वल रहेका छन । हिन्दी, नेपाली लगायत आधुनिक नूत्य तथा गायनमा समेत अब्वल रहेको पाइयो । कला अर्न्तरगत चित्रकला, मूर्तिकला र अन्य कलात्मक वस्तु निर्माणमानै प्राय थारू महिला, पुरूषमा पाइयो । माछा मार्ने जाल बनाउने, टोकरी, ढकिया,

डेलिया, कटिया, भुक लगायतका वस्तुहरू थारूका महत्वपूर्ण कलाका उदाहरण हुन । कलाको लागी महिलानै पुरूषको तुलनामा वढि नै  जानकार भएको पाइन्छ ।

### ५.५.६ बाजाहरू

बाजाको सन्दर्भमा कपिलवस्तु नगरपालिका वार्ड नं. ९ हरनामपुरका थारूप्रयोग गर्ने वाजा प्राय छुट्टै हुदैनन् वाजा अरू जातीले प्रयोग गर्ने वाजालाई नै थारू जातीले आफ्नो वाजाको रूपमा लिएका छन जस्तै

- मादल :प्रमुख वाजामा मादल रहेको छ।प्राय गरी झुमरा नाँचमा वजाइन्छ ।

- ढोलक : छालाको वाजा हो ।र प्राय नाँच गान र नाटक हरू देखायको वेलामा घाटीमा वेरेर वजाउछन ।

- मजुरा

-खैजेडी जस्ता वाजा प्रयोग गर्छन

- हरमोनियम

- झ्याली

थारू जातीको विशेष नृत्य झूमरा नाँच नाँच्दा प्रयोग गर्छन ।

# अध्याय छ

# समाजमा देखिएका थारुजातीका केही परिवर्तन

## ६.१ बसाँई सराइ

मनिस समाजमा वस्ने सामाजिक प्राणी हो ।मानिसको , समुह , समुदाय विभिन्न कारणले एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण हुन्छन । यिनमा कामको खोजी, अवसरको खोजी, सुरक्षा, सरल जीवनयापन, जागिरको सन्दर्भ आदि पर्दछन् । बसाँइ सराइबाट मानिसले आफूले पहिले बसोबास गरेका समाजको संस्कृति, चालचलन, जीवन पद्धति, आर्थिक क्रियाकलापस विसदै जाने र नयाँ परिवेशमा समाहित हुन पुग्छ । यसो गर्दा उसको संस्कृति, जीवन पद्धतिमा पनि परिवर्तन हुनजान्छ । यस सन्दर्भमा यहाँका थारूहरूको जीवनपद्धति, आर्थिक क्रियाकलापमा पनि पविर्तन आएको देखिन्छ । मूल रूपमा दाङ्ग र त्यस बरपरका क्षेत्रहरूमा बाह्य जिल्लाका मानसहरूको यहाँ आगमनले यहाँको थारूहरूको जीवनशैलीमा पनि परिवर्तन आएको देखिन्छ ।

## ६.२ अन्तरजातीय सम्बन्ध

नेपाल धर्म, संस्कृति, जातजाती, भेषभुषा आदिले अनेकतामा एकता भएको देश हो जहाँ तराईदखि पहाडसम्म, हिमालदेखि तराईसम्म जहाँ जुन जातिको बसोबास धेरै हुन्छ त्यहाँ त्यही जातजातीको रहनसहन, संस्कृति अन्य जातजातीले पनि अनुशरण गरिरहेको हुन्छन् । उनीहरूले आफ्नो जातभन्दा बाहिर अन्तरजातीय सम्बन्ध स्थाति गर्न पुग्छन् । एक जातिले आफ्नो जातिभनदा भिन्नै जातिका मानिसहरूसँग बिवाह गर्छन् भने त्यसलाई अन्तरजातीय बिवाह भनिनछ । जस्तैः ब्राह्मण, क्षेत्रीले थारू, मगर, राई आदिसँग बिवाह गरेमा त्यसलाई अन्तरजातीय विवाह भनिन्छ । त्यसले अन्तरजाती सम्बन्ध भेषभुषा, रहनसहन, बसोबास, खानपान आदि सबैमा फरकपन ल्याउँछ । थारूहरूको परम्परा अनुसार उनीहरू भुइँतला भएको, खर वा पाताले छाएको कच्ची लामो, उत्तर दक्षिण लम्बाई भएको घर बनाउने गर्दथे भने हाल ि दुई तीन तल्ले पक्की ईटाले बनाएको घर बनाउन थालेका छन् । परम्परागत घर उनीहरूको लोप हुने अवस्थामा वा प्रायः लोप भइसकेका छन् । त्यसैगरी अरू जातिहरूले पहिरने पहिरन, गरगहनाहरू थारू जातिले अपनाएको पाइन्छ ।

अहिले थरूनीहरू साडी, धोती, ब्लाउज आदि लगाउने गर्दछन् भने गहनामा तिलहरी, चुरा, सिन्दुर आदि लगाउँछन् । यस जातिमा महिला भन्दा पुरूषहरू अझ अरू जातिहरूबाट बढी प्रभावित भएको पाइन्छ । उनीहरू आफ्नो मौलिक पहिरनभन्दा बढी अरू नै पहिरन लगाउन बढी मन पराउन थालेका छन् । त्यसैगरी उनीहरू कामको लागि आफ्नो ठाउँ भन्दा बाहिर नजाने थारूहरू अहिले देश-विदेश जान थालेको पाइन्छ । त्यसैगरी हरनामपुर गाउँ र त्यस वरपरका क्षेत्रमा बाह्य जिल्लाका मानिसहरूको आगमनले गर्दा यहाँका थारूहरू आफ्नो जीवनशैली र अन्तरजातीय सम्बन्ध स्थापित गरेको पाइन्छ ।

## ६.३ शिक्षा तथा चेतना

शिक्षा नै देश विकासको मूल ढोका हो । शिक्षाले नै चेतना दिने काम गर्दछ । जसले गर्दा हरेक गाउँ, सहरमा विद्यालय, क्याम्पस स्थापना भएका छन् । त्यसैले सरकारले मा.वि. सम्मका ,उच्च मा.वि.सम्मको शिक्षा पनि निःशुल्क उपलब्ध गराएको छ । शिक्षाले मानसिको जीवनस्तर, आर्थिक स्थिति, खानपान, सामाजिक रहनसहन, भेषभूषामा पनि परिवर्तन ल्याएको छ । अहिले जुनसुकै उमेरमा पनि मानिसले शिक्षा ग्रहण गर्ने सक्दछन् । जसले गर्दा निरक्षरको संख्यामा कमी आएको छ । थारूहरूमा पनि निरक्षरको संख्यामा कमी आएको छ । शुरूमा वा पहिला पहिला हरनामपुरका थारूहरूमा पढे लिखे कौनकाम हर जोते धाने धान जस्ता उखान वुढा पाकाले सुनाउने गर्दथे  तर हाल तेस्ता उखान हरू हराएको छ र शिक्षा र चेतनाले गर्दा सवै जसो थारू मा परिवर्तन आएको छ । शिक्षा र चेतनाले गर्दा कमहरि प्रथा, जमिन्दारी प्रथा आदि उन्मूलन भएको छ । आजका थारूहरू आफ्नो व्यवसाय, खेतीपानी, नोकरी, वैदेशिक रोजगार आदिमा गर स्वाबलम्बी भएका छन् । कपिलवस्तु जिल्लाका थारूहरूमा पनि शिक्षाको ज्योतीले गर्दा उनीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनस्तर निकै माथि उठेको छ । शिक्षाको विकासले गर्दा उनीहरूको कतिपय अन्धविश्वासमा कमी पनि आउन थालेको छ ।

## ६.४ सरकारी नीतिमा परिवर्तन

नेपालको जनसंख्यामा थारूहरूले ठूलै भाग ओगटेका छन् । थारूहरू तराईका आदिवासी हन् । नेपालको दक्षिण सिमानासम्मको नेपलको उब्जाउ जमिन मैदानमा तराईको पूर्वदेखि पश्चिमसम्म नै छरिएर रहेका छन् । थारूहरूले तराईका कैयौं जङ्गलहरू फडानी

गरी कृषियोग्य तथा उत्पादनशील जमिन बनाई सरकारलाई राजश्व उपलब्ध गराउन उनहरूको महत्वपूर्ण स्थान रहेको छ । तराईको समथर भूमिका मालि मानिएका थारू नयाँ आगन्तुक बासिन्दाका दास बने । राणाहरूको पतनपश्चात अधिकांश थारूहरू मोहिवाल किसान र कमैया बन्न पुगे । जग्गाका मालिक अधिकांश रूपमा पहाडिया टाठाबाठाहरू र प्रशासन संयन्त्रमा पहुँच भएकाहरूको अधिनमा बन्न पुगे । जसले गर्दा सामन्त, शोषक र जमिन्दारहरूले थारूहरूको सोझोपना, इमान्दारिताको अनुचित लाभ उठाए एकदम दुःख, कष्ट दिन थाले । खास गरेर भूमिसुधार कार्यक्रम लागु हुनभन्दा पूर्व अरूका जग्गा कमाउने किसानलाई मोहियानी कह कायम भएको थिएन । तर भूमिसुधार ऐन कार्यक्रम लागू भए तापनि कैयौं थारू किसानहरू मोहियानी हकबाट बञ्चित हुन पुगे । सामन्तहरूको शोषण यति माथिसम्म चलिसकेको थियो कि बञ्चित हुन पुगे । सामन्तीहरूको शोषण यति माथिसम्म चलिसकेको थियो कि भूमिसुधार ऐन लागु भए तापनि मोहियानी हक लागु हुँदैनथ्यो । जसले गर्दा सामन्तीहरूले आफ्नो इच्छा अनुसरा उनै सोझा थारूहरूलाई कमरा, कमारीको रूपमा केनबेच गर्न थाले ।

सन् १९५० को दशकपछि थारूहरूको अवस्थामा आमूल परिवर्तन आउन थाल्यो । १९ औं शताब्दमि नेपाल राज्यको सुदृढीकरण हुन लागेपछि आफ्ना सामाजिक, सांस्कृतिक कामका लागि उनीहरूको पहुँच बढ्न थाल्यो । जसको कारणले विभिन्न थारू समुदायहरूको बीच सम्पर्क पनि बढ्न गयो । त्यसैगरी शासन व्यवस्थामा आएको परिवर्तन सबैभन्दा महत्वपूर्ण परिवर्तन हो जसले गर्दा अनकतामा एकता र सबै जातिहरूमा समान व्यवहार र अधिकारमा जोड दिन थालियो । यसै कुराको आधारमा नेपालको संविधान २०१९ ले कानुनका दृष्टमा सबै नेपाली समान र सार्वजनिक सेवामा नियुक्ति गर्दा नेपाली बीच विभेद गरिने छैन भन्ने कुरा नेपालको संविधान २०४७ ले पनि पुनः सुनिश्चित गर्‍यो । त्यसैगरी औंलो  उन्मूलन कार्यक्रमले तराईमा धेरै कुरामा परिवर्तन ल्यायो । जसले गर्दा नेपालको राजनीतिक विकासक्रम र विकास निर्माणमा एक सकारात्मक कदम थियो । यसैको फलस्वरूप वि.सं. २००४ र २००५ मा परोपकार औषधालय र थारू कल्याणकारिणी सभा नामक संस्थाहरूको स्थापना भए ।

अहिले वर्तमान समयमा सरकारी नीतिको परिवर्तनले गर्दा थारू जातिलाई एक स्वतन्त्र जातिको रूपमा स्थापित गरेको छ । विभिन्न संघ, संस्था, एनजिओ, आइएनजिओले

थारू जातिको उत्थानको कार्यक्रमहरू अगाडि बढाएको छ । अहिले पनि कतिपय थारूहरू कमैया र कमलहरी भएर बसेका छन् । हाल एफ.एन.सी. भनने एक गैरसरकारी संस्थाले गाउँगाउँमा गई कमलहरी भएकाहरूलाई छुटाएर कमलहरी मुक्त क्षेत्र बनाउने गरेको छ । सरकारले पनि देशबाट कमलहरी उन्मूलन गर्ने नीति ल्याएको परिवर्तनले गर्दा त्यस क्षेत्रमा बासिनदाको शिक्षा, चेतना, खानपान, आर्थिक, सामाजिक, राजनैति स्थितिमा परिवर्तन ल्याएको छ । यसको फलस्वरूप  हरनामपुर र त्यस वरिपरीको गाँउमा खासै कमलरी पनि रहेको पाइदैन ।हरनामपुरमा रहेका बासिन्दाहरू त्यसबाट खासै प्रभावमा  रहेका छैनन् । त्यहाँका थारूहरू हाल आफ्नो स्वावलम्बी जीवन व्यतित गरिरहेका छन् ।

## ६.५ राजनीतिक पविर्तन

राजनीति एउटा यस्ता चीज हो जसलाई मानिसले चाहे पनि नचाहे पनि उसलाई प्रत्यक्षा वा अप्रत्यक्षा रूपमा प्रभाव पारिरहेकै हुन्छ । संसारको कुनै पनि प्रणाली यसबाट अछुटो रहन सक्दैनन् किनकि मानिसको हरे क्रियाकलाप राजनीतिसँग जोडिएको हुन्छ । प्रत्येक गाउँ समाजमा राजनीतिको प्रभाव परेको हुन्छ, जसको प्रभाव थारू जातिमा पनि परेको छ । माओवादी जनयुद्धमा धेरै थारूहरूले आफ्नो योगदान दिएका थिए । जमिन्दारको शोषण, सामन्तीहरूको शोषण, सरकारले गरेको दमनबाट कति थारूहरू माओवादी जनयुद्धमा होमिए । जसले गर्दा आज आएर जनयुद्ध सफल भई देशको सत्ता चलाउन सक्षम भएका छन् । त्यसैगरी राजननत्रको अन्त्य भई गणतन्त्रको स्थापना भएपछि थारूहरूको राजनीति गतिविध एकदमै तिव्रगतिमा भयो । कतिपय थारू थरूनीहरू देशका सभासद, मन्त्री भई देशको प्रतिनिधित्व गर्ने अवसरहरू समेत प्राप्त गरे ।

कपिलवस्तु थारूहरूले पनि राजनीतिक परवर्तनबाट आफूलाई उन्नति र प्रगतितिर उन्मूख गराएका छन् । हरनाामपूर जगदिशपुरका थारूहरू पनि आफ्नो गाविसमा प्रतिनिधित्व गरिरहेका छन् । उनहरूले आफै गाउँको विकास, आर्थिकर सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्यारहेका छन् ।

## ६.६ यातायात, संचारको विकास

मानव चेतनशील प्राणी हो । जंगली युगदेखि  ढुंगेयुग देखि आजसम्म आइपुग्नमा विज्ञान प्रविधिको महन्वपूर्ण स्थान रहेको । आज मानव यातायातको सुविधाले गर्दा एक

ठाउको मानिस र अर्को ठाउँको सजिलै पुग्न सक्छन् । त्यसैगरी संचारले गर्दा एक ठाउँको मानिस र अर्को ठाउँको सजिलैसँग कुराकानी र  सम्पर्क गर्न सक्छन् । यति मात्र नभएर मानिस चन्द्रमासम्म पनि पुगिसकेका छन् । यो सबै कुरा मानिसको नयाँ सोचले गर्दा हो । आज देशको हरेक स्थानमा यातायत र संचार पुगेको छ । जसले गर्दा देशको जनताको आर्थिक क्रियाकलापमा प्रभाव पारेको छ । देश विकासको लागि सठक, यातायत, संचार आदि मुख्य विषय हुन् । यातायातको विकास भएपछि मासिन विभिन्न ठाउँमा गएर आर्थिक क्रियाकलाप, बसोबास, नोकरी, शिक्षा आदि लिने गर्दछन् । जसले गर्दा उनीहरू शिक्षा, चेतना, खानपान, बोली व्यवहार, पहिरन, शैली आदिमा सबैमा परिवर्तन आउँदछ । त्यसैगरीक संचारको विकासले गर्दा उनीरू जति टाढा भए पनि एक आपसमा नजिक हुन पुग्छन् । सन् १९७० को दशकपछि कम्प्युटरको विकास र सन् १९९३ मा इमेलको आगमनले विश्वलाई नजिक बनाइएको छ ।

कपिलवस्तु जिल्लामा पनि यातायात र संचारको विकास हुँदै आइरकेको छ । यो जिल्लामा सुदुरपश्चिमलाई जोड्ने महेन्द्र राजमार्ग रहेको छ । यो राजमार्गले लुम्बिनी र राप्ती अञ्चलको सिमानालाई जोड्दछ । त्यसैगरी वनगाइ देखि तिलौराकोट सम्म जोडने गरी वाटो वनाइएको छ ।पक्की वाटो वनाइँदै छ । र सहायक सडक निर्माण भएको छन र कालो पत्रे पनी भइरहेका छन ।  यहाँको धेरैजसो सडकमा कालोपत्रे ओ्छयाइएको पाइन्छ । हरनामपुर गाउँका मख्य सडकहरू कच्ची छन् र विकुली ,कोपवा मा केहि पक्की छन् भने भित्री सडक कच्ची रहेको पाइन्छ । जसले गर्दा पनी  गाउँ गाउँमा यातायातको साधन पुग्ने गर्दछ । त्यसैगरी संचारको विकास पनि द्रुतगतिमा अगाडि बढेको छ । यहाँ टेलिफोन सेवा, मोबाइल सेवा, इन्टरनेट सेवा आदि गाउँ गाउँमा पुगेको छ । यहाँ नेपाल टेलिकम, मोबाइल सेवा, इन्टरनेट सेवा आदि गाउँ गाउँमा पुगेको छ । यहाँ नेपाल टेलिकम, हेलो नेपाल, एन.सेल कम्पनीबाट मोबाइल सेवा र इन्टरनेट सेवा उपलब्ध गराइएको छ । जसले गर्दा गाउँमा हरेकको घरघरमा फोन, मोबाइल सेवाहरू उपलब्ध भएका छन् । यस गाउँका थारूहरू पनि यस सेवाबाट बञ्चित छैनन् ।प्राय जसो मानिशहरूले भिडियो कल गरेर विदेशमा भएका आफना आफन्त संग कुरा कानी गर्न सक्ने भएका छन ,यो सवै प्रविधिको विकाशको परिणाम हो ।, उनहिरूको घरघरमा टेलिफोन सेवा, इन्टरनेट सेवा र मोबाइल फोन उपलब्ध छन् ।

## ६.७ द्वन्द्वको प्रभाव

नेपालमा २०५२ देखि सरकार र सशस्त्र माओवादी बीच भएको द्वन्द्वले सामाजिक जीवनमा ठूलो परिवर्तन ल्यायो । यस प्रकारको द्वन्द्वले यहाँको थारू समाजमा पनि प्रभाव पारेको देखिन्छ । खासगरी महिला, उत्पीडन, छुवाछुट, जातिय , वर्गीय भेद, शोषण सामाजिक बनाटमा प्रभाव पारेको देखिन्छ ।

# अध्याय सात

# सारांश तथा निष्कर्ष

## ७.१ सारांश

लुम्बिनी अञ्चलमा पर्ने ६ जिल्लामध्येको एक कपिलवस्तु जिल्ला एउटा धार्मिक जिल्ला को रुपमा रहेको छ र यहाँ सबैभन्दा प्राचीन जातिका रूपमा रहेको थारू (चौधरी) समुदायको  वसोवास पनि निकै रुपमा रहेका छन । कपिलवस्तु जिल्लाको आफ्नै ऐतिहासिक महत्व रहेको छ । कुनै समयमा कपिलवस्तुका अधिकांश भाग थारू जातिकै विर्ताको रूपमा रहेका थियो भन्ने  भनाइ छ  र दक्षिणी भागमा मधेसी समुदायको बाहुल्यता रहेको कारणले यी जातीको धर्म र संस्कृतिको कुनै बाह्यको प्रभाव परेको पाइँदैन ।  यसो हुँदा पनि थारू जातिको आफ्नो मौलिक तथा बिशिष्ट खालको संस्कृतिले निकै मौलाउने अवसर पाएको देखिन्छ ।

थारूहरू धार्मिक देवताहरूमा अत्यन्त बिश्वास गर्ने गर्दछन् । यी जातिको संस्कृति परम्परा प्रायः महाभारत र रामायणबाट निर्देशित भएको पाइन्छ । सामुहिक भावनाका धनी यी जातिले एक आपसमा सरसल्लाह गरेर नै आफ्नो अनेक रीतिरिवाज, चाडपर्व र परम्पराहरू सम्पन्न गर्ने गर्दछन् । समाजमा आफ्नो जातीय बाहुल्यता रहंदासम्म त्यो जातिको संस्कार, चाडपर्व र रहनसहनमा बाह्य प्रभाव पर्न पाएको थिएन । तर जब पहाडी क्षेत्रहरूबाट अन्य जातजातीका मानसिहरू कपिलवस्तु बसाइ सरेर आउने क्रम बढ्दे गयो तब थारू संस्कृति पनि बाह्य प्रभावबाट अछुतो रहन सकेन । फलस्वरूप बाह्य प्रभाव सबैभन्दा चांडै थारू समुदायको भेषभूष अर्थात् आभुषण, तिनीहरूको संस्कार चाडपर्व मनाउने परम्परामा पर्‍यो भन्दा अत्युक्ति नहोला । भेषभूषाको रूपमा थारू जातिका पुरूषहरूले शीरमा सेतो टोपी, टाउकोमा सेतै फेटा बाँधने गर्दथे । शरीरमा सेतो धोती र कट्टुको रूपमा सेतो कपडाको भेग्वा लगाउँथे । सेतो भोटोको बाहिर कालो रंगको जुवारीकोट पनि लगाउँदथे । यसको अतिरिक्त यस जातिले अरू कपडाहरू प्रयोग गर्दैनथे । दयित थारू महिलाहरूले पनि एकसरो सेतो कपडा गोन्या लगाउंथे भने बाहला नभएको प्रायः कालो रंगको चोली लगाउँथे । साथै बर्कीको गट्या पनि प्रचलनमा थियो ।

यसरी कपिलवस्तु ९ का सबै थारूहरूको एकै प्रकारको सामाजिक, सांस्कृतिक रहनसहन हुँदाहुँद पनि दहित थारूहरूको सामाजिक, सांस्कृतिकर रीतिरिवाज अनि चाडपर्व अरू थारूहरू भनदा अलि बेग्लै किसिमको रहेको पाइन्छ । उनीहरू होली भनाउँदैनन् तर माघी, दशैं, तिहार चैतेदशैं आदि जस्ता चाडपर्वहरू भुमधामसँग मनाउने गर्दछन. । उनीहरू दशैं र तिहारमा आफ्ना सातपुस्ताका पितृहरूलाई पिण्ड दिने गर्दछन् जुन अरू थारूहरूमा पाइँदैन । त्यसैगरी उनीहरूले आफ्नो घरको आँगनमा सानो देवताथान बनाई (मन्दिर) त्यहाँ माटोको घोडाको मूर्ति राखी पुज्ने गर्दछन् । उनीहरूले त्यो घाडा हरेक दशैंमा फेर्ने पनि गर्दछन् ।

## ७.२ निष्कर्ष

मानिसको वसोवास गर्ने ठाँउलाइ समाज भनिन्छ र समाज का क्रियाकलाप पहिरन, हावापानी, नजिकैका समुदायहरूको रहनसहन, आधुनिक रूपमा बिकसित हुँदै गएको प्रविधिको प्रयोग जस्ता कारणहरूले उसको संस्कृतिमा ठूलो परिवर्तन ल्याउँछ । वुढापाका थारु हरु प्रायः सेतो रंगको मात्र कपडा प्रयोग गर्ने भएको हुनाले यो प्रचलन आधुनिक रंगीचंगीको जमानामा धेरै टिक्न नसकेको स्वाभाविकै हो फलस्वरूप थारू भेषभूषा आज थारू समाजबाटै लोप भएर गइसकेका छन् । केही बृद्ध तथा बुढाबुढीहरूमा मात्र आंशिक रूपमा मुस्किलले देख्न पाइन्छ । जसरी भेषभूषामा आधुनिकताको प्रभाव पऱ्यो त्यसैगरी आभुषणमा पनि त्यसको प्रभाव रह्यो । लाहाका चुरा, चाँदीा तऱ्या, लामा लामा पोतेका माला आदि गहनाको ठाउँमा आधुनिक गहना र अन्य जातिको गहना र श्रृंगारहरूले ठाउँ लिएको पाइन्छ । त्यसैगरी थारू समुदायको परम्परागत संस्कार र चाडपर्वमा पनि आजको आधुनिक समाजको प्रभाव परेको पाइन्छ । थारूहरूले बच्चा जन्मेपछि जात कर्म गर्ने परम्परा रहेको छ । तर नाम राख्ने, पास्नी गर्ने प्रचलन छैन । तर आधुकि समाजको र अन्य जातजातीको प्रभावले गर्दा थारूहरूले पनि पास्नी, न्वारण गर्ने संस्कार भने हराउँदै गएको पाइन्छ ।

यसैगरी परम्परागत बिवाह प्रणालीमा पनि आजको समाजको समय सापेक्ष र व्यवहारिक पनि हुन सकेको छैन । फलस्वरू त्यसता परम्परागत संस्कारहरू जीवन्त रहन पनि सकेको छैन । केटा र केटीको सहमती बिना बिवाह हुने, बिवाह घरको थकालीको इच्छा अनुरूप हुने, बाल बिवाहको प्रचलन, सट्टा बिवाह, झागा तिर्ने आदि जस्ता

परम्परागत प्रचलनहरू जसले गर्दा बिवाहको बारेमा केटा वा केटीले कुनै स्वतन्त्र रूपमा सोच्नै नपाउने, बिवाहको लामो प्रक्रिया, जांडरक्सीको अत्यधिक प्रचलन, अनाजको ज्याद खर्च आदि थारू जातिको बिवाह पद्धतीका केहि नकारात्मक पक्षहरू हुन । त्यस्ता नकारात्मक पक्षहरू बदलिंदो समयको साथै परम्परागत शैलीमा परिवर्तन हुंदै आएको छ । थारू जातिहरूमा परम्परागत शैलीमा बिवाह गर्ने प्रचलन बिस्तारै हराउँदै गएको देखिन्छ । आधुनिकता र सरलतालाई अँगाल्नुको साथै अन्य जातिहरूको देखासिकी पनि गरेको पाइन्छ यसै गरी मृत्यु संस्कारमा पनि परम्परागत प्रचलनहरू बिस्तारै हराउँदै गएको पाइन्छ । थारूहरूले मृत्युपछि खाडल खनेर गाँड्ने, जुठो बार्ने आदि कार्यहरूमा अहिले आएको नदीको किनारमा लगेर जलाउने, अन्य जातजातीको अनुशरण गर्दै आएको पाइन्छ ।

त्यसैगरी चाडपर्वहरू मनाउने कुरामा पनि थारूहरूले परम्परागत शैलीलाई पछ्याउनु भन्दा आधुनिक शैली र अन्य जातजातीको चाडपर्वहरूलाई समेत अनुशरण गर्दै आएको पाइन्छ । हाम्रा परम्परागत सामाजिक पद्धति तथा रहनसहनमा धेरै नकारात्मक पक्षहरू देखिए तापनि तिनमा निकै सकारात्मक पक्षहरू पनि मौजुदा थिए । आज हाम्रो समाजमा आधुनिकताको नाममा प्रायः सबै जाति तथा समुदायका संस्कृतिमा बिदेशी तथा पश्चिमी संस्कृतिको अतिक्रमको कारणले बिभिन्न जातीय संमुदायहरूको संस्कृति लोपोन्मुख अवस्थामा पुगेको छ । आजको बिश्वको सामु बैग्लै राष्ट्रको रूपमा नेपाललाई चिनाउन नेपाल मित्रका बिभिन्न जात जातीको मौलिक सांस्कृतिक परम्पराले गर्दा नै हो भने कुरामा दुईमत नहोला । नेपालभित्रका सबै जातजातीको मौलिक संस्कृति बास्तबमै नेपालको सांस्कृतिक निधि हो । थारू समुदाय नेपालको अनेक जातीय समुदाय मध्येको एक हो र आ थारू समुदाय लगायत नेपालका अन्य थुप्रै जातजाती तथा समुदायहरूको लोपोन्मुख अवस्थामा पुगेका संस्कृतिहरूको संरक्षण र सम्बर्द्धन गर्नु अत्यन्त आवश्यक रहेको छ । जुन हाम्रो लागि एक ठूलो चुनौतिको रूपमा अगाडि आएको छ । यसको निम्ति आजका युवापिंढीले समाजका हरेक क्षेत्रमा जागरण, खोज र जगेर्ने गर्नै पर्छ । आफ्नो मौलिक पहिचानलाई कायम गर्नै पर्छ । यो नै आजको समयको माग पनि हो, नेपाल र नेपालीको लागि गौरवमय पहिचान पनि यही हो ।

## सर्न्दभ सामग्रीहरू


अधिकारी, सूर्यमणि,(वि.सं.२०६०), *बाइसेराज्यको इतिहास,र* काठमाडौँः भूँडीपुराण ।

केन्द्रीय तथ्याङ्क विभाग,(वि.सं.२०६८), *घरधुरी सर्वेक्षण निगिलिहवा गा.वि.स. ।*

कोपिला, छविलाल (२०६२), *मौजर गजल संग्रह,*कपिलवस्तु : थारु भाषा साहित्य प्रकाशनले ५० वर्ष पुगेको उपलक्ष्यमा निकालेको स्मारिका ।

गिरी, राम (इ.सं.२०१२),*कपिलवस्तुको चिनारी,*कपिलवस्तु :सैनामैना म्यूजिक प्रा.लि. ।

गौतम, टेकनाथ(वि.सं.२०५०),*राप्ती अञ्चलको इतिहास,*वाराणासीः अजय प्रिन्टर्स ।

घिमिरे, देबेन्द्र (वि.सं.२०५२), *थारू आदिवासी नेपाल,* गोमादेवी चापागाई ।

चौधरी, महेश (वि.सं.२०६४), *नेपालको तराई तथा यसका भूमिपुत्रहरू,*कपिलवस्तुःग्रामीण महिला विकास समाज, पहिलो संस्करण ।

जोशी, हरिराम (वि.सं.२०६०), *नेपालका चाडपर्व,*काठमाडौंः जोशी रिसर्च इन्ष्टिच्यूट, प्रथम संस्करण ।

थारू, फनीश्याम (वि.सं.२०६९), *थारू लोक संस्कृती र चाडवाड,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

थारु, बमबहादुर (वि.सं.२०६७), *रुपन्देहीको थारु समाज र संस्कृति* , रुपन्देही : समता प्रा.लि.

दाहाल, पेशल (वि.सं. २०६०), *पुरातत्वको परिचय,* काठमाडौं : एम.के. पब्लीशर्श एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी, काठमाडौं ।

लामा, चूडादेवसिंह (वि.सं.२०६५), *नेपालका आदिवासी तथा जनजाती संस्कार, एक परिचय,* काठमाडौँः नेपाल तामाङ्ग गुम्बा सेवा केन्द्र, केन्द्रिय कार्यालय

लामिछाने, भरतप्रसाद (वि.सं.२०६३), *थारु संस्कृति र संस्कार,*काठमाडौं : अनुष्ठान प्रकाशन ।

विस्ट,डि.वी.(वि.सं.१९८०), *पिपुल अफ नेपाल,काठमाडौ* : रत्न पुस्तक भण्डार ।

शिवाकोटी ,गोपाल (वि.सं.२०७४),*थारू जातीको विकासक्रम,* काठमाडौ : पैरवी प्रकाशन

।सयपत्री, नेपाल (वि.सं.२०७२), *थारुभाषा विशेषाङ्क,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान् कमलादी ।

सूचना विभाग, (वि.सं.२०३१), *मेचीदेखि महाकाली भाग ४,* सुदूरपश्चिमाञ्चल विकास क्षेत्रः

## परिशिष्ट- क

**अनतरवार्तामा सोधिएका खुल्ला : प्रश्नहरुको सूची**

१.दयित थारू र अन्य थारूहरूमा के भिन्नता छ ?

२.   यहाँ थारु जाती बसोबास गर्ने ठाउँहरू कहाँ कहाँ छन?

३. दयित थारू र अन्य थारूहरूमा के के कुरामा समानता छ ?

४. यहाका थारू के कति संख्यामाछन् ?

५. यहाँका थारूको घरेलू इलममा परिवर्तन आएको छ कि छैन ?

६.  थारूहरूका मुख्य पेशा के के हुन् ?

७. थारूहरू जन्म संस्कार कसरी गर्दछन् ?

८. यिनीहरू वैवाहिक संस्कारका विधि-विधान के कस्ता छन् ?

९. दयित र अन्य थारूमा मृत्यु संस्कार बारे के कस्ता धारणा छन्?

१०.माघी संक्रान्तिलाई थारूहरू किन महत्व दिन्छन् ?

११. यहाँका थारूहरूका मुख्य संस्कार र चाडपर्व के के हुन् ?

१२. २०६२/०६३ को परिवर्तनले ल्याएको परिणाम कस्ता छन् ?

१३. सशस्त्र द्वन्द्वले ल्याएको सकारात्मक परिवर्तन बारे के धारणा छ ?

# परिशिष्ट-ख

**अध्ययन अनुसंन्धानको क्रममा शोधकर्ताले अन्तरवार्ता लिएका सम्बन्धितविज्ञ तथा ज्ञाताहरूका नामावली**

| क्र.सं. | नाम | उमेर | ठेगाना |
|---|---|---|---|
| १. | थारूउदयराज राज | ६१ | हरनामपुर |
| २. | थारुखोजु | ५५ | हरनामपुर |
| ३. | चौधरीगोपाल ५० | हरनामपुर | |
| ४. चौधरी छविलाल | | ४१ | ज्गादिशपुर |
| ५. | चौधरी बिरवहादुर३८ | जगदिशपुर | |
| ६. | भाँगु थारु | ५८ | विकुली |
| ७. | चौधरी महेश | ६२ | कोपवा |
| ८. | चौधरीमहारथी४२ | कोपवा | |
| ९. | चौधरी महेश | ४२ | कोपवा |
| १० चौधरी मनुमाँया | | ५१ | कोपवा |
| ११चौधरी माधव बहादुर | | ५५ | जगदिशपुर |
| १२चौधरी लक्ष्मण | ५९ | हरनामपुर | |
| १३चौधरी लिल वहादुर | | ३५ | हरनामपुर |
| १४चौधरी सुमित्रा ३६ | | हरनामपुर | |
| १५चौधरी | हस्त वहादुर ५५ | कपिलवस्तु | |
| १६. | थारु ज्ञान वहादुर ५४ | | हरनामपुर |

# परिशिष्ट ग

## यस शोध पत्रमा प्रयोग  भएका थारु भाषाको शब्दहरुको संक्षिप्त अर्थ ।

| | |
|---|---|
| कटिया | - बल्छी लगाउने कार्य |
| कान्जे हाउस | - गाई भैसी राख्ने ठाउँ |
| चोखा | - माछा वा मासुको चटनी |
| छत्तरी | - पानी परेको बेला ओड्ने छाता जस्तो वस्तु |
| डेहरी | - धानराख्ने माटोको भकारी |
| डेलिया | - बाँसबाट बनाएको माछा राख्ने भाँडो |
| ढिकरी | - चामलको पिठोबाट बनाएको एक प्रकारको खानेकुरा |
| वडघर | - गाउँका मानिसले चुनेको मुख्य मानिस |
| भूक | - माछा मार्ने पासो |
| महतो | - चुनिएको मुख्य मानिस |
| हल्दी | - बेसार |
| हेलुका | - माछामार्न प्रयोग गर्ने धागोको जालीक |
| हौडी | - माटोको भाडो |




चित्र नं १ नेपालको नक्सामा कपिलवस्तु जिल्ला

चित्र न. २ थारुनी महिला हरु माछा मार्न हेलुका वोकेर जादै ।



चित्र न.३ घर को वनावट




चित्र न ४ थारु नाँच मा प्रतियोगि



चित्र नं ५ माछा मार्दै महिलाहरु




चित्र नं ६ थारु आभुषण लगाएका महिलाहरु नृत्य गर्दै



चित्र नं ७ थारु जातीका घरका वनावट